ॐ

श्रीमते रामानुजाय नमः

भगवद्-रामानुजाचार्य-अवतार(जन्म)सहस्राब्दी महोत्सव
(२०७३/०७४)को पावन अवसरमा प्रकाशित

# श्रीरामानुजाचार्य एवम् विशिष्टाद्वैत दर्शन



प्रकाशक

**श्रीवैष्णव परिषद्, नेपाल**






भगवद्-रामानुजाचार्य जन्मसहस्राब्दी महोत्सवको पावन
अवसरमा राष्ट्रव्यापी धर्मजागरण रथयात्रा-२०७३/०७४

श्रीमते रामानुजाय नमः

**भगवद्–रामानुजाचार्यको अवतार(जन्म) सहस्राब्दी महोत्सव (२०७३/७४)को पावन अवसरमा प्रकाशित**

# श्रीरामानुजाचार्य एवम् विशिष्टाद्वैत दर्शन

सङ्कलक/सम्पादक
प्रकाशन उपसमिति
श्रीमद्–रामानुजाचार्य जन्मसहस्राब्दी महोत्सव

प्रकाशक
श्रीवैष्णव परिषद्, नेपाल

**प्रकाशन उपसमिति/सम्पादक समूह**

| | | |
|---|---|---|
| संयोजक/प्रधान सम्पादक | : | **डा. रघुनाथ नेपाल** |
| सदस्य/सम्पादकहरू | : | **हरिलाल पौडेल** |
| | | **भवानीप्रसाद मिश्र** |
| | | **लक्ष्मण आचार्य** |
| | | **उपेन्द्र दाहाल** |
| | | **तुलसी पौडेल** |
| कृति | : | श्रीरामानुजाचार्य एवं विशिष्टाद्वैत दर्शन |
| प्रकाशक | : | श्रीवैष्णव परिषद्, महिला परिषद् एवं युवा परिषद् नेपाल |
| प्रकाशन मिति | : | भगवद्–रामानुजाचार्यको जन्मसहस्राब्दी (१०००औं जन्म–जयन्ती)को पावनअवसर(२०७४) |
| सर्वाधिकार | : | प्रकाशक तथा सम्पादक समूहमा निहित |
| संस्करण | : | प्रथम |
| पुस्तक प्रति | : | ३००० |
| मूल्य | : | ने.रु. १००/– |
| पुस्तक प्राप्ति स्थान | : | श्रीवैष्णव परिषद्, नेपाल<br>केन्द्रीय कार्यालय, कुमारीमार्ग, खरिबोट, बत्तीसपुतली, काठमाडौँ<br>फोनः ०१–४४९२१८५ |
| कम्प्युटर संयोजन | : | तुलसी पौडेल |
| मुद्रक | : | क्वालिटी प्रेस<br>भरतपुर, चितवन, ०५६–५२६७०१ |

श्रीमते रामानुजाय नमः

जि.प्र.का. दर्ता नं.: १२/२०४२/४३

**श्रीवैष्णव परिषद नेपाल**

मैतिदेवी (श्रीगोदा-वेणुगोपाल मन्दिर परिसर) काठमाडौं, फोन नं.: ४४२३५२९

पत्र संख्याः
चलानी नं.:

मितिः २०७३।१२।२०

# प्रकाशकीय

जगद्‌गुरु श्रीभाष्यकार रामानुजाचार्यको सहस्राब्दी संपूर्ति (१०००औं जन्म–जयन्ती) महोत्सवको पावन अवसरमा **श्रीरामानुजाचार्य एवं विशिष्ट्यद्वैत दर्शन** नामक परिचयात्मक पुस्तकको प्रकाशन गर्न पाउँदा अत्यन्त हर्ष लागेको छ। आजभन्दा एक हजार वर्ष पहिले दक्षिण भारतको तमिलनाडु राज्यको श्रीभूतपुरी(श्रीपेरुम्बुदुर्)मा श्रीमद्–भगवद्–रामानुजाचार्यले अवतार लिएर वैदिक सनातन धर्मको संरक्षण/संवर्धनसँगै विशेषरूपमा तदन्तर्गत भक्ति/प्रपत्तिमार्गको प्रचार–प्रसार गरी सम्पूर्ण लोकको कल्याण गर्नुभएको छ। यस्ता सकल जीवोद्धारक आचार्यको महान् उपकारलाई स्मरण गर्दै आज विश्वभरी नै **श्रीरामानुजाचार्य जन्मसहस्राब्दी महोत्सव** धूमधामसँग मनाइँदै छ। यसैक्रममा हामी नेपालवासी श्रीवैष्णवहरूले पनि विभिन्न कार्यक्रमहरू गरी महोत्सव मनाउँदै छौं। एक महिनाको मेची–महाकाली धर्मजागरण रथयात्रा सहित ५दिवसीय सहस्राब्दी महोत्सव (२०७३/७४) नेपालकै सुप्रसिद्ध तीर्थ देवघाटधाममा गर्नुका साथै देव देश–विदेशमा रहनुहुने सम्पूर्ण नेपालीभाषी पाठकहरूलाई श्रीरामानुजाचार्यको वैभव (महिमा) अवगत गराउने पवित्र उद्देश्यले विभिन्न ग्रन्थहरूको नेपालीभाषानुवाद सहित सम्पादन गराई प्रकाशन गर्ने संकल्प पनि युवा परिषद्, महिला परिषद् सहित श्रीवैष्णव परिषद्ले लिएको छ।

यसैक्रममा परिषद्ले वैदिक सनातन धर्मका अन्तराष्ट्रिय प्रचारक, न्याय–व्याकरण–सर्वदर्शनाचार्य, युवा विद्वान्, **उपप्रा.डा.रघुनाथ**

**नेपालज्यू**को संयोजकत्वमा न्याय–व्याकरण–वेदान्त–सर्वदर्शन आदि विभिन्न विषयहरूका विशिष्ट विद्वान्हरू **उपप्रा.श्री हरिलाल पौडेल, उपप्रा. श्री भवानीप्रसाद मिश्र, उपप्रा. श्री लक्ष्मण आचार्य, उपप्रा. श्री उपेन्द्र दाहाल एवं प्र.अ.श्री तुलसी पौडेल** सदस्य रहनुभएको एक प्रकाशन उपसमिति गठन गरी श्रीरामानुजाचार्यको जीवन चरित्र एवं विशिष्टाद्वैत दर्शनसँग सम्बद्ध विभिन्न ग्रन्थहरूको नेपालीभाषानुवाद सहित सम्पादन गरी प्रकाशन गर्न जिम्मेवारी दिएको छ। जसमध्ये सर्वप्रथम विशिष्टाद्वैत सिद्धान्तका प्रवर्तक श्रीरामानुजाचार्यको पावन जीवन–चरित्र र उहाँद्वारा प्रवर्तित विशिष्टाद्वैत दर्शनका बारेमा अत्यन्त परिश्रमपूर्वक विभिन्न प्रामाणिक ग्रन्थहरूको अध्ययन गरेर विद्वान् गुरुहरूले सरल नेपालीभाषामा बोध गराउन यो परिचयात्मक लघु पुस्तिका तयार गरी प्रकाशनमा ल्याउनु भएको छ।

यसबाट सर्वसाधारण जनहरूले सजिलैसँग श्रीरामानुज स्वामीजीको जीवन चरित्र र विशिष्टाद्वैत सिद्धान्तको ज्ञान गर्न सक्नुहुनेछ भन्ने विश्वास लिइएको छ। यसरी नै श्रीरामानुजाचार्य स्वामीजीसँग सम्बद्ध विभिन्न ग्रन्थहरूको सम्पादन हुँदै जाऊन् भनी भगवान् श्रीमन्नारायणसँग प्रार्थना गर्दै यस महनीय कार्यमा लाग्नुहुने सम्पादक समूहका सदस्यहरू सहित प्रत्यक्ष–अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावलाई हार्दिक साधुवाद प्रदान गर्दछौं।

॥ जय श्रीमन्नारायण ॥

श्रीवैष्णव परिषद्, नेपाल
श्रीवैष्णव महिला परिषद्, नेपाल
श्रीवैष्णव युवा परिषद्, नेपाल

श्रीमते रामानुजाय नमः

# मंगलानुशासनम्

## श्रीभाष्यकार स्वामीजीको उपकार स्मृति

उभय विभूतिनायक, वात्सल्य–सौशिल्यादि–गुणगण समलङ्कृत सर्वेश्वर परं ब्रह्म परमात्मा श्रीमन्नारायण भगवान्का सत्सङ्कल्प अनुरूप सृष्टिमा आएका अनन्त जीवात्माहरूलाई मुक्ति प्रदान गर्नको निमित्त समय–समयमा स्वयं वैकुण्ठनाथ भगवान् नारायण नै राम, कृष्ण वामन आदि स्वरूपमा एवं सर्वसुलभ अर्चाविग्रहको रूपमा अवतरित भएर वैदिक सनातन धर्मको संरक्षण गर्दै अनेक शरीररूपमा रहेका जीवात्माहरूलाई दर्शन–स्पर्शन प्रदान एवं उपदेश दिनुहुन्छ । तथापि आसुरि प्रवृत्तिमा लागेका प्राणीहरू ईश्वरमा समर्पित हुनु त परै जाओस् उल्टै निन्दा विरोधमा प्रवृत्त भएका हुन्छन्। यस स्थितिमा स्वयं भगवान् नै चिन्तित बन्नुहुन्छ। यस अवसरमा श्रीवैकुण्ठनाथ भगवान्का दिव्य पार्षदहरू नै भगवद्–आज्ञा प्राप्त गरेर यस धरातलमा आचार्यको रूपमा अवतरित हुनुहुन्छ। वैकुण्ठ सेनानी श्रीविष्वक्सेन नै कलिको आदिमा श्रीशठकोप नामले प्रकट भएर श्रीसहस्रगीति दिव्य द्राविण प्रबन्धको माध्यमबाट भक्ति/प्रपत्तिरूप सुलभमार्गको उपदेश प्रदान गर्नुभयो एवं अन्य भगवद्पार्षदहरूले पनि अवतार लिएर प्रपत्तिमार्ग श्रीवैष्णवसम्प्रदायको दिग्दर्शन गर्नु–गराउनु भयो । त्यसपछि स्वयं लक्ष्मीनाथ भगवान् नारायणबाट प्रवर्तित श्रीवैष्णव संप्रदायको यस कलियुगमा दिगन्त व्यापक बनाउन भगवान्का सर्वविध कैंकर्य सम्पन्न गर्ने अनन्त शेष नै कुनै सौभाग्यशालीलाई माता–पिता बनाएर दक्षिण भारतमा प्रकट हुनुभयो।

जगदाचार्य पदासीन श्रीभाष्यकार श्रीरामानुजाचार्य स्वामीजीका कृपाप्रसादको फलस्वरूप हामी नेपालवासीहरूले यस सम्प्रदायमा सदाचार्यबाट दीक्षित भएर जगदाचार्य सर्वमान्य स्वामीजीको सहस्राब्दी महोत्सव मनाउने शुभ अवसरमा प्राप्त गरेका छौं। यस्ता हामी श्रीवैष्णवहरूका सर्वस्व स्वामीजीका दिव्य आज्ञा समग्ररूपमा परिपालन गर्नु आवश्यक हुन्छ/**पालन गरौं ।**

यस्ता वैदिक सनातन धर्मका प्रमुख आचार्य श्रीमद्–भगवद्–रामानुजाचार्य स्वामीजीको जन्म सहस्राब्दीको पावन अवसरमा परिषद्कै अन्तर्गत बनेको प्रकाशन उपसमिति तथा सम्पादक समूहले धेरै परिश्रमका साथ श्रीरामानुज स्वामीजीको पावन जीवनचरित्र एवं उहाँबाट प्रवर्धित विशिष्टाद्वैत दर्शनलाई प्रकाशनमा ल्याएको थाहा पाउँदा अत्यन्त हर्ष लागेको छ। यसले **श्रीरामानुज स्वामीजीको जीवनचरित्र एवं सिद्धान्तलाई बुझ्न सजिलो हुन्छ भन्ने विश्वास लिँदै भविष्यमा पनि यस प्रकारका कार्यहरू यस प्रकाशन समितिद्वारा हुँदै जाउन्** भन्दै भगवान् श्रीलक्ष्मीनारायणसँग प्रार्थना एवं यस कार्यमा लाग्नु हुने सबैलाई मंगलानुशासनम् –

श्रीभाष्यकार स्वामीजीको चरणरज अकिञ्चन

देवराज आचार्य

देवराज आचार्य

# सम्पादकीय

परब्रह्म परमात्माको लीलाविभूतिरूप यस धराधाममा अवतार लिएर आउनुहुने सबै महापुरुषले आफ्ना पवित्र आचरण र दिव्य उपदेशबाट सन्मार्ग प्रदर्शन गर्नुहुन्छ। गुणग्राही निर्मत्सर व्यक्तिहरूले महापुरुषका यस्ता आदर्शमय जीवनचरित्र र महनीय उपदेशबाट सन्मार्ग प्राप्त गरी आफ्नो जीवनलाई सफल बनाउँछन्। त्यसैले नै सन्मार्गका प्रदर्शक वेदादि शास्त्र जत्तिकै महापुरुषका यी पावन चरित्र र दिव्य उपदेश पनि विवेकी पुरुषका लागि उत्तिकै ग्राह्य र मननीय हुन्छन्, किनभने सद्धर्मको उपदेश गर्ने सम्पूर्ण गहन शास्त्रहरूको सारलाई आफूले बुझेर तदनुरूप आचरण भएका यी पावन चरित्र र उहाँका सदुपदेशहरू पनि स्वयम् सत्-शास्त्र नै हुन् भन्दा अतिशयोक्ति नहोला। यसरी सबैका लागि पथप्रदर्शक बनेर कल्याण गर्नु नै भगवदंशभूत महापुरुषका अवतारको मुख्य प्रयोजन हो। अतः हामीले यस्ता महनीय चरित्रलाई बारम्बार पढनुपर्दछ, सुन्नुपर्दछ र मनन गर्नुपर्दछ।

अनादिकालदेखि संसारमा फसेर अनेकौं दुःख-कष्ट भोग्दै गरेका जीवात्माको उद्धार गर्नका लागि परम दयालु भगवान्ले नै शास्त्रहरूका माध्यमले सनातन धर्म-अन्तर्गतको सर्वसुलभ भक्ति-प्रपत्तिमार्ग प्रदर्शन गर्नुभयो। यस सरल सुगम भक्ति-प्रपत्तिधारालाई साधुसन्त महापुरुषहरूले समय-समयमा अवतार लिएर प्रकट गर्दै आउनुभएको छ। सत्य आदि युगमा प्रह्लाद, ध्रुव, शबरी, गोपी आदि भक्तहरूले गरेको पराभक्तिरूप मार्गलाई नै कलियुग सुरु भएपछि दक्षिणभारतमा आउनुभएका आल्वार् नामले प्रसिद्ध भगवद्-भक्त सन्त महापुरुषहरूले जन-जनमा पुऱ्याएर संवर्धन गर्ने कार्य गर्नुभयो। त्यसपछि श्रीनाथमुनि, श्रीयामुनमुनि आदि आचार्यहरूले फैलाउँदै लगेको यस सर्वसुलभ मार्गलाई श्रीरामानुजाचार्यले वेद, ब्रह्मसूत्र, गीता आदि ग्रन्थहरूको यथार्थ निरूपण गर्ने प्रकट गर्ने प्रामाणिक भाष्यग्रन्थहरूको प्रणयनद्वारा विशिष्टाद्वैतसिद्धान्तको संरक्षण तथा संवर्धन गरी दिगन्तव्यापी बनाएर सर्वलोकहितैषी महान् कार्य गर्नुभयो।

वैदिक शास्त्रको मर्यादा राख्दै **"ईशा वास्यमिदम्, वासुदेवः सर्वम्"**

यस्ता वेद निर्दिष्ट लोककल्याणकारी वैदिक सिद्धान्तको अनुसरण गर्दै श्रीरामानुजाचार्यले **सबै पदार्थ भगवान्का अधीनमा छन्** र **सबैमा भगवान्को वास छ** भन्ने उदात्त भावनाबाट अभिप्रेरित भएर सबैले भगवद्–भक्तिप्रपत्तिद्वारा आत्मकल्याण गर्न सक्दछन् भनेर वेदादि शास्त्रद्वारा प्रतिपादित यस भक्ति–प्रपत्तिधारालाई सर्वसुलभ बनाउनुभयो, जसले गर्दा आज उहाँको प्रादुर्भाव भएको हजार वर्षसम्म पनि यो धारा अविच्छिन्न रूपमा दिनानुदिन विश्वभरि नै फैलिँदै आएको छ। अतः उहाँको यस महान् उपकारलाई सनातन धर्मावलम्बी सबैले स्मरण गर्दै आज विश्वभरि नै **सहस्राब्दी संपूर्ति महोत्सव** (१०००औं जन्मजयन्ती) धूमधामसँग मनाइँदै छ।

यसै क्रममा सनातन धर्मसंस्कृतिको मूलस्रोतको रूपमा चिनिएको, ऋषिमहर्षिको साधनास्थलका रूपमा परिचित, हिमालयका काखमा स्थित यस पावनभूमि नेपालमा पनि श्रीरामानुजाचार्यले गर्नुभएको वैदिकधर्मको संरक्षण/संवर्धन एवं तदन्तर्गत भक्ति/प्रपत्तिमार्गको प्रचार/प्रसाररूप महान् उपकारलाई स्मरण गर्दै वैदिक सनातन धर्मावलम्बी हामीले अतिहर्षका साथ सहस्राब्दी महोत्सव मनाउँदै छौँ। श्रीरामानुजाचार्यका वैभव बढाउने विभिन्न कार्यहरूमध्ये प्रमुख कार्य उहाँद्वारा विरचित ग्रन्थहरूको अनुवाद सहित प्रकाशन, **रामानुज सन्देश पत्रिकाको सहस्राब्दी महोत्सव स्मारिकारूप** विशेषाङ्कको प्रकाशन एवं उहाँको पावन चरित्र र दिव्य उपदेशहरूलाई समेटेर सरल नेपाली भाषामा **श्रीरामानुजाचार्य एवं विशिष्टाद्वैतदर्शन** नामक एउटा स्वतन्त्र परिचय पुस्तकको पनि सम्पादन गरी प्रकाशन गर्न श्रीवैष्णव परिषद्, महिला परिषद् र युवा परिषद्बाट हामीलाई जिम्मेवारी प्राप्त भयो।

यसमध्ये सर्वप्रथम परिचय पुस्तिक तयार पार्ने कार्यमा हामी संलग्न भयौँ। हजार वर्षअघिका भगवदंशभूत महापुरुषको जीवनचरित्र लेख्ने कार्य त्यति सजिलो थिएन, किनकि विषयको(त्यस समयका घटनाको) पर्याप्त जानकारी हुने आधारहरू धेरै हुँदैनन्। तैपनि विभिन्न प्रकाशित ग्रन्थहरू र आप्तपुरुषहरूको सल्लाह–सुझावलाई आधार बनाई यसलाई सकेसम्म प्रामाणिक एवं राम्रो बनाउने प्रयास गरिएको

छ। जसअनुसार सामग्री सङ्कलन गर्न श्रीरामानुज स्वामीजीकै साक्षात् शिष्य **श्रीगरुडवाहन स्वामीजी**द्वारा विरचित **दिव्यसूरिचरितम्** (१७–१८ सर्ग) तथा **श्रीआन्ध्रपूर्ण स्वामीजी**द्वारा विरचित **यतिराजवैभवम्**लाई मुख्य आधार बनाइएको छ भने सोह्रौँ शताब्दीका **श्रीअनन्ताचार्य**द्वारा विरचित **प्रपन्नामृत** लगायत अन्य केही हिन्दी तथा नेपाली भाषामा प्रकाशित पुस्तकहरूलाई पनि सन्दर्भ ग्रन्थहरूको रूपमा लिइएको छ । विभिन्नकालमा छुट्टा छुट्टै शैलीमा लेखिएका ती ग्रन्थहरूमा घटनाप्रसंगहरू पनि भिन्न–भिन्न प्रकारकै भेटिएकाले वास्तविकता छुट्याउन निकै कठिनाइ भयो । यसअवस्थामा हामीले सकेसम्म स्वामीजीकै साक्षात् शिष्यहरूद्वारा लेखिएका ग्रन्थहरूलाई प्राथमिकतामा राखेर पूर्णता दिने प्रयास गरेका छौं। यसअवस्थामा बाल्यकालदेखि नै दक्षिण भारतमा रहेर उभय वेदान्त (संस्कृत उपनिषद् आदि शास्त्र र द्राविड दिव्यप्रबन्ध)को साङ्गोपाङ्ग अध्ययन गर्नुभएका आधिकारिक विद्वान्, महात्मा **श्रीकृष्णमाचार्य** स्वामीजीबाट हामीलाई प्राप्त विशेष मार्गदर्शनले विषय व्यवस्थापन गर्न र कैयौँ विषयको शङ्का समाधान गर्न पनि महत्त्वपूर्ण सहयोग भयो। यसका साथै दक्षिण भारतमै रहेर द्राविडप्रबन्ध सहित सम्पूर्ण वैदिक शास्त्रको गहन अध्ययन गर्नुभएका अर्का विद्वान् **प्रा.डा.श्री पुरुषोत्तम नेपालज्यू**बाट पनि केही विषयको शङ्कासमाधानमा सहयोग मिल्यो।

जीवन चरित्र भन्दा पनि वेदान्त शास्त्रका गहनतम विषयहरूलाई नेपालीभाषामा लेख्न झन् गाह्रो थियो । तर पनि हामी सबैका प्रेरणाका स्रोत, मार्गदर्शक, भक्तिज्ञानवैराग्यसम्पन्न, परमपूज्य **श्री जगन्नाथाचार्य** (वृन्दावन रंगमन्दिरमा रहनुहुने गुरुजी) एवं उहाँकै कृपाद्वारा मिल्नुभएका दक्षिणभारत मैसुरनिवासी, भारतराष्ट्रपतिबाट पुरस्कृत, दार्शनिक जगत्का अद्वितीय विद्वान्, पण्डितरत्नं **श्रीके.एस्. वरदाचार्य** स्वामीजीसँगको अध्ययनकालमा प्राप्त सान्निध्य र शुभाशिर्वादले केही विषयहरू संग्रह गर्न सकियो र अहिले संकलन गरेका ती विषयहरूलाई अन्तिमरूप दिन श्रीवैष्णव समुदायका अभिभावक, वयोवृद्ध एवं ज्ञानवृद्ध, उभयवेदान्ताचार्य, **अनन्तश्रीविभूषित त्रिदण्डी**

**शठकोप (परांकुशाचार्य) जीयर् स्वामीजी** एवं हामी सबैका प्रेरक, श्रीवैष्णव परिषद् नेपालका अध्यक्ष, विशिष्ट विद्वान्, आबालब्रह्मचारी **कविराज श्रीदेवराजाचार्य स्वामीजी** लगायत वेदान्तादि शास्त्रका विशिष्ट विद्वान्हरू स्वामी **श्री जगन्नाथाचार्य(कंडेल)**लंकृ, स्वामी **श्री श्रीनिवासाचार्य(कंडेल)**लंकृ, स्वामी **श्री नारायणाचार्य,** सहस्रधारा आदि आचार्यहरूले दिनुभएको सल्लाह–सुझाव सहितको विषय संशोधनबाट यो ग्रन्थाकार हुन सक्यो ।

यस परिचय पुस्तिकालाई २०७३/०७४ को चैत्र १ गतेदेखि वैशाख ५ गतेसम्म आयोजित राष्ट्रव्यापी धर्मजागरण रथयात्रा पश्चात् प्रसिद्ध तीर्थस्थल देवघाट धाममा श्रीरामानुजाचार्यको वैभव विग्रह (विशाल मूर्ति) स्थापना सहितको सहस्राब्दी महोत्सवको शुभ–अवसरमा नै सम्पूर्ण भक्तजनका हातमा पुऱ्याउनुपर्ने बाध्यता भएकाले हामीले शीघ्रताका साथ कार्य सम्पन्न गर्नुपऱ्यो, जसले गर्दा यसमा केही त्रुटिहरू रहन गएका होलान्। विद्वान्हरूबाट आएका सुझावहरूलाई हामी अर्को संस्करणमा संशोधन गरी प्रकाशन गर्नेछौं ।

श्रीमद्–भगवद्–रामानुजाचार्य स्वामीजीको पावन जीवन चरित्र र विशिष्टाद्वैत दर्शनको लेखनरूप महान् कार्य गर्ने अवसर प्राप्त भएकोमा हामी अत्यन्त हर्षित छौँ र उक्त अवसर प्रदान गर्ने श्रीवैष्णव परिषद्, महिला परिषद् एवं युवा परिषद् नेपालप्रति आभार प्रकट गर्दछौँ । साथै विषयवस्तु सङ्कलनका क्रममा आएका विभिन्न शङ्काहरूको समाधानसहित परामर्श दिनुहुने श्रीकृष्णमाचार्य स्वामीजी लगायत सबै आचार्यहरूप्रति हार्दिक कृतज्ञता सहित वन्दन गर्दछौँ । यसरी नै यो ग्रन्थ सम्पादन गर्न प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण आचार्यहरू र भक्तभागवतहरूप्रति पनि आभार व्यक्त गर्दछौं ।

अन्त्यमा–

**न ह्यत्रातीव कर्तव्यं दोषदृष्टिपरं मनः ।**
**दोषो ह्यविद्यमानोऽपि तच्चित्तानां प्रकाशते ॥**

जय श्रीमन्नारायण !!

सम्पादक समूह

# विषयसूची

## जीवन–चरित्र खण्ड


| शीर्षकहरू | पृष्ठसंख्या |
|---|---|
| **जीवन–चरितम्, (संस्कृतमा)** | १ |
| १) भक्ति–प्रपत्तिमार्गको पीठिका | ३ |
| २) भक्तिमार्गका आचार्यहरू | ५ |
| ३) श्रीसम्प्रदायको परम्परा एवं आचार्यहरू | ७ |
| ४) श्रीरामानुजाचार्य प्रादुर्भावको पृष्ठभूमि | १० |
| ५) प्रादुर्भाव (जन्म) एवं शिक्षा | १२ |
| ६) ब्रह्मराक्षसविमोचन एवं यादवप्रकाशको दुर्भावना | १५ |
| ७) श्रीयामुनाचार्यको श्रीरामानुजसँग भेट्ने इच्छा एवं उहाँको वैकुण्ठ गमन | २० |
| ८) काञ्चीपूर्णका माध्यमले भगवान्बाट तत्त्वोपदेश | २२ |
| ९) महापूर्णाचार्यबाट श्रीवैष्णवीय दीक्षा एवं शिक्षा | २३ |
| १०) सन्यास ग्रहण एवं धर्मप्रचार | २४ |
| ११) श्रीरंगम्मा सुव्यवस्था एवं गोविन्दको उद्धार | २६ |
| १२) आचार्यहरूबाट रहस्यार्थ ग्रहण | २८ |
| १३) शिष्यहरूलाई रहस्यार्थ प्रदान | २९ |
| १४) यज्ञमूर्तिसँग शास्त्रार्थ | ३० |
| १५) वेंकटाद्रिको यात्रा एवं रामायण रहस्यार्थ ग्रहण | ३१ |
| १६) ब्रह्मसूत्रभाष्य रचना एवं पराशर भट्टर्को जन्म | ३३ |
| १७) दिग्विजय एवं मठ–मन्दिरहरूको व्यवस्थापन | ३७ |
| १८) चोलराज कृमिकण्ठको प्रसङ्ग | ४० |
| १९) श्रीयादवाद्रि(मेलुकोटे) निवास | ४३ |
| २०) श्रीकूरेश स्वामीजीको वैभव | ४५ |

२१) श्रीरङ्गम् आगमन एवं आल्वार्हरूको प्रतिष्ठा ४६
२२) ७४ पीठको स्थापना एवं ७२ वाक्यको उपदेश ४८
२३) वैकुण्ठ गमन ५०
२४) उपसंहार ५३

## विशिष्टाद्वैत दर्शन खण्ड

१) विशिष्टाद्वैत सिद्धान्त प्रतिपादक केही श्लोकहरू ६२
विशिष्टाद्वैत–वेदान्तसार
२) पीठिका ६३
३) चित् (जीव) तत्त्व ६५
४) अचित् (प्रकृति) तत्त्व ६८
५) ईश्वर (परब्रह्म) तत्त्व ७३
६) सत्कार्यवाद ७५
७) मुक्ति र त्यसको उपाय ७८
८) तत्त्वमसि आदि श्रुतिको अर्थ ८०
९) उपसंहार ८२
१०) भगवद्–रामानुजाचार्य प्रतिपादित गीताभाष्यसार :– ८४

# प्रथम-खण्ड

## जीवन-चरित्र



## मंगलाचरणम्

सर्वमंगलमांगल्यं सर्वोपद्रवनाशनम्।
वन्दे रामानुजार्यस्य नित्यं पादाम्बुजद्वयम् ॥१॥
यो नित्यमच्युतपदाम्बुजयुग्मरुक्म-
व्यामोहतस्तदितराणि तृणाय मेने।
अस्मद्-गुरोर्भगवतोऽस्य दयैकसिन्धोः
रामानुजस्य चरणौ शरणं प्रपद्ये ॥२॥
पुण्याम्भोजविकासाय पापध्वान्तक्षयाय च।
श्रीमानाविरभूद् भूमौ रामानुजदिवाकरः ॥३॥

# श्रीरामानुजचरितम्

श्रीभूकेशवसोमयाजितनयः श्रीभूतपूर्योद्भवो
हारीतान्वयदुग्धवारिधिविधुः शेषस्य मूर्तिः परा।
गायत्रीश्रुतिसंप्रदायसरणीः प्राप्यैव यस्ताततो
व्याख्यां यादवमुख्ययोगिकलितां ज्ञातुं तदन्तेऽवसत् ॥१॥

काञ्च्यां हस्तिगिरिश्रितेन महता श्रीयामुनेयेन यो
दृष्टो यादवशिष्यगोष्ठ्युपगतः प्रीत्याऽस्मदीयोऽस्त्विति।
यस्यार्थे शरणं प्रपद्य वरदं तस्मिन् स्वेदेशं गते
योऽसौ यादवनीत ऐच्छदनघो गङ्गादितीर्थाटनम् ॥२॥

कप्यासश्रुतिमुख्यचिन्तनविधौ भग्नो गुरुः स्वात्मनेऽ
निष्टं चिन्तयतीति सोदरमुखात् विज्ञाय यात्रां त्यजन्।
एकाकी विपिने विचिन्त्य वरदं तस्थौ य एष क्षणात्
कैराताकृतिदिव्यदम्पतिवशः काञ्चीं समासादयत् ॥३॥

तीर्थापेक्षिकिरातरूपकमलाकान्तोपचारं चिरं
कुर्वन् यामुनयोगिवर्यकलिते स्तोत्रे कदाचित् श्रुते।
तत्सेवात्वरितोऽपि यो यतिवरश्रीदेहमात्रेक्षणात्
दूनोऽभूदथ तन्मनोरथमहापूर्त्यै च यत्नं व्यधात् ॥४ ॥

काञ्चीपूर्णमुखादवेत्य भगवद्भावं स्वयं प्रस्थितः
मध्ये यो मधुरान्तके श्रितमहापूर्णाङ्घ्रिपद्मोऽर्थवित्।
आज्ञां तस्य वतंसयन् अधिगतः श्रीयामुनेयाश्रितान्
गोष्ठीपूर्णमुखान् परानपि महाप्राज्ञो बभौ भूतले ॥५॥

श्रीकूरेशसहाय एव सहसा काश्मीरदेशं गतः
यो बोधायनवृत्तिमद्भुतरसाम् आन्तं निरीक्ष्याऽऽगतः ।
वेदार्थं च समग्रहीत् बहुविधप्राच्योक्तिरक्षी व्यधात्
श्रीभाष्यं त्वथ दीपसारसहितं भाष्यञ्च गीताश्रितम् ॥६॥

प्राप्तो यो यतिराजतां बहुशतैश्छात्रैः शुभैर्योगिभिः
संख्यातीतगृहस्थसेवितपदो देशान् अटन् ऐधत ।
अद्वैतादिमतं निरस्य सगुणश्रीशैकनिष्ठां हरि-
द्वारात् सेतुपदावधि प्रचुरयन् देवालयान् पालयन् ॥७॥

शेषाद्रौ विनुतोऽथ मातुलवरश्रीशैलपूर्णादिभिः
श्रीरङ्गादिपष्क्रितिं विरचयन् शैवञ्च विध्वंसयन् ।
श्रीनारायणशैलश्रृङ्गभुवि यः श्रीशं प्रष्ठिापयन्
लोकक्षेमपरो भुवं व्यतुनुत श्रीवैष्णवैकाञ्चितम् ॥८॥

इत्थं श्रीकरिशैलवेंकटगिरिश्रीयादवाद्रिप्रभृ-
त्यार्यक्षेत्रपरिष्कृतेः परमसौ श्रीरङ्गवासी भवन् ।
दिव्यद्रामिणवेदबोधनपरः श्रीव्यासबोधायन-
श्रीमन्नाथमुनीन्द्रदर्शितपथानीताखिलार्यव्रजः ॥९॥

सर्वज्ञैः स्वकदर्शनप्रचरणं कुर्वंश्चतुःसप्ततौ
पीठेषु श्रितवत्सलैः प्रपदनं प्रख्याप्य मुक्तौ हितम् ।
भक्तिज्ञानविरक्तिशीलनिगमाचारादि पुष्णन् भुवि
ख्यातोऽभूत् अयमस्तु मे हृदि सदा रामानुजार्यो मुनिः ॥१०॥

(इति अभिनवदेशिक वात्स्य सच्चक्रवर्ति उत्तमूर ति.वीरराघवाचार्यमहादेशिकैः विरचितं श्रीरामानुजचरितम्) ॥

# जीवन-चरित्र खण्ड

## १) भक्ति-प्रपत्तिमार्गको पीठिका

**यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत।**

**अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥** आदि भगवान् श्रीकृष्णका वचनअनुसार सम्पूर्ण जगत्का सृष्टि-स्थिति-प्रलयकर्ता परब्रह्म परमात्माले **धर्मो विश्वस्य जगतः प्रतिष्ठा** (धर्म नै सम्पूर्ण जगत्को मूल आधार हो) र **धर्मे सर्वं प्रतिष्ठितम्** (धर्ममा नै सम्पूर्ण जगत् टिकेको छ) अर्थात् वैदिक धर्म नै सृष्टिको मूल हो भनेर त्यसको स्थापना अर्थात् सृष्टिको समुचित व्यवस्था बनाउन संसारमा आफूलाई समय-समयमा प्रकट गर्ने गर्नुहुन्छ। चराचर जगत्का नियन्ता परब्रह्मको यस धर्म-संस्थापनार्थ समय-समयमा हुने प्रादुर्भावलाई नै अवतार भन्ने गरिन्छ। यी परमात्माका अवतारहरू देश-काल, परिस्थिति अनुसार विभिन्न प्रकारका हुन्छन्।

**एतन्नानावताराणां निधानं बीजमव्ययम् ॥ श्रीमद्भा. १।३।५।**

**बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन।** (गी.-४/५) इत्यादि शास्त्र वचनअनुसार विविध कार्यका लागि सर्वशक्तिमान् परब्रह्मले पनि अनेकौं रूप धारण गरेर संसारमा अवतार लिएको स्पष्ट हुन्छ। आवेशावतार, अंशावतार, पूर्ण-अवतार आदिका भेदले अवतारहरू पनि धेरै प्रकारका हुन्छन्। यीमध्ये अलौकिक दिव्य लीलाहरू गरेर साधु-सज्जनहरूको संरक्षण र दुष्टहरूको दमन गर्दै धर्मस्थापनाका लागि अवतीर्ण श्रीराम, श्रीकृष्ण आदि अवतारलाई पूर्ण-अवतार मानिन्छ।

यसरी अवतार लिने क्रममा परब्रह्म परमात्माका सम्पूर्ण कार्यमा निरन्तर सहयोग पुऱ्याउनुहुने भगवत्तुल्य गुण–वैभवले सम्पन्न नित्यसूरि (भगवान्का नित्यसेवामा रहने नित्यजीवात्मा) अनन्त (आदिशेष), गरुड, विष्वक्सेन आदिले पनि उहाँकै सङ्कल्पलाई पूर्ण गर्नका लागि मनुष्य, ऋषि, देवता आदिको रूपमा अवतार लिने गरेको कुरा पनि शास्त्रहरूमा स्पष्ट उल्लेख छ –

**अवतारा ह्यसंख्येया हरेः सत्त्वनिधेः .......।**
**ऋषयो मनवो देवाः .........।**
**कलाः सर्वे हरेरेव....॥ (भा. १।३।२६–२७)**
**यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा।**
**तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥** (गीता १०।४१)

यस्ता अनेकौं प्रमाणवचनहरूका आधारमा भगवदंशभूत नित्यजीवात्माहरूले पनि सोही कार्यका लागि समय–समयमा अवतार लिने गर्नुहुन्छ।

**कलौ खलु भविष्यन्ति नारायणपरायणाः ॥**
**क्वचित् क्वचिन्महाराज द्रविणेषु च भूरिशः ।**
**ताम्रपर्णी नदी यत्र कृतमाला पयस्विनी ॥**
**कावेरी च महापुण्या प्रतीची च महानदी ।**
**ये पिबन्ति जलं तासां मनुजा मनुजेश्वराः।**
**प्रायो भक्ताः भगवति वासुदेवेऽमलाशयाः।** (भागवत, ११।५।३८–४०)

आदि श्रीमद्भागवतका वचनअनुसार कलियुग प्रारम्भ भएपछि युगानुरूप धर्मस्थापनाका लागि भगवद्भक्तिलाई प्रमुख आधार

बनाउनुहुने भगवदंशभूत महापुरुषहरू, जसलाई दक्षिण भारतमा आलवार् भनिन्छ, साधु–सन्तका रूपमा विभिन्न समयमा भारतवर्षको दक्षिण भागमा प्रादुर्भाव हुनु भयो ।

चार युगमध्ये सत्ययुगमा ज्ञान, शक्ति बल, तप आदि प्रचुर मात्रामा हुने र क्रमशः युग परिवर्तन हुँदै जाँदा संसारी जीवात्माहरूको उक्त ज्ञान, शक्ति आदिमा पनि क्रमशः ह्रास हुँदै गएपछि यज्ञादिरूप कर्मयोग एवं आत्म–परमात्मबोधरूप ज्ञानयोग आदि अन्य साधनहरूबाट भगवत्प्राप्तिरूप मोक्ष पाउन कठिन हुने भएकाले कलियुगमा भगवद्भक्ति एवं भक्तिविशेषरूप शरणागति (भगवान्‌लाई सर्वस्व समर्पण गर्ने भाव र तदनुकुल गरिने क्रिया)ले मात्रै भगवत्प्राप्ति सुलभ छ भनेर वैदिक मार्गभित्रको यस सर्वसुलभ भक्ति–प्रपत्तिमार्गको प्रचार–प्रसार द्राविड आलवार् सन्तहरूबाट अत्यधिक रूपमा भयो ।

## २) भक्तिमार्गका आचार्यहरू

वैदिक धर्मको सही व्याख्या गरी सकल जीवात्माको कल्याण गर्ने महान् उद्देश्य लिएर भक्ति एवं शरणागति मार्गलाई अझ व्यवस्थित र सर्वसुलभ बनाउन भगवान्कै सङ्कल्प–अनुसार भगवान् या उहाँका पार्षद नित्यपुरुषहरू गुरु–आचार्य एवं महाभागवतहरूका रूपमा पनि यस धराधाममा आएर शिक्षा–दीक्षादिबाट भवसागरमा डुबेका असंख्य जीवात्माको उद्धार गर्नुहुन्छ ।

**स हि नारायणो देवः कृत्वा मर्त्यमयीं तनूम् ।**
**मग्नानुद्धरते लोकान् कारुण्याच्छास्त्रपाणिना ॥**

**आचार्यं मां विजानीयान्नावमन्येत कर्हिचित् ।**
**न मर्त्यबुद्ध्यासूयेत सर्वदेवमयो गुरुः ॥** (श्रीमद्भागवत ११/१७/२७)
**गुरुः साक्षात् परं ब्रह्म** आदि शास्त्रवचनहरूले सद्गुरुको रूपमा आउनुहुने आचार्य पनि साधारण जीव नभई भवसागरबाट पार लगाउनुहुने भगवान् नै हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ । यसरी समय–समयमा प्रादुर्भूत हुनुहुने भक्तिमार्गका आचार्यहरूले देश, काल, अवस्था र अधिकारी अनुसार भगवान्का विभिन्न रूपको विविध प्रकारले उपासना गर्ने–गराउने गरेको पाइन्छ, भिन्न–भिन्न रुचि–प्रवृत्तिअनुसार उपास्य(भक्ति–प्रपत्ति गरेर प्राप्त गरिने भगवान्को इष्टरूप) र उपासना(भगवान्का विविध रूपमध्ये कुनै एक इष्ट रूपमा पूर्ण आश्रित भई अनन्यतापूर्वक गरिने भक्ति–प्रपत्ति)मा भेद हुनु पनि स्वाभाविक नै हो । यही नै भक्ति–प्रपत्तिमार्गको मूल सिद्धान्त हो । त्यसैले यस मार्गका विभिन्न आचार्यहरूले भगवान्का विभिन्न रूपहरूमध्ये श्रीमन्नारायण, श्रीराम, श्रीकृष्ण आदि कुनै एक रूपमा अनन्य–निष्ठा गरेर या भगवान् श्रीहरिका सबै रूप एउटै हुन् भनेर भक्तिधाराको प्रवाह बढाउँदै जानुभयो ।

यद्यपि ती आचार्यहरूले प्रवर्तन तथा प्रवर्द्धन गरेको यो भक्ति–प्रपत्तिमार्ग पहिलेदेखि नभएको नयाँ नौलो चाहिँ होइन । परब्रह्म श्रीहरिबाट नै आरम्भ भएकाले यी सत्सम्प्रदायहरूलाई शास्त्रमा अनादि भनिएको छ –

**श्रीलक्ष्मीं सनकादींश्च ब्रह्माणं रुद्रमेव च ।**
**वन्देऽहं वैष्णवाचार्यान् सम्प्रदायप्रवर्तकान् ॥**(पद्मपुराण)।

**श्रीब्रह्मरुद्रसनकाश्चत्वारः सम्प्रदायकाः** आदि पुराणोक्तिअनुसार भगवान्बाट नै कहिले लक्ष्मी माता, कहिले सनकादिमुनि, कहिले चतुर्मुख ब्रह्माजी त कहिले वैष्णवोत्तम शिवजी हुँदै आएका यी अनादि सम्प्रदायहरूलाई क्रमशः श्रीरामानुजाचार्य, श्रीनिम्बार्काचार्य, श्रीमध्वाचार्य र श्रीवल्लभाचार्यहरूले सुदृढ बनाउने महान् कार्य गर्नुभयो। यसरी सबै वैष्णव सम्प्रदायहरू भगवान् श्रीहरिबाट नै प्रारम्भ भई तत्तत् आचार्यहरूबाट प्रवर्द्धन हुँदै आएका हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

## ३) श्रीसम्प्रदायको परम्परा एवं आचार्यहरू

यीमध्ये श्रीमन्नारायणबाट श्री अर्थात् लक्ष्मी माता हुँदै आएको यस अनादिसिद्ध परमवैदिक श्रीसम्प्रदायको पनि कुनै न कुनै रूपमा अविच्छिन्न धारा सृष्टिको आरम्भदेखि नै चल्दै आएको छ। कलियुग लागेपछि आलवार् सन्तहरूले विशेष रूपमा प्रचार/प्रसार गर्दै आउनुभएको यस सर्वसुलभ वैदिक मार्गलाई अझ व्यवस्थित बनाएर प्रवाहित गर्ने कार्य आजभन्दा लगभग १२०० वर्षपूर्व यस धराधाममा प्रादुर्भूत हुनुभएका सिद्धयोगी श्रीमान् नाथमुनिले गर्नुभयो। योगिराज श्रीनाथमुनिको प्रादुर्भाव दक्षिण भारतको तात्कालिक चोलराज्यको वीरनारायणपुर नामक नगरमा पिता श्रीईश्वर भट्टको सन्ततिको रूपमा उत्तम ब्राह्मणकुलमा भएको हो। अष्टाङ्गयोगनिपुण उहाँले दक्षिण एवं उत्तरका विभिन्न तीर्थक्षेत्रहरूमा रही भक्तियोगका साथै क्रियायोगको पनि निरन्तर साधना गरिरहनुभयो र साथै कलियुगको प्रारम्भमा युगप्रभावले गर्दा प्रायः सुप्त–अवस्थामा

रहेको यस भक्तिधारालाई परम्परागतरूपमा व्यवस्थित गर्दै लैजानुभयो। दक्षिण भारतको श्रीरङ्गम् नामक दिव्यक्षेत्रमा रहेको ऐतिहासिक प्राचीन श्रीरङ्गनाथ मन्दिरको संरक्षकको भूमिका निर्वाह गर्दै समय–समयमा देश–देशान्तरमा भ्रमण गरेर धर्म प्रचार गर्नुहुने यहाँले न्यायतत्त्व, योगरहस्य आदि ग्रन्थहरूको रचना समेत गरी वैदिक सिद्धान्तको संरक्षण गर्नुभयो।

सिद्धयोगी श्रीनाथमुनिले यसरी भगवद्भक्तिको धारालाई परम्परागत रूपमा व्यवस्थित गर्दै विभिन्न तीर्थक्षेत्रमा रहेर योगसाधना गर्ने क्रममा उत्तर भारतको व्रजधाममा आई भगवान् श्रीकृष्णको सेवा–आराधना गर्दै ध्यान–तपस्या गरेर केही समयसम्म रहनुभयो। कालान्तरमा उहाँका पुत्र श्री ईश्वर मुनिको सन्तानका रूपमा एक तेजस्वी बालकको जन्म भयो। आफ्ना पिताले यमुनाजीका तटमा रहेर तपस्या गरेको प्रभावले गर्दा भगवत्कृपाबाट पुत्र सन्ततिको प्राप्ति भएकाले पिता श्री ईश्वरमुनिले नवजात पुत्रको नाम यामुन राखिदिनुभयो। यमुनाका प्रसादका रूपमा उत्तम कुलमा उत्पन्न हुनुभएका यामुनले आफ्ना पितामह श्रीनाथमुनिका शिष्य श्रीपुण्डरीकाक्षाचार्य एवं प्रशिष्य(शिष्यका पनि शिष्य) श्रीराममिश्राचार्यका माध्यमबाट क्रमशः चल्दै आएको शिक्षादीक्षादि सहितको योगादि साधना मार्गलाई पनि प्राप्त गर्नुभयो। यसरी गुरुशिष्यपरम्पराबाट क्रमशः चल्दै आएको यस पैतृक सम्पत्तिरूप भक्ति–प्रपत्तिमार्गलाई प्राप्त गरी श्रीयामुनमुनि सकल जगद्–उद्धारक आचार्य हुनुभयो। जन्मवंश झैं विद्यावंश(आचार्यपरम्परा)को पनि कुलदीपक हुनुभएका श्रीयामुनाचार्यले पितामह श्रीनाथमुनिका प्रशिष्य

श्रीराममिश्रको शिष्यत्व स्वीकार गरी यस आचार्य–परम्परालाई समेत समृद्ध बनाउँदै लैजानुभयो। उहाँले जीवनको उत्तरार्द्धमा सम्पूर्ण लौकिक भोग–ऐश्वर्यलाई त्याग गरी पितामहको बाटोको अनुसरण गर्दै सन्यास ग्रहण गरी भगवान् श्रीरङ्गनाथको सन्निधिमा रहेर यस भक्ति–प्रपत्तिमार्गलाई अझ सुदृढ बनाउनु भयो । साथै शास्त्रसम्मत सत्तर्कहरूलाई प्रस्तुत गर्दै वेदबाह्य बौद्धजैनादि नास्तिकहरूको र प्रच्छन्नबौद्धरूप मायावादीहरूको मतलाई पनि खण्डन गर्दै वैदिक सिद्धान्तलाई प्रतिष्ठापित गर्नुभयो। तात्कालिक रूपमा प्रत्यक्ष ज्ञानोपदेशका साथै भावी पिँढीका शिष्यपरम्पराका लागि पनि यस वैदिक मार्गको बोध गराउने उद्देश्यले  वेद, ब्रह्मसूत्र गीतादि शास्त्रको सारतम भागलाई प्रकट गर्दै सिद्धित्रय, गीतार्थसंग्रह आदि प्रौढ ग्रन्थहरूको रचना समेत गर्नुभयो । यसप्रकार वेद–उपनिषद्, ब्रह्मसूत्र र गीतादि शास्त्रहरूमा बताइएको तत्त्वत्रय (प्रकृति, जीव र ईश्वर)वादको यथार्थ स्वरूप प्रकट गर्ने यिनै ग्रन्थहरूलाई नै मूलस्रोत बनाएर कालान्तरमा श्रीरामानुजाचार्यले विस्तारमा विशिष्टाद्वैत सिद्धान्तको प्रवर्तन/प्रवर्धन गर्नुभयो । द्वैतपरक र अद्वैतपरक सम्पूर्ण श्रुतिवाक्यहरूलाई घटकश्रुतिहरूका माध्यमले समन्वय गर्दै वेदादि शास्त्रको यथार्थ निरूपण गर्नुहुने श्रीयामुनाचार्य श्रीवैष्णवाचार्यका मात्र नभई सम्पूर्ण भक्तिमार्गका आचार्यहरूका पनि दिग्दर्शक एवं आधारस्तम्भ हुनुहुन्छ। श्रीरामानुजाचार्यका लागि विशिष्टाद्वैत दर्शन व्याख्या गर्न मूलस्रोत र प्रेरक पनि श्रीयामुनाचार्य नै हुनुहुन्छ। उत्कृष्ट भगवद्भक्तिको पराकाष्ठामा पुगेर रचना गरिएका स्तोत्ररत्न

जस्ता दिव्यस्तुतिपरक ग्रन्थहरूका प्रणेता समेत हुनुभएका श्रीयामुनाचार्यका ज्ञानभक्तिवैराग्यादि गुणहरूले प्रभावित भएर त्यस समयका ख्यातिप्राप्त विद्वान् ब्राह्मणहरू लगायत धेरै साधुसन्त भक्तजनहरू उहाँका अनुयायी बन्न पुगे, जसमा श्रीगोष्ठीपूर्ण, श्रीमहापूर्ण, श्रीशैलपूर्ण, श्रीमालाधर एवं श्रीवररङ्ग आदि विद्वान् आचार्यहरू र श्रीकाञ्चीपूर्ण आदि सिद्धसन्तहरू उहाँका प्रमुख शिष्यहरू हुनुहुन्छ।

यसप्रकार यामुनाचार्यबाट फैलिँदै गएको यस वैदिक मार्गलाई जन–जनमा पुऱ्याएर अनादि कालदेखि दुःखमय भवसागरमा डुबेका हामीजस्ता असंख्य जीवात्माहरूको उद्धारार्थ परमदयालु भगवान् श्रीमन्नारायणले सत्सङ्कल्प गरेको बुझेर उहाँकै नित्य सेवामा रहने भगवत्तुल्य ज्ञानबलैश्वर्यादिले सम्पन्न श्रीआदिशेष(अनन्त)ले भगवान्को यस लीलाविभूति(धराधाम) मा अवतार लिने निश्चय गर्नुभयो।

## ४) श्रीरामानुजाचार्य प्रादुर्भावको पृष्ठभूमि

**"सदा पश्यन्ति सूरयः"** यस्ता वेदवाक्य अनुसार भगवान्का नित्य सेवामा रहने श्रीशेष, श्रीगरुड, श्रीविष्वक्सेन आदि भगवत्पार्षदहरू नित्य जीवात्मा हुनुहुन्छ। उहाँहरूले पनि सृष्टि–स्थिति–प्रलयरूप मुख्य जगत्कर्तृत्व र नियन्तृत्वदेखि बाहेक **(जगद्–व्यापारवर्जम्..... ब्र.सू.४/२/१७)**का लीलाविभूतिमा समय–समयमा अवतार लिएर जीवात्माहरूको उद्धार गर्ने कार्य गर्दै भगवान्को सत्सङ्कल्पलाई पूरा गर्नुहुन्छ। यसै क्रममा आदिशेष अनन्तले यस धराधाममा श्रीरामानुजाचार्यको रूपमा

अवतार लिएर वेदादि शास्त्रविरुद्धका पाखण्ड मतलाई खण्डन गरी शास्त्रसम्मत वैदिक धर्मको यथार्थ स्वरूपलाई प्रकट गरेर धर्मको संस्थापनारूप महान् कार्य गर्नुभयो ।

**रामानुजस्तु शेषांशो निम्बार्कः सनकस्य च ।(गर्गसंहिता १०/६१)**

**श्रीरंगेशदयापात्रं विद्धि रामानुजं मुनिम् ।**
**येन संदर्शितः पन्था वैकुण्ठाख्यस्य सद्मनः ॥**
**परमैकान्तिनो धर्मो भवपापविमोचकः । (बृ.ब्र.सं.२/७)**

**प्रथमोऽनन्तरूपश्च द्वितीयो लक्ष्मणस्तथा ।**
**तृतीयो बलरामश्च कलौ रामानुजो मुनिः ॥**

**द्वापरान्ते कलेरादौ पाखण्डप्रचुरे जने ।**
**रामानुजेति भविता विष्णुधर्मप्रवर्तकः** ॥(बृ.ब्र.सं.२/७/६७

आदि प्रमाणहरूले स्पष्ट हुन्छ कि आदिशेष श्री अनन्तले भगवत्संकल्पलाई पूरा गर्न श्रीरामानुजको रूपमा अवतार लिनुभएको हो । श्रीरामानुजाचार्यले विशेष प्रवर्द्धन गर्नुभएको यस लोकहितैषी सर्वसुलभ भक्ति–प्रपत्ति सिद्धान्तलाई परम्परागत रूपमा अथवा स्वतन्त्र रूपमा भए पनि अहिले सनातन धर्मावलम्बी सबैले कुनै न कुनै रूपमा अनुकरण र अनुसरण गर्दै आएको छर्लङ्ग छ। कलियुगमा सबै जीवात्माहरू भवसागरबाट सजिलै पार हुने यस सुगम भक्ति–प्रपत्ति धारालाई पछिका सबै आचार्यहरूले फैलाउँदै लैजानुभएको स्पष्ट छ । त्यसैले नै भक्तिमार्गका प्रथम प्रवर्तक आचार्यका रूपमा श्रीरामानुजाचार्य प्रतिष्ठित हुनुहुन्छ भन्ने कुरा निर्विवाद छ । अतः हामी जगत्को उद्धारार्थ अवतीर्ण हुनुभएका परमदयालु शेषावतार श्रीरामानुजाचार्यको दिव्य पावन चरित्र मनन गरौँ ।

यथार्थमा भगवदंशभूत आचार्यको महिमा अपरम्पार छ, जसको वर्णन हामीजस्ता अल्पज्ञले गर्न गाह्रो छ, तथापि उनै परम दयालु आचार्यका कृपाले प्राप्त यत्किञ्चित् विषयहरू सबैका लागि संक्षिप्त रूपमा प्रस्तुत गरिँदै छ :-

# श्रीमद्-भगवद्-रामानुजाचार्यको संक्षिप्त जीवनचरित्र

## ५) प्रादुर्भाव(जन्म) एवं शिक्षा

पिंगल नामक सम्वत्सरको चैत्र (उत्तरीय पञ्चाङ्गअनुसार वि.सं.१०७४ वैशाख) शुक्ल पञ्चमी गुरुवार आर्द्रा नक्षत्रको सिंहलग्नमा दक्षिणभारतको तोण्डीर नामक मण्डल-अन्तर्गत श्रीमहाभूतपुरी नामक दिव्यक्षेत्र(अहिले तमिलनाडु प्रान्तको श्रीपेरुम्बुदुर् नामले प्रसिद्ध नगर)मा हारीत गोत्रीय उत्तम ब्राह्मणकुलमा वैदिक धर्मनिष्ठ विद्वान् श्रीमान् केशव यज्वा (सोमयाजी=धेरै वैदिक यज्ञ गर्नुहुने) तथा पतिसदृश कुलधर्मपरायणा पतिव्रता श्रीकान्तिमती देवीका पुत्रका रूपमा शेषावतार श्रीरामानुजको प्रादुर्भाव भयो । आफ्ना भान्जाको शुभमुहूर्तमा जन्म भएको थाहा पाएर श्रीयामुनाचार्यका प्रियशिष्य, श्रीवेंकटाचल-निवासी मामा श्रीशैलपूर्णाचार्य श्रीभूतपुरीमा आउनुभयो र नवजात बालक श्रीरामानुजको वैदिक विधि-अनुसार नामकरण संस्कारका साथै प्रारम्भिक श्रीवैष्णवीय दीक्षा पनि प्रदान गर्नुभयो ।

शुक्लपक्षका चन्द्रमाझैँ बढ्नुभएका तेजस्वी बालक श्रीरामानुजको चूडाकर्म आदि संस्कारहरू सम्पन्न भएपछि

पिताजीले ५ वर्षमा नै वहाँलाई अक्षरारम्भ गराउनुभयो । त्यसैगरी क्रमशः उपनयन संस्कार सम्पन्न गरी वेद–वेदाङ्गका ज्ञाता श्रीमान् केशवयाजीले आफैं नै पुत्रलाई वेद–वेदाङ्गादि शास्त्रहरूको अध्ययन गराउनुभयो । यसरी क्रमशः ज्ञान एवं उमेरले युवा हुँदै गएका श्रीरामानुजको सुयोग्य ब्राह्मणी कन्या रक्षकाम्बासँग पिताजीले विवाह गरिदिनुभयो। विवाहको केही समयपछि पितृवियोगको पीडा आइपरेकाले र वेदान्तादि दर्शनको अध्ययन गर्ने उत्कट चाहनाले पनि भूतपुरी छोडी सपरिवार काञ्चीपुरी गएर निवास गर्न थाल्नुभयो। काञ्चीक्षेत्रमा रहने त्यस समयका सुप्रसिद्ध दार्शनिक, वेदान्तका विशिष्ट विद्वान् श्रीयादव प्रकाशसँग वेदान्तादि अध्यात्मशास्त्रको अध्ययन गर्न थाल्नुभयो । एक दिन वेदान्तशास्त्रको अध्ययनका समयमा श्रीयादव प्रकाशबाट **सर्वं खल्विदं ब्रह्म** यस औपनिषदिक वाक्यको अवास्तविक अर्थ (सबै चराचर =चेतन र जड संश्लिष्ट जगत् ब्रह्मको विवर्त भएकाले मिथ्या हो भन्ने) निरूपण भएको सुनेर श्रीरामानुजले विनयपूर्वक गुरुजीका समक्ष त्यस श्रुतिको वास्तविक अर्थ **(चराचर सम्पूर्ण जगत् ब्रह्मात्मक हो, त्यसैले ब्रह्मको शरीरभूत चराचर=जीव र प्रकृति पनि ब्रह्मजस्तै शाश्वत् नित्य छन्, मिथ्या होइनन्** यस्तो अर्थ) निरूपण गरेर सुनाउनुभयो। यसरी युवा विद्वान् श्रीरामानुजबाट श्रुतिको तर्कपूर्ण तरिकाले शास्त्रसम्मत यथार्थ निरूपण भएको समाचार जब कर्णपरम्परया सर्वत्र फैलिँदै गयो, तब श्रीरङ्गम् निवासी श्रीमन्नाथमुनिवंशज, विशिष्ट विद्वान् श्रीवैष्णवाचार्य श्रीयामुनमुनिले श्रीरामानुज साधारण व्यक्ति हुनुहुन्न, किन्तु

भगवत्संकल्पले नै सबैको उद्धार गर्न र सद्धर्मस्थापनार्थ भगवदंशभूत असाधारण महापुरुषको अवतार भएको हो, अतः वैदिक सिद्धान्त–अन्तर्गतको यस भक्ति–प्रपत्तिमार्गको प्रवर्तन/प्रवर्धनरूप महत्त्वपूर्ण सबै कार्यहरू श्रीरामानुजबाट नै पूरा हुन सक्छन् भन्ने निश्चय गर्दै उहाँको दर्शन–भेट गर्नका निमित्त आफ्ना शिष्यसहित श्रीकाञ्चीपुरीमा आउनुभयो।

अलौकिक प्रतिभाका धनी, युवा विद्वान् श्रीरामानुजलाई प्रबोध गराउने विशेष उद्देश्य लिएर काञ्चीपुरी आउनुभएका श्रीयामुनाचार्यले श्रीवरदराज भगवान्को सन्निधिमा पुगेर भगवान्लाई साष्टाङ्ग दण्डवत् गर्नुभयो । त्यहाँबाट अगाडि बढ्दै गर्दा केही पर अनेक शिष्यहरूले घेरिएर सुशोभित हुनुभएका श्रीयादवप्रकाशका बीचमा सूर्यसमान देदीप्यमान श्रीरामानुजलाई श्रीयामुनाचार्यले देखेपछि उहाँका मनमा यस्तो भाव उत्पन्न भयो :— **यी भगवान्का गुणवैभवादिलाई नबुझेका शुष्कशास्त्रका ज्ञाता पुस्तकपण्डित यादवप्रकाशभन्दा सबै शास्त्रको यथार्थस्वरूप जान्ने दिव्यस्वरूप श्रीरामानुज श्रेष्ठ भएकाले यादवप्रकाश चाहिँ श्रीरामानुजका शिष्य भएको भए उचित हुने थियो।** त्यसपछि उहाँले श्रीवरदराज भगवान्को शरण परी प्रार्थना गर्दै भन्नुभयो — **प्रभो ! श्रीरामानुजलाई कृपा गर्नुहोस्, उहाँबाट नै सद्धर्मको संरक्षण/संवर्धनका साथै सत्सम्प्रदायको प्रचार–प्रसार होओस्** इत्यादि। श्रीयामुनाचार्यका मनमा बालक श्रीरामानुजसँग भेट गर्ने चाहना भए पनि दैवेच्छा नभएकाले गुरुकुलीय मर्यादामा रहेका श्रीरामानुजलाई त्यस समयमा भेट गर्नुभएन। उहाँको मनमा रामानुजसँग आफूले भेट

गर्न खोजेमा अध्ययनादिमा बाधा हुने र गुरुकुलीय मर्यादामा समेत आँच आउने हो कि भन्ने विचार आयो र त्यहाँबाट आफ्नो निवासस्थान श्रीरङ्गम् फर्किनुभयो । यता श्रीरामानुज चाहिँ गुरुकै सन्निधिमा रहेर वेदान्तादि शास्त्रको निरन्तर अध्ययन गर्न लाग्नुभयो ।

## ६) ब्रह्मराक्षसविमोचन एवं यादवप्रकाशको दुर्भावना

यसै बेला त्यस क्षेत्रमा एउटा आश्चर्यजनक घटना घट्यो । त्यस देशका राजाको सन्तति (प्रपन्नामृतको आधारमा राजकन्या तर यतिराज वैभव आदि ग्रन्थका आधारमा राजपुत्र) माथि कुनै ब्रह्मराक्षसरूप पिसाचले केही समयदेखि बाधा पुऱ्याइरहेको थियो । विभिन्न विधि र उपायहरू प्रयोग गरी उपचार गर्दा पनि ठिक नभएपछि राजा धेरै दुःखी भएका थिए । त्यसपछि राजाले यादव प्रकाशको विद्वत्ताको बारेमा धेरै प्रशंसा सुनेर उनलाई पिसाचबाधा मेटाउनका लागि बोलाए । रामानुज आदि शिष्यहरू सहित राजदरबारमा पुगेका यादवप्रकाशलाई आफ्ना सम्मुख देखी पिसाचले हाँसेर तिरस्कार गऱ्यो तर त्यहाँ साथमा आउनुभएका दिव्यपुरुष श्रीरामानुजका कृपाबाट राज–सन्ततिलाई पिसाचबाधाबाट मुक्ति मिल्यो । यी चमत्कारपूर्ण अद्भुत घटनाहरू प्रत्यक्षरूपमा देखिरहेका राजाले श्रद्धापूर्वक गुरु यादवप्रकाश सहित श्रीरामानुजको विशेष सेवा–सत्कार गरी बिदा गरे । यस घटनापछि आफू तिरस्कृत भएको संझिएका गुरु यादवप्रकाशका मनमा शिष्यप्रति कुभाव उत्पन्न भयो ।

एक दिन गुरु यादवप्रकाशको शरीरमा तैलमर्दनरूप

सेवा गरेको बेला गुरुले **कप्यासम्.. इत्यादि** श्रुतिको हीनोपमा युक्त अनुचित अर्थ (कपि=वानर, त्यसको आस= बस्ने पृष्ठभाग जस्तो रातो वर्ण भएका नेत्रकमल भन्ने) गरेको सुनेपछि श्रीरामानुज अत्यन्त दुःखी हुनुभयो र स्वतः उहाँका आँखाबाट बग्न थालेका ताता ताता आँसुका थोपाहरू यादवप्रकाशका गोडामा परे। रुनुको कारण सोधेपछि श्रीरामानुजले विनयपूर्वक कप्यास श्रुतिको वास्तविक अर्थ **(कम्=जलम् अर्थात् पानी पिबतीति कपिः अर्थात् सूर्य, तेन अस्यते विकास्यते इति कप्यासम् अर्थात् कमल, तदिव अक्षिणी परमात्मनो विद्यमानत्वात् कप्यासं पुण्डरीकम्** कमल जस्ता सुन्दर नेत्र भएका परमात्मा भन्ने अर्थ) बताइदिनु भयो। अरूका सद्–गुण, वैभव र वैदुष्यलाई आत्मसात् गर्न नसक्ने राजसी एवं तामसी वृत्ति(स्वभाव) भएका गुरुले विनयशील महात्मा श्रीरामानुजको वैभव र वैदुष्यलाई नबुझेर तिरस्कार गर्दै त्यहाँ रहेर अध्ययन गर्न निषेध गरे तर त्यसरी अपमान गर्दा पनि कुनै प्रतिक्रिया नगरी सबै सहन गरिरहने क्षमादि गुणले युक्त भएका श्रीरामानुजको वैभव अझ बढ्दै गयो।

आफू तिरस्कृत भएको अनुभव गर्ने यादवप्रकाशले केही आफ्ना घनिष्ठ शिष्यहरूसँग गोप्य सल्लाह गरेर गङ्गास्नान आदिको बहाना गरी रामानुजलाई पनि लिएर तीर्थयात्रामा जाने र कुनै उपायले समाप्त पार्ने निश्चय गरी केही शिष्यहरूका साथ श्रीरामानुजलाई पनि लिएर यादवप्रकाश धेरै दिनको पैदल यात्राका लागि प्रस्थान गरे। त्यस यात्राको टोलीमा श्रीरामानुजकी सानीआमाका छोरा भाइ गोविन्द पनि थिए। उनी रामानुजका

सहपाठी तथा परम मित्र एवं हितैषी थिए। यादव प्रकाशका गलत उद्देश्यहरू सबै थाहा पाएका उनले यात्राको समयमा बाटोमा हिँड्दै गर्दा अवसर मिलाएर सुटुक्क श्रीरामानुजलाई जानकारी गराई बाटैबाट फर्कनु कल्याणकारक हुने बताए। गुरुलाई सन्देह नहोस् भनेर आफू चाहिँ यादवप्रकाशसँगै यात्रामा नै संलग्न भए। यादवप्रकाशको आफूप्रतिको त्यो दुर्भावलाई सम्झेर श्रीरामानुज अत्यन्त दुःखित हुनुभयो र यात्राको क्रममा घनघोर जंगलमा पुगेका गुरु सहितको टोलीबाट कुनै प्रकारले अलग भई अर्कातिर लाग्नुभयो । केही समयपछि घनघोर जंगलमा अचानक रामानुजलाई नदेखेपछि यादव प्रकाशले उहाँको खोजी गर्न शिष्यहरूलाई पठाए तर कसैले पनि फेला पार्न सकेनन्। हिंसक वन्यजन्तुको आहार बनेको हुनुपर्छ भन्ने निश्चय गरी यादवप्रकाश दैवेच्छाद्वारा आफ्नो कार्य स्वतः सिद्ध भएको मान्दै अरू शिष्यहरूलाई लिएर तीर्थयात्रातर्फ लागे।

यतातिर समूहबाट छुट्टिएर घनघोर निर्जन वनमा दिशाहीन भएर शरणागतवत्सल भगवान् श्रीवरदराजको ध्यान गर्दै एक्लै हिँडेका रामानुजका अगाडि किराती भेष धारण गरेका व्याध–दम्पती अकस्मात् आइपुगे। वार्तालापको क्रममा उनीहरू पनि काञ्चीपुरीतर्फ नै जान हिँडेको थाहा पाएर रामानुज उनीहरूकै पछि लाग्नुभयो। रात परेपछि तीनै जनाले रूखमुनि विश्राम गर्नुभयो। रातीदेखि नै तिर्खाएको आशय बुझेर प्रातःकाल हुनासाथ रामानुजले केही पर भेटिएको कुवाबाट अञ्जलीमा जल ल्याएर किरात दम्पतीलाई तीनपटकसम्म पिलाउनुभयो। अञ्जलीमा ल्याएको थोरै जलले प्यास मेटिएको

छैन भनेर चौथोपटक जल लिन गएर फर्किंदा ती दम्पती त्यहाँ थिएनन्। अचानक अन्तर्धान भएको देख्ता श्रीरामानुज आश्चर्यचकित हुनुभयो र **"पक्कै पनि मेरो रक्षा गर्नका लागि किरात भेषमा श्रीदेवी सहित वरदराज भगवान् आउनुभएको हो"** भन्ने सोच्तै केही अघि बढ्नुभयो। केहीबेरमा नै उहाँले श्रीकाञ्चीपुरको पुण्यकोटि नामक विशाल विमान देख्नुभयो र चकित हुनुभयो। भगवान्ले नै आफूलाई कयौँ दिनको मार्ग एकै छिनमा पार गराउनुभएको रहेछ र ती किरात दम्पती त साक्षात् श्रीलक्ष्मीनारायण हुनुहुँदो रहेछ भन्ने निश्चय गर्नुभयो। उहाँको निश्चय सही थियो भन्ने कुरा पछि काञ्चीपूर्ण स्वामीजीले वरदराज भगवान्को सन्देश सुनाएपछि स्पष्ट हुन्छ।

उता तीर्थयात्रामा गएका यादवप्रकाशले तन्त्र-मन्त्रको प्रयोगद्वारा गोविन्दलाई आफ्नो वशमा पारेर गङ्गास्नानको बेला अचानक शिवलिङ्ग हातमा पारिदिए, जसलाई भगवान् शंकरको कृपाले प्राप्त भएको मानेर गोविन्दले कालहस्ति नामक गाउँमा लगी शिवालय बनाएर स्थापना गरे, अनि आफू पनि त्यहीँ बसे। यता केही महिनापछि अरू शिष्यमण्डलीका साथ काञ्चीपुरी फर्केपछि यादवप्रकाशले श्रीरामानुज पनि सकुशल काञ्चीपुर आएको थाहा पाएर आश्चर्यचकित भए। अनि **"कतै मेरो गलत योजना रामानुजले थाहा त पाएनन्"** भन्ने आशंकाले आफ्नो बेइज्जती नहोओस् भनेर र रामानुजमा कुनै त्यस्तो दैवीशक्ति रहेछ, जसले गर्दा यिनी सकुशल फर्किए, अतः मैले यिनीसँग विरोध गर्नुहुँदैन भन्ने सोचेर पनि फेरि अध्ययनका लागि बोलाए। विविध दर्शन-शास्त्रहरूको

अध्ययन आवश्यक भएकोले रागद्वेष आदि विकारलाई जितेर निर्मल अन्तःकरण हुनुभएका श्रीरामानुजले सबै कुरा जान्दा–जान्दै पनि स्वीकार गरी पहिले झैँ यादवप्रकाशसँग नियमित अध्ययन गर्न लाग्नुभयो । यसरी पुनः प्रारम्भ भई निरन्तर अध्ययन चलिरहेको अवस्थामा एक दिन यादव प्रकाशले **सदेव सोम्येदमग्र आसीत्** यो उपनिषद् वाक्यको पूर्ववत् अतात्त्विक, उल्टो अर्थ गरे । श्रुतिको विरुद्ध अर्थ सुनेर श्रीरामानुजले त्यसलाई सच्याउँदै यथार्थ तात्त्विक अर्थ निरूपण गरिदिनुभयो। त्यसबाट क्रुद्ध बनेका यादव प्रकाशले श्रीरामानुजलाई तत्काल त्यहाँबाट निकालिदिए। यो वृत्तान्त श्रीयामुनाचार्यको कानमा पर्नेबित्तिकै उहाँ अत्यन्त प्रसन्न हुनुभयो र भन्नुभयो – **"अद्भुत शोभा भएका श्रीरामनुजरूपी मणि यादव प्रकाशरूपी बाँदरको हातबाट उम्केर आउनाले भगवान् श्रीवरदराजका हृदयको उत्तम शोभा हुने भयो।"** सबै कुरा भगवदिच्छाधीन छ भन्ने मान्दै श्रीरामानुज काञ्चीपुरमै रहेर भगवान् श्रीवरदराजको प्रसन्नतापूर्वक सेवा गर्न (व्याधारूप धारण गरी वनमा रक्षा गर्न प्रकट हुनुभएका भगवान्‌को इच्छानुसार प्रतिदिन शालकूपबाट जल ल्याएर भगवान्‌लाई अर्पण गर्न) लाग्नुभयो र भगवान्‌का नित्यसेवामा रहने सिद्ध सन्त महात्मा श्रीकाञ्चीपूर्ण (श्रीयामुनाचार्य स्वामीजीका प्रियशिष्य) सँग सत्संग गर्दै समय बिताउन लाग्नुभयो ।

## ७) श्रीयामुनाचार्यको श्रीरामानुजसँग भेट्ने इच्छा एवं उहाँको वैकुण्ठ गमन

यता श्रीयामुनाचार्यले श्रीरामानुजलाई भेट्नका लागि आफ्ना अन्तेवासी प्रियशिष्य भारद्वाज गोत्रोत्पन्न बृहच्चरणवंशीय श्रीमहापूर्णलाई काञ्चीपुर गई श्रीरामानुजलाई लिएर श्रीरङ्गम् आउन आज्ञा गर्नुभयो। आचार्यको आज्ञानुसार श्रीमहापूर्ण काञ्चीपुरीतर्फ प्रस्थान गर्नुभयो। त्यहाँ पुगी उहाँले श्रीयामुनाचार्य स्वामीजीद्वारा रचित स्तोत्रहरूमा रत्नस्वरूप भएको सम्पूर्ण वेद–वेदान्तले परिपूर्ण आलवन्दार स्तोत्रको पाठ श्रीभगवान्लाई श्रवण गराउने बहानामा श्रीरामानुजलाई सुनाउनुभयो। यस्तो अलौकिक भगवद्भक्तिले परिपूर्ण दिव्य स्तोत्रको श्रवण गरेर श्रीरामानुज हर्षले अतिशय गद्गद् हुनुभयो र श्रीमहापूर्ण स्वामीजीको आचार्योचित आतिथ्य सत्कार गरी आश्चर्यपूर्वक उक्त स्तोत्र एवं त्यसका रचनाकारका बारेमा विभिन्न जिज्ञासाहरू राख्नुभयो। श्रीमहापूर्ण स्वामीजीको मुखारविन्दबाट सम्पूर्ण वृत्तान्त सुनिसकेपछि श्रीरामानुज पनि श्रीयामुनाचार्य स्वामीजीको दर्शन तथा सेवाका निमित्त श्रीमहापूर्ण स्वामीजीका साथमा श्रीरङ्गम्तिर प्रस्थान गर्नुभयो। जब उहाँहरू काबेरी नदीका तीरमा पुग्न लाग्नुभएको थियो, तब टाढैबाट त्यहाँ धेरै श्रीवैष्णवहरू जम्मा भएको र धेरै कोलाहल हुँदै गरेको देख्नु र सुन्नुभयो। श्रीमहापूर्ण स्वामीजी र श्रीरामानुज त्यस स्थलमा पुग्नेबित्तिकै श्रीयामुनाचार्य स्वामीजीको वैकुण्ठ गमन भएको तथा उहाँका हातका तीनवटा औँलाहरू खुम्चिएका बारेमा त्यहाँ उपस्थित भक्तभागवतहरूले बताउनुभयो। दुर्भाग्यवश भएको यस्तो अकल्पनीय घटनाले श्रीरामानुज अत्यन्त दुःखित हुनुभयो

र श्रीयामुनाचार्य स्वामीजीका हातका मुद्रामाथि दृष्टिपात गरेर त्यसको अभिप्रायलाई जानी यसप्रकार तीनवटा प्रतिज्ञा गर्नुभयो–

**१. म सम्पूर्ण उपनिषद्हरूको सारतत्त्वलाई संग्रह गरेर ब्रह्मसूत्रको प्रामाणिक भाष्य(व्याख्या) रचना गर्नेछु।**

**२. म जीव, प्रकृति र ईश्वरको स्वभाव, ईश्वरप्राप्तिको उपाय आदिको प्रतिपादन गर्ने पुराणरत्नरूप श्रीविष्णुपुराणका रचयिता श्रीपराशर ऋषिको उपकारलाई सम्झेर कुनै (पराशरांश) महाप्राज्ञ श्रीवैष्णवको नाम पराशर राख्नेछु।**

**३. आल्वार्–रत्न श्रीशठकोपसूरिको प्रपत्तिभावपूर्ण सहस्रगाथात्मक दिव्यप्रबन्ध ग्रन्थको कुनै महापुरुषबाट उत्कृष्ट व्याख्या गराई उहाँकै नामले प्रसिद्ध गराउने छु।**

(प्रपन्नामृत आदि ग्रन्थमा उक्त तेस्रो प्रतिज्ञाका स्थानमा संसारी चेतनलाई पनि भगवान्को शरणागति गराएर भवसागरबाट पार लगाउने छु भन्ने प्रतिज्ञा भएको उल्लेख पाइन्छ।)

यसरी प्रतिज्ञा गरेर उहाँले जब श्रीयामुनाचार्य स्वामीजीका श्रीचरणमा साष्टाङ्ग गर्नुभयो, तब श्रीयामुनाचार्य स्वामीजीका खुम्चिएका ती औँलाहरू सिधा भए। यस्तो चमत्कारपूर्ण कार्यलाई देखेर त्यहाँ उपस्थित हुनुहुने सम्पूर्ण विशिष्ट आचार्य–महापुरुषहरूले श्रीयामुनाचार्यद्वारा संकल्पित भगवान्को यस महान् कार्यलाई श्रीरामानुज स्वामीजीले अवश्य नै पूरा गर्नुहुनेछ भन्ने निश्चय गरी उहाँको मङ्गलाशासन गर्नुभयो। त्यसपछि अत्यन्त दुःखित हुनुभएका श्रीरामानुजले भगवान्ले आफूलाई महापुरुष आचार्यको दर्शन–भेटबाट

वञ्चित गरेको सम्झिँदै श्रीरङ्गनाथ भगवान्को दर्शनै नगरी श्रीकाञ्चीपुरी फर्कनुभयो र श्रीवरदराज भगवान्लाई साष्टाङ्ग गरी पूर्ववत् नित्य भगवद्–भागवत–आचार्य कैङ्कर्य(सेवा)मा संलग्न हुनुभयो ।

## ८) काञ्चीपूर्णका माध्यमले भगवान्बाट तत्त्वोपदेश

सिद्धसन्त महात्मा श्रीकाञ्चीपूर्णसँग सत्संग गर्दै भगवान्को नित्यसेवामा रहनुहुने श्रीरामानुजका मनमा जीव, जगत् र ईश्वरको यथार्थ स्वरूप के हो ? भन्ने जस्ता कैयौं जिज्ञासाहरू उठ्न थाले र ती जिज्ञासाहरूको समाधान गर्न अर्चावतार श्रीवरदराज भगवान्सँग प्रत्यक्ष वार्तालाप गर्नुहुने सिद्धयोगी महात्मा श्रीकाञ्चीपूर्ण स्वामीजीसमक्ष निवेदन गर्नुभयो । उक्त जिज्ञासाहरूलाई एकान्तमा भगवान्का समक्ष निवेदन गरेपछि भगवान्ले दिएको उपदेश महात्मा काञ्चीपूर्णले श्रीरामानुजलाई यसरी बताउनु भयो :–

**१. म (श्रीवरदराज भगवान्=श्रीमन्नारायण) नै परम तत्त्व हुँ ।**

**२. जीव र ईश्वरको भेद नै सत्य हो ।**

**३. प्रपत्ति(शरणागति) नै मोक्षको उपाय हो ।**

**४. पूर्ण शरणागति गरेर ममा नै निर्भर रहने प्रपन्नलाई अन्तकालमा मेरो स्मरण अनिवार्य छैन (अर्थात् म नै उनीहरूको स्मरण गरेर मोक्ष प्रदान गर्दछु ।**

**५. शरणागत भक्तलाई प्रारब्ध कर्मानुसार प्राप्त भोग्दै गरेको यस शरीरको अवसान भएपछि मोक्ष मिल्नेछ ।**

**६. ब्रह्मनिष्ठ महापूर्णाचार्य स्वामीजी नै तपाईंका लागि योग्य आचार्य हुनुहुन्छ ।**

## ९) महापूर्णाचार्यबाट श्रीवैष्णवीय दीक्षा एवं शिक्षा

यसरी भगवान्को अभिप्राय महात्मा काञ्चीपूर्णबाट सुनेपछि सम्पूर्ण जिज्ञासाहरू मेटिएर प्रसन्न हुनुभएका श्रीरामानुज तत्काल श्रीमहापूर्णको दर्शन गर्नका लागि श्रीरंगम् तर्फ प्रस्थान गर्नुभयो। यता परमपद जानुअघि श्रीयामुनाचार्यले गर्नुभएको उपदेशको अभिप्रायलाई बुझेका सबै गुरुभाइहरूको सल्लाह–अनुसार श्रीमहापूर्ण पनि श्रीरामानुजसँग भेट गर्न पुनः काञ्चीपुरतर्फ हिँड्नुभयो । दुवैतर्फबाट प्रस्थान गर्नुहुने महापुरुषहरूको बीचमा पर्ने मधुरान्तक भन्ने दिव्यक्षेत्रमा भेट भयो।

भगवत्कृपाले यसरी विशेष उद्देश्य लिएर परस्परको दर्शन–भेटका लागि हिँडनुभएका महात्माहरूको परस्पर कुशलक्षेमादि सहित आध्यात्मिक विषयको संवादपछि श्रीवरदराज भगवान्को आज्ञानुसार श्रीरामानुजले श्रीमहापूर्णस्वामीजीलाई आचार्य वरण गर्नुभयो । श्रीमहापूर्ण स्वामीजीले पनि आफ्ना आचार्य श्रीयामुनमुनिको अभिप्राय–अनुसार उहाँकै प्रतिनिधि बन्दै श्रीरामानुजलाई यागसंस्कारसहितको श्रीवैष्णवीय शरणागति–दीक्षा प्रदान गर्नुभयो।

श्रीरामानुजाचार्यको विशेष अनुरोधपछि मन्त्र–मन्त्रार्थादिको उपदेश प्रदान गर्न सपत्नीक श्रीमहापूर्ण स्वामीजी पनि मधुरान्तकबाट श्रीकाञ्चीपुरी पुग्नुभयो। त्यहाँ श्रीवरदराज भगवान्लाई साष्टाङ्ग गरी श्रीमहापूर्णस्वामीजीले श्रीरामानुजाचार्यकै कुटिमा रहेर उहाँलाई निरन्तर रहस्यार्थ सहित वेदान्तको उपदेश गर्नुभयो, साथै आलवार्हरूद्वारा रचित

दिव्यप्रबन्धहरूको पनि उपदेश गर्नुभयो ।

आचार्य श्रीरामानुजले ६ महिनासम्म निरन्तर आचार्य सेवा गर्दै वेदान्तादिशास्त्रको सार र भक्ति–प्रपत्तिमार्गको रहस्य प्राप्त गर्नु भयो। त्यस समयमा पत्नीसहित भएर श्रीरामानुजाचार्यले आचार्य एवं आचार्यपत्नी(गुरुमाता)को श्रद्धापूर्वक सेवा गर्दै आउनुभएको थियो तर एकदिन श्रीरामानुजाचार्य कार्यविशेषले घरबाट बाहिर जानुभएको बेला उहाँकी पत्नी रक्षकाम्बाले सामान्य कुरामा पूज्य–अतिथि गुरुमातालाई कटुवचन प्रयोग गरेर तिरस्कार गर्नुभयो । यस घटनाको बारेमा थाहा पाएर आचार्य श्रीमहापूर्णले त्यस घटनालाई भगवान् श्रीरंगनाथले सेवाका लागि बोलाउन गर्नुभएको संकेत सम्झँदै श्रीरामानुजाचार्य घर नआइपुग्दै सपत्नीक त्यहाँबाट श्रीरंगम्तर्फ प्रस्थान गर्नुभयो ।

घरमा आएपछि सबै वृत्तान्त थाहा पाएर श्रीरामानुजाचार्य अत्यन्त दुःखित हुनुभयो । पत्नी रक्षकाम्बाबाट पहिले पनि काञ्चीपूर्ण आदि महात्माहरूको अनादर भएको सम्झँदै यसरी संसार–बन्धनमा रही भगवान्को सेवा गर्न गाह्रो रहेछ भन्ने निष्कर्ष निकालेर आफ्नी धर्मपत्नीलाई माइती घर पठाउनुभयो र त्यहाँ उहाँको समुचित व्यवस्था भएको जानकारीपछि स्वयं विरक्त संन्यासी महात्मा बन्ने निश्चय गर्नुभयो ।

## १०) संन्यास ग्रहण एवं धर्मप्रचार

श्रीरामानुजाचार्य भगवान्को सत्संकल्पलाई पूरा गर्न संसारका संपूर्ण भोगैश्वर्यलाई तृणसमान मान्दै भगवान् श्रीवरदराजको सन्निधिमा रहेको अनन्तसरोवरमा स्नान गरी

शास्त्रीय विधिअनुसार वीतराग त्रिदण्डधारी संन्यासी स्वामीजी बन्नुभयो। श्रीवरदराज भगवान्का विशेष कृपाले यति=संन्यासी बन्नुभएका उहाँलाई श्रीकाञ्चीपूर्ण स्वामीजीका मुखबाट भगवान्ले **यतिराज** नाम दिनुभयो। यसरी प्रतिष्ठित हुनुभएका यतिराजको वैभव दिग्दिगन्तरमा फैलिँदै गएपछि उहाँको चरणमा आश्रय लिन कूरेश, वात्स्यनाथ, बाधूलनाथ(दाशरथि) आदि गरिएका सैकडौं विद्वान् पण्डितहरू, सन्तमहात्माहरू र अन्य भक्तजनहरू आउन लाग्नुभयो। यसै क्रममा श्रीवरदराज भगवान्को विशेष अनुग्रह र आफ्नी माताको प्रेरणाले अभिप्रेरित हुँदै पहिले विरोधभाव राख्ने विद्वान् यादवप्रकाश पनि आत्मग्लानि गर्दै श्रीरामानुजाचार्य स्वामीजीको शरण परे र प्रायश्चित्तपूर्वक शिष्य बने। श्रीवैष्णवीय दीक्षापछि आचार्यबाट **"गोविन्द यति"** नाम पाएका उनले उहाँको आज्ञानुसार **यतिधर्मसमुच्चय** नामक संन्यासीको धर्म–आचरण बताउने ग्रन्थ रचना गरे।

यसरी श्रीरामानुज स्वामीजीको वैभव कीर्ति दिनानुदिन बढिरहेको थियो, त्यसैबेला श्रीरंगम् निवासी सम्पूर्ण आचार्य तथा सन्तमहात्माहरूले यस्ता आचार्यलाई श्रीमन्नाथमुनिद्वारा प्रवर्तित र श्रीमद्–यामुनमुनिद्वारा प्रवर्धित यस भक्ति–प्रपत्तिमार्गलाई सबैभन्दा मुख्यस्थान मानिएको साक्षात् भूवैकुण्ठको रूपमा परिगणित यस श्रीरंगम् दिव्य क्षेत्रमा उहाँलाई ल्याएर सम्पूर्ण जीवात्माको उद्धार हुने कार्यमा लगाउनुपर्छ भन्ने निश्चय गरी श्रीयामुनाचार्यका प्रियशिष्य तथा विद्वान् पुत्र श्रीवररंगाचार्यलाई पठाउनुभयो। काञ्चीपुरी आई श्रीवररंगाचार्यले श्रीवरदराज भगवान् र श्रीकाञ्चीपूर्ण महात्मासँग आज्ञा लिएर कूरेशाादि

अन्तरङ्ग केही शिष्यहरूसहित श्रीरामानुज स्वामीजीलाई साथमा लिएर श्रीरङ्गम्‌तिर प्रस्थान गर्नुभयो । श्रीरङ्गम्‌मा भगवान् श्रीरङ्गनाथका आज्ञाले त्यसक्षेत्रमा निवास गर्ने समस्त वैष्णव समुदायसहित आचार्यहरूबाट यतिराज श्रीरामानुज स्वामीजीको पुष्पमाला आदिद्वारा भव्य स्वागत सत्कार भयो । शिष्यहरू सहित पुष्पमालाले सुशोभित यतिराज श्रीरामानुज स्वामीजीले श्रीलक्ष्मीसहित रङ्गनाथ भगवान्‌लाई साष्टाङ्ग दण्डवत् गर्नुभयो। त्यसपछि श्रीरङ्गनाथ भगवान्‌को इच्छा र त्यस क्षेत्रवासी सम्पूर्ण आचार्यहरूको प्रार्थना स्वीकार गर्दै भगवान्‌को सेवाकैंकर्य-वहनको भार शिरोधार्य गर्नुभयो।

## ११) श्रीरंगम्‌मा सुव्यवस्था एवं गोविन्दको उद्धार

श्रीरंगनाथ मन्दिरको दायित्व ग्रहण गरेपछि श्रीरामानुज स्वामीजीले आफ्ना आचार्य श्रीमहापूर्ण स्वामीजीका सन्निधिमा गई श्रीचरणकमलमा कृतज्ञतापूर्वक साष्टाङ्ग दण्डवत् गर्नुभयो । आचार्यले पनि यतिराज रामानुज स्वामीजीलाई नै भगवान् श्रीरङ्गनाथबाट उभयविभूति(लीलाविभूति=संसार र त्रिपादविभूति=वैकुण्ठधाम)को निर्वाहकत्व(संसारी जीवलाई भगवान्‌को बनाई वैकुण्ठ प्रदान गर्ने अधिकार) प्रदान गरिबक्सेको छ भन्ने कुरा उपदेश गर्नुभयो । आचार्यनिष्ठ श्रीरामानुज स्वामीजी श्रीमहापूर्णाचार्य स्वामीजीकै वशवर्ती भएर श्रीरङ्गम्‌मा निवास गर्न लाग्नुभयो।

श्रीरंगम् आएर भगवत्सेवामा लाग्नुभएका श्रीरामानुज स्वामीजीलाई भगवान् श्रीरंगनाथले यस क्षेत्रका

राजा अकलंकलाई शिष्य बनाउन आज्ञा दिनुभयो । तदनुसार राजालाई शिष्य बनाएर उनका सहयोगबाट मन्दिरमा रहेर र बाहिरबाट पनि भगवान्को सेवा–आराधनामा अव्यवस्था पु-याउने दुराचारीहरूलाई दबाएर सेवा–आराधनादि सबै व्यवस्थालाई राम्रो बनाउनुभयो । अनि क्रमशः यतिराजले आगमादि शास्त्र जानेका अनि भगवान्मा निष्ठा भएका सुयोग्य सदाचारी ब्राह्मणहरूलाई १०वर्गमा विभाजन गरी योग्यतानुसार विभिन्न प्रकारका भित्री सेवामा र अन्य जातिका भागवत वैष्णवहरूलाई पनि त्यसरी नै योग्यातानुसार मन्दिरको बाहिरी सेवामा लगाउनुभयो ।

एकदिन बालक समान भएर भक्तपराधीन हुनुहुने अर्चावतार श्रीरंगनाथ भगवान्लाई अर्चकहरूले रात्रीको समयमा दध्योदन (दही मिलाएर बनेको भात) र अमिलो जामुनोको फल भोग लगाएको कुरा जब श्रीरामानुज स्वामीजीले सुन्नुभयो, तब ती दुई वस्तु मिलाएपछि हुने विषरूप भोजन अर्पण गर्दा महान् अनर्थ भएको बुझेर तत्काल त्यस्ता अर्चकलाई भगवान्को सेवाबाट हटाउन आज्ञा दिनुभयो । अनि उक्त दोषलाई निवारण गर्न विषनाशक औषधीविशेष बनाएर भगवान्लाई अर्पण गर्न लगाउनुभयो । साथै मन्दिर परिसरभित्र नै एउटा आरोग्यशाला बनाएर भगवान् धन्वन्तरिको मन्दिर स्थापना गर्नुभयो । यसरी सर्वसुहृद् दयालु यतिराजले पिता भएर भक्तपराधीन पुत्रसमान अर्चावतार भगवान्को सबै तरिकाले संरक्षण गर्ने महनीय कार्य गर्नुभयो ।

यसपछि श्रीरामानुज स्वामीजीलाई आफ्ना कालहस्ती

क्षेत्रनिवासी भाइ श्री गोविन्द भट्टको उद्धार गर्ने चाहना भयो र सो कार्यका लागि श्रीवेंकटाचलनिवासी मामा श्रीशैलपूर्णलाई पत्रमार्फत् निवेदन गर्नुभयो । कालहस्ती गएर श्रीमन्नारायण भगवान्को गुणवैभव आदिसम्बन्धी प्रवचन गर्नुहुने श्रीशैलपूर्णबाट प्रभावित भई गोविन्द भट्टले भगवान्को शरणागति दीक्षा ग्रहण गर्नुभयो ।

## १२) आचार्यहरूबाट रहस्यार्थ ग्रहण

यता श्रीरंगम् क्षेत्रमा श्रीमहापूर्ण स्वामीजीले श्रीरामानुज स्वामीजीलाई गीतार्थसंग्रह, सिद्धित्रय, पाञ्चरात्रागम आदि ग्रन्थहरूका साथै गुरुपरम्पराप्राप्त रहस्यार्थको ज्ञान प्रदान गरेर भन्नुभयो कि- हामी सबैका आचार्य श्रीयामुनाचार्य स्वामीजीले अरू पनि धेरै शास्त्र र मन्त्र-मन्त्रार्थका रहस्यहरू श्रीगोष्ठीपूर्णाचार्य, श्रीमालाधराचार्य, श्रीवररंगाचार्य र श्रीशैलपूर्णाचार्य लगायतका प्रियशिष्यहरूलाई जिम्मा लगाएर जानुभएको छ, अतः श्रीयामुनाचार्य स्वामीजीकै इच्छानुसार उहाँहरूबाट ती अमूल्य सम्पत्ति ग्रहण गर्नुहोस् । आफ्ना आचार्यका यस्ता अमृतमय वचन सुनेर श्रीरामानुज स्वामीजी श्रीयामुनमुनिका विद्वान् शिष्य श्रीगोष्ठीपूर्ण स्वामीजीसँग शिक्षा लिन जानुभयो। श्रीगोष्ठीपूर्णस्वामीजीले १८ पटकसम्म निषेध गर्दा पनि ज्ञान प्राप्त गर्न उत्कट इच्छा भई धाइरहने सुयोग्य शिष्य यतिराज श्रीरामानुजलाई मन्त्रार्थ आदिको उपदेश गर्नुभयो। आचार्य आज्ञानुसार गुप्त राख्नुपर्ने यी मन्त्रार्थहरूलाई दयासागर श्रीरामानुज स्वामीजीले **भवसागरमा डुबेका असंङ्ख्य जीवात्माहरूको उद्धार होओस्** भन्ने उदात्त भावनाले अभिप्रेरित

भई सबैलाई उपदेश गर्नुभयो । यस कार्यबाट श्रीयामुनाचार्यले गर्नुभएको **संसारी चेतनलाई पनि यस श्रीसम्प्रदायमा ल्याएर भवसागरबाट पार लगाउनेरूप सत्संकल्प**लाई श्रीरामानुज स्वामीजीले पूर्ण गर्नुभयो। यस्ता करुणानिधि, सकलजगदुद्धारक अलौकिक प्रतिभासम्पन्न श्रीरामानुज स्वामीजीको गुण र वैभवलाई जानेर श्रीगोष्ठीपूर्ण स्वामीजीले मन्नाथ(हामी सबैका स्वामी) नाम प्रदान गर्दै उहाँको हृदयतः अभिनन्दन गर्नुभयो र सौम्यनारायण नामक आफ्ना पुत्रलाई श्रीरामानुज स्वामीजीको शिष्य बनाई उहाँकै सेवामा लगाइदिनु भयो ।

त्यसैगरी श्रीमहापूर्ण स्वामीजीले दिव्यप्रबन्ध र तत्सम्बन्धी अन्य विशेष रहस्यको अध्ययन गर्नका लागि श्रीरामानुज स्वामीजीलाई वररङ्गाचार्य स्वामीजी र श्रीमालाधर स्वामीजीका सन्निधिमा क्रमशः पठाउनु भयो। दुवै आचार्यबाट द्राविडवेदरूप दिव्यप्रबन्धको सम्पूर्ण अर्थ प्राप्त गरेर श्रीमान् रामानुज स्वामीजी उभयवेदान्त (संस्कृत उपनिषद् र द्राविड दिव्यप्रबन्ध)का प्रवर्तकाचार्य बन्न सफल हुनुभयो । यस्ता सुयोग्य शिष्यलाई प्राप्त गरेर सम्पूर्ण आचार्यहरू आफूलाई धन्य सम्झी गौरवान्वित हुनुभयो र प्रायः सबैले आ–आफ्ना पुत्र, भाइ आदि स्वसम्बन्धीहरूलाई श्रीरामानुज स्वामीजीको शिष्य बनाएर आचार्य–सेवामा लगाउनुभयो ।

## १३) शिष्यहरूलाई रहस्यार्थ प्रदान

आचार्यहरूबाट यसप्रकार श्रीरामानुज स्वामीजीले उभयवेदान्तार्थको ग्रहण गरेर कूरेश, दाशरथि आदि प्रमुख शिष्यहरूलाई गोष्ठीपूर्ण स्वामीजीबाट प्राप्त मन्त्रार्थरहस्य

प्रदान गर्नुभयो र ती ज्ञानी आचार्यनिष्ठ शिष्यहरूसहित भएर प्रपत्तिमार्गको प्रचार गर्दै प्रसन्नतापूर्वक श्रीरङ्गम्मा निवास गर्न लाग्नुभयो। केही समयपछि त्यहाँ वेंकटाचलबाट प्रणतार्तिहराचार्य नामक उत्तम ब्राह्मण श्रीशैलपूर्णाचार्यका पुत्र बालक पिल्लान्(कुरुकेश)लाई साथमा लिएर आउनुभयो। श्रीशैलपूर्णद्वारा पठाइएका ती बालक पिल्लान्मा सदाचारनिष्ठा, सेवाभाव र आफूप्रतिको भक्ति देखेर श्रीरामानुज स्वामीजी अतिप्रसन्न हुनुभयो। उहाँले प्रणातार्तिहराचार्य र पिल्लान् लाई मन्त्रार्थको यथेष्ट उपदेश गर्नुभयो। त्यस दिनदेखि प्रणतार्तिहराचार्य पनि श्रीरामानुज स्वामीजीको अंगरक्षक भई नित्यसेवा गरेर त्यहीँ रहन थाल्नुभयो।

श्रीयतिराज स्वामीजी प्रतिदिन भिक्षान्न स्वीकार गर्नुहुन्थ्यो। एक दिन उहाँलाई विषयुक्त भिक्षान्न प्राप्त भयो। त्यो थाहा पाएर उहाँले ३ दिनसम्म केही पनि ग्रहण गर्नुभएन। यो कुरा श्रीमहापूर्ण, गोष्ठीपूर्ण आदि आचार्यहरूले थाहा पाउनुभयो र 'आजबाट हजुरले श्रीप्रणतार्तिहराचार्यको हातबाट बनेको भिक्षामात्र स्वीकार गर्नुहोस्' भन्नुभयो। त्यस दिनदेखि यतिराज श्रीरामानुज स्वामीजी प्रणतार्तिहराचार्यका हातबाट बनेको भिक्षामात्र स्वीकार गर्न थाल्नुभयो।

## १४) यज्ञमूर्तिसँग शास्त्रार्थ

श्रीरामानुज स्वामीजी नित्य श्रीरङ्गनाथ भगवान्को सन्निधिमा रहेर उभयवेदान्तको प्रवचन गरिरहनुहुन्थ्यो। त्यही समयमा श्रीरङ्गम्मा यज्ञमूर्ति नामका एकजना धुरन्धर अद्वैती

सन्यासी विद्वान् शास्त्रार्थका लागि आए । ती अद्वैतवादीसँग श्रीरामानुज स्वामीजीको १८ दिनसम्म शास्त्रार्थ चल्यो । त्यस शास्त्रार्थमा पराजित हुनेले जित्नेको सिद्धान्त स्वीकार गर्नुपर्ने प्रतिज्ञा गरिएको थियो । श्रीरामानुज स्वामीजीले यज्ञमूर्तिलाई पराजित गर्न उपाय र युक्तिहरूको निरन्तर विचार गर्दै भगवान्को चिन्तन गर्नुभयो । त्यस प्रकारको मनोभाव जानेर भगवान् श्रीवरदराजले श्रीरामानुज स्वामीजीलाई स्वप्नमा दर्शन दिई दृष्टान्तसहित युक्तिहरूको उपदेश गर्दै पूर्वाचार्यद्वारा विरचित सिद्धित्रय आदि ग्रन्थहरूको अवलोकन गर्न आज्ञा गर्नुभयो । यसरी भगवत्कृपा र आचार्य–अनुग्रह भएपछि श्रीरामानुज स्वामीजीले विविध युक्तिहरूद्वारा मायावादी यज्ञमूर्तिलाई पराजित गर्नुभयो । त्यसपछि यज्ञमूर्तिले श्रीरामानुज स्वामीजीका शरणमा परेर उहाँको शिष्यत्व स्वीकार गरे । उनलाई कृपा गर्दै श्रीरामानुज स्वामीजीले शिष्य बनाई **'देवराज रामानुज जीयर'** नाम दिनुभयो, जसबाट यज्ञमूर्ति अत्यन्त प्रसन्न भए ।

## १५) वेंकटाद्रिको यात्रा एवं रामायण रहस्यार्थ ग्रहण

श्रीरामानुज स्वामीजी आफ्ना प्रमुख शिष्यहरूसहित विभिन्न स्थानका देवालयहरूमा भगवान्को दर्शन गर्दै त्यहाँ पूजा–आराधना आदिको सुव्यवस्था मिलाउन र दुर्गम क्षेत्रमा गएर साधारण जीवात्माहरूको पनि उद्धार गर्दै मुक्तिको बाटो देखाउन यात्रामा निस्कनुभयो । यस क्रममा वेदविरोधी र धर्मविरोधी सबै प्रकारका मतावलम्बीहरूलाई शास्त्रार्थद्वारा पराजित गर्दै सन्मार्गमा ल्याउनुभयो । यसरी भक्ति–

प्रपत्तिसिद्धान्तको प्रचार गर्दै काञ्चीस्थित श्रीवरदराज भगवान्को दर्शन गरेर श्रीवेंकटाद्रि पुग्नुभयो र वर्षदिनसम्म त्यहाँ बसेर उहाँले श्रीशैलपूर्ण स्वामीजीसँग रामायणको रहस्यार्थ श्रवण गर्नुभयो, जुन परमाचार्य श्रीयामुनमुनिबाट प्राप्त धरोहर थियो। श्रीरामानुज स्वामीजीले पनि विशिष्टाद्वैत वेदान्तको सिद्धान्त स्थापना गर्न ग्रन्थहरूको प्रणयन गर्ने संकल्प गर्नुभयो। उहाँले सम्पूर्ण वेदको सिद्धान्तलाई प्रतिष्ठापित गर्नका लागि सर्वप्रथम उपनिषद्हरूको सार निकालेर भगवान् श्रीवेंकटेश्वरलाई समर्पण गर्नुभयो, जो वेदार्थसंग्रह नामक ग्रन्थका रूपमा प्रसिद्ध भयो।

यसरी यतिराज श्रीरामानुज स्वामीजीको गुण र वैभवबाट मुग्ध हुनुभएका श्रीशैलपूर्ण स्वामीजीले पनि महापूर्ण आदि गुरुभाइहरूले झैं आफ्ना दुई पुत्रहरूलाई उहाँकै चरणमा आश्रित गराउनुभयो। ती दुई जना पुत्रहरूले पनि श्रीरामानुज स्वामीजीबाट दीक्षित तथा शिक्षित भई सम्पूर्ण पुरुषार्थ प्राप्त गरे। श्रीशैलपूर्ण स्वामीजीले कनिष्ठ (कान्छो) पुत्र कुरुकेशलाई उनकै इच्छानुसार यतिराजको नित्य सेवामा सदाका लागि समर्पण गर्नुभयो। त्यसपछि श्रीशैलपूर्णद्वारा कालहस्ती क्षेत्रबाट उद्धार गरेर ल्याइएका ज्ञानवैराग्यसम्पन्न श्रीगोविन्दलाई पनि साथै लैजानका लागि श्रीरामानुज स्वामीजीले अनुमति लिएर पिल्लान् (कुरुकेश) र गोविन्दलाई लिई काञ्चीपुरी हुँदै श्रीरङ्गम् पुग्नुभयो। भाइ गोविन्दको ज्ञानवैराग्यसहित भगवद्–भक्ति देखेर श्रीरामानुज स्वामीजीले संन्यासको दीक्षा प्रदान गरी **एम्बार्** नाम राखिदिनुभयो।

कुनै समयमा श्रीरामानुजाचार्य स्वामीजी आफ्नो

कुटि(मठ)भित्र कुनै प्रबन्धको अर्थानुसन्धान गर्दै हुनुहुन्थ्यो । त्यो देखेर पिल्लान्‌ले श्रीरामानुज स्वामीजीको मनमा भएको अर्थानुसन्धानलाई उच्चारणपूर्वक सुनाइदिनुभयो । त्यो सुनेर श्रीरामानुज स्वामीजी म जुन अर्थको चिन्तन गर्दै थिएँ, त्यसैलाई पिल्लान्‌ले कसरी जाने भन्ने विचार गरी अत्यन्त आश्चर्यचकित हुनुभयो र उहाँलाई बोलएर अङ्कमाल गरी– **'तिमी मेरा ज्ञानपुत्र हौ'** भनेर ठुलो सम्मानका साथ अभिनन्दन गर्नुभयो। पिल्लानले नै पछि श्रीशठकोप स्वामीजीद्वारा विरचित चरमप्रबन्धको भाष्य गर्नुभयो। श्रीरामानुज स्वामीजीले उहाँको **कुरुकेश्वर (शठकोप स्वामीजीसम्बन्धी)** नाम राखिदिनुभयो र **उहाँले रचना गर्नुभएको ६००० ग्रन्थ भएको व्याख्यालाई श्रीसहस्रगीतिको भाष्यको रूपमा स्थापित गराउनुभयो** । यसरी रामानुज स्वामीजीले श्रीयामुनाचार्यका समक्ष गरेका तीन प्रतिज्ञामध्ये **तेस्रो प्रतिज्ञा** पूरा गर्नुभयो। त्यसपछि श्रीरामानुज स्वामीजी आफ्ना शिष्यहरूसँग वेदान्तको उपदेश गर्दै आनन्दपूर्वक श्रीरङ्गम्‌मा नै निवास गर्न लाग्नुभयो ।

## १६) ब्रह्मसूत्रभाष्य रचना एवं पराशर भट्टर्‌को जन्म

एक दिन श्रीरामानुजाचार्यले आफ्ना शिष्यहरूका समक्ष श्रीयामुनाचार्यजीको गुणवर्णन गर्दै गर्दा उहाँलाई आफूद्वारा गरिएको प्रतिज्ञाको स्मरण भयो र उहाँले शिष्यहरूलाई सम्बोधन गर्दै भन्नुभयो– **'ब्रह्मसूत्रको प्रामाणिक भाष्य रचना गर्नेछु** भनेर मैले श्रीयामुनाचार्य स्वामीजीसँग प्रतिज्ञा गरिसकेको छु तर त्यसका निम्ति आजसम्म केही पनि लेखिएको छैन ।

त्यस्तो भाष्यको निर्माणका लागि ब्रह्मसूत्रका रचयिता महर्षि बादरायणका प्रधानशिष्य महर्षि बोधायनद्वारा रचित वृत्तिको आवश्यकता छ तर त्यो ग्रन्थ यहाँ उपलब्ध छैन। उक्त ग्रन्थ कश्मीरको राजकीय पुस्तकालयमा अत्यन्त सुरक्षाका साथ राखिएको छ भन्ने सुनिएको छ । अतः कूरेशलाई लिएर म आजै कश्मीरका लागि प्रस्थान गर्नेछु। तिमीहरूले पनि **हाम्रो यात्राको सफलताको लागि श्रीभगवान्सँग प्रार्थना गर्नू।'** यति भनेर यतिराज श्रीरामानुज श्रीकुरेशलाई लिएर कश्मीरतर्फ प्रस्थान गरी तीन महिनापछि कश्मीरस्थित शारदापीठ पुग्नुभयो।

कश्मीर पुगेपछि त्यहाँका विभिन्न पण्डितहरूसँग उहाँको साक्षात्कार एवं अनेक प्रकारका शास्त्रालाप पनि भए। यतिराजको विद्वत्ता, चातुर्य आदि गुणप्रभाव देखेर त्यहाँका पण्डितहरू निकै विस्मित भए र विशिष्ट विद्वान् अतिथिका रूपमा स्वागत–सत्कार गरे। जब उहाँले बोधायनवृत्तिको कुरा ती पण्डितहरूसामु राख्नुभयो, तब तिनीहरूले दुर्भाग्यवश उक्त वृत्ति नष्ट भएको कुरा सुनाए, जुन सत्य थिएन। यी कुराले आफ्नो सारा परिश्रम व्यर्थ भयो भनेर धेरै दुःखी हुँदै सोचिरहेको समयमा माता शारदादेवीको कृपा भयो र बोधायनवृत्ति उपलब्ध भयो।

यसरी श्रीरामानुज स्वामीजीले भगवती श्रीसरस्वतीदेवीको दर्शन एवं अनुग्रहले उद्देश्य सफल भएपछि आफूलाई कृतकृत्य सम्झँदै त्यहाँबाट आफ्ना प्रियशिष्य श्रीकूरेशसहित प्रस्थान गर्नुभयो। फर्किँदै गरेका बेला दुर्भाग्यवश उहाँहरूलाई पछ्याउँदै आएका कश्मीरका केही दुष्ट व्यक्तिहरूले उहाँहरूबाट

बोधायनवृत्ति बलपूर्वक अपहरण गरी लिएर गए।

यस घटनाबाट श्रीरामानुज धेरै दुःखित हुनुभयो। आचार्यको यस अवस्थालाई देखेर श्रीकूरेशजीले भन्नुभयो– **'भगवन् ! हजुर दुःखित नहुनुहोस्, किनकि कश्मीरदेखि यहाँसम्मको यात्रा गर्दा मैले प्रत्येक रात हजुरको शयनपश्चात् उक्त वृत्तिको पारायण गर्दथेँ। तसर्थ मलाई उक्त सम्पूर्ण वृत्ति स्मरण छ।'** मेधावी शिष्यका यस्ता कुरा सुनी सर्वलोकहितैषी महान् कार्य गर्न चाहने श्रीरामानुज स्वामीजी अत्यन्त प्रसन्न हुनुभयो र श्रीकूरेशलाई अङ्कमाल गर्दै भन्नुभयो – **'वत्स ! तिमीलाई सदैव भगवत्कृपा प्राप्त भइरहोस्। तिमीले आज नष्टप्रायः रत्नस्वरूप बोधायनवृत्तिको उद्धार गरेर मलाई सदाको लागि ऋणी बनाइदिएका छौ।'** त्यसपछि विद्वान् शिष्य श्रीकूरेशजीको सहयोगले श्रीरामानुज स्वामीजीले ब्रह्मसूत्रको प्रामाणिक भाष्यको रचना गर्नुभयो। त्यस विस्तृत भाष्य–ग्रन्थको अवबोध गर्न साधारण जनलाई गाह्रो भएकाले संक्षेपीकरण गर्दै उहाँले वेदान्तसार, वेदान्तदीपका रूपमा पनि ब्रह्मसूत्रवृत्ति रचना गर्नुभयो। त्यसैगरी पाँचौं वेदका रूपमा प्रतिष्ठित महाभारतमा भगवान् श्रीकृष्णले अर्जुनलाई दिएको उपदेशात्मक ग्रन्थ श्रीमद्भगवद्गीताको पनि यथार्थ भाष्य रचना गर्नुभयो। यसरी यतिराज श्रीरामानुज स्वामीजीले वेदान्तसूत्रहरूको यथार्थ भाव प्रकट गर्ने ब्रह्मसूत्रभाष्यको रचना गरी श्रीयामुनाचार्य स्वामीजीको अर्को मनोरथ र आफ्नो पहिलो प्रतिज्ञा पनि पूर्ण गर्नुभयो। त्यसपछि उत्तरफाल्गुनी नक्षत्रमा श्रीरङ्गनायिकासहित श्रीरङ्गनाथ भगवान्को महाभिषेकका समयमा यतिराज

श्रीरामानुज स्वामीजीले गद्यत्रयको रचना गरी भगवान्‌का चरणारविन्दमा शरणागतिभाव व्यक्त गर्नुभयो अनि शरणागत भक्तका लागि अन्त्यन्त हितकारी नित्यग्रन्थ नामक पाञ्चरात्र आगमअनुसारी भगवदाराधना–ग्रन्थको प्रणयन गर्नुभयो। यसरी यी ग्रन्थहरूको रचना र उपदेशबाट शिष्यहरूको जिज्ञासा शान्त पार्नुका साथै अनन्तकालसम्म पनि भगवत्–शरणागत हुने असंख्य जीवात्मालाई मोक्षमार्गको बाटो देखाउनुभयो।

श्रीभाष्यकार रामानुज स्वामीजीले धेरै कालसम्म श्रीयामुनाचार्यसँग गर्नुभएको अर्को एउटा प्रतिज्ञा पूरा गर्न पाउनु भएको थिएन। गुणवैभवादिको प्रकाशन गर्दै भगवान् श्रीमन्नारायणको महत्त्व प्रकट गर्ने श्रीविष्णु महापुराणका रचयिता महर्षि श्रीपराशरको उपकारलाई सम्झिँदै उहाँकै अंशका रूपमा प्रकट हुनुहुने कुनै महापुरुषको पराशर नाम राख्नेछु यस्तो सत्संकल्पलाई पूरा गर्न भगवान् श्रीरंगनाथसँग प्रार्थना गर्नुभयो, जसले गर्दा सम्पूर्ण संसारी भोग–ऐश्वर्य त्यागेर आचार्यसेवामा नै आफ्नो जीवन बिताउनु हुने ऋषिकल्प विरक्त श्रीकूरेश स्वामीजीमाथि श्रीरङ्गनाथ भगवान्‌ले ठुलो कृपा गरी महर्षि पराशरका अंशका रूपमा एक पुत्र प्रदान गर्नुभयो। श्रीरामानुज स्वामीजीले कूरेशपुत्रको पराशर नामकरण गर्नुभयो र आफ्ना विद्वान् शिष्य श्रीगोविन्दलाई शिक्षा–दीक्षा दिन आज्ञा गर्नुभयो। यसरी श्रीरामानुज स्वामीजीले श्रीयामुनाचार्य स्वामीजीको दोस्रो सङ्कल्प पनि पूरा गर्नुभयो। महर्षि पराशर तुल्य गुण र ज्ञानले सम्पन्न श्रीपराशर भट्टर्‌ले बाल्यकालदेखि नै अलौकिक प्रतिभाद्वारा कुमार्गगामी अनेकौं शुष्कपण्डितहरूलाई

शास्त्रार्थमा पराजित गर्दै भगवान्को शरणागत बनाएर भक्ति–प्रपत्तिमार्गलाई अझ विस्तीर्ण गराउने जस्ता महत्त्वपूर्ण कार्यहरू गर्नुभयो र भगवान्का गुणवैभवलाई प्रकट गर्न श्रीविष्णुसहस्रनामको **'भगवद्–गुणदर्पण'** नामक उत्कृष्ट भाष्य रचना गर्नुभयो। भगवान् रंगनाथकै कृपाले पराशर भट्टर्सँगै व्यासांशको रूपमा व्याससमान गुणज्ञानादियुक्त सहोदर भाइको जन्म भएको थियो, जो **श्रीव्यासभट्टर् (श्रीरामदेशिक)** नामले प्रसिद्ध हुनुभयो।

श्रीरङ्गम्का नजिकै निचुला नगरीमा तल्लो वर्गमा उत्पन्न भएका **धनुर्दास** नामका एक पहलमान थिए। उनकी हेमाम्बा नामकी अत्यन्त सुन्दरी युवती पत्नी थिइन्। उनको सौन्दर्यमा मोहित भई अत्यन्त आसक्त भएका धनुर्दासलाई रामानुज स्वामीजीले उद्धार गरी जगद्वन्द्य कमलनयन सकलसौन्दर्यनिधि भगवान् श्रीरङ्गनाथको सौन्दर्यमा आकर्षित गराई अनन्य भक्त बनाउनुभयो। यसरी सबै प्रकारका दोषलाई नाश गर्दै पवित्र बनाउनुहुने आचार्यश्रीका चरणको आश्रय पाएर सपत्निक ती धनुर्दासले आचार्य एवं भगवान्को कैङ्कर्य गर्दै जीवन सफल बनाए।

## १७) दिग्विजय एवं मठ–मन्दिरहरूको व्यवस्थापन

श्रीरामानुज स्वामीजी शिष्यमण्डलीसहित विभिन्न क्षेत्रहरूको भ्रमण गर्दै अवैदिक नास्तिक एवं भक्तिप्रपत्तिविरोधी पण्डितहरूलाई परास्त गरी भगवत्–शरणागत बनाउनुभयो। जहाँ जहाँ श्रीस्वामीजीको सबारी भयो, त्यहाँ त्यहाँ रहेका असंख्य

जीवात्माहरूको उद्धार भयो । यसरी कैयौं दिनको दिग्विजय यात्रा गर्दै श्रीस्वामीजी कश्मीर जानुभयो र त्यहाँ विराजमान विद्याकी अधिष्ठात्री भगवती श्रीसरस्वती देवीलाई आफ्नो बोधायनवृत्तिअनुसारी ब्रह्मसूत्र-भाष्य ग्रन्थ समर्पण गर्नुभयो । माता सरस्वतीले त्यस कृतिलाई आफ्नो शिरमाथि राखेर **यो भाष्यग्रन्थ श्रीभाष्यका नामले लोकमा प्रसिद्ध हुनेछ** भन्ने आज्ञा गर्नुभयो । श्रीभगवती शारदाले उहाँद्वारा रचित श्रीभाष्यसहित भगवान् श्रीहयग्रीवको मूर्ति श्रीरामानुज स्वामीजीलाई प्रदान गर्नुभयो। यसपछि श्रीरामानुज स्वामीजीले श्रीवरदराज भगवान् लाई जस्तै श्रीहयग्रीव भगवान्लाई पनि इष्टदेव बनाई नित्य आराधना गर्न लाग्नुभयो ।

केही दिन कश्मीरमा बसेपछि श्रीरामानुज स्वामीजीले शिष्यहरूसहित अनेक क्षेत्रहरूमा पुगेर परमतावलम्बीहरूलाई शास्त्रार्थद्वारा पराजित गर्नुभयो अनि ती क्षेत्रहरूमा भगवान्का मन्दिर निर्माण तथा जीर्णोद्धार गरेर भक्ति-प्रपत्तिसिद्धान्तको प्रचार गर्दै भगवान्को वास्तविक स्वरूपको परिचय गराई धेरै जनसमुदायलाई भगवद्-भक्त बनाउनुभयो । यसरी उत्तर एवं दक्षिणका विभिन्न तीर्थक्षेत्रहरूको यात्रा गरेर उहाँले सर्वत्र वैदिक धर्मको ध्वजा फैलाउँदै जानुभयो। यसप्रकार श्रीरामानुज स्वामीजीले असंख्य जीवात्मालाई भगवान्को शरणागति गराएर मोक्षको अधिकारी बनाउनुभयो ।

एक समय श्रीवेंकटाद्रिमा कुनै अनन्य भक्तलाई आफ्ना शंख-चक्रहरू प्रदान गर्नुभएकाले भगवान् शंख चक्रविहीन अवस्थामा विराजमान हुनुहुन्थ्यो । आयुधरहित अवस्थामा

भएका भगवान्‌को विग्रह देखेर धेरैमा भ्रम हुन थाल्यो र त्यहाँ रहेका केही समुदायले भगवान्‌लाई कार्तिकेय, महादेव आदि र केहीले विष्णु भन्दै एक आपसमा विवाद गरिरहेका थिए। श्रीरामानुज स्वामीजी वेंकटाद्रि पुग्नुभएको समयमा पनि निकै ठुलो वादविवाद भइरहेको थियो। त्यो देखेर श्रीरामानुज स्वामीजीले ती दुई समुदायलाई साम्य पार्दै "श्रीवेंकटेश भगवान् विष्णु अथवा शिव के हुनुहुन्छ विचार गरेर हेरौं, यसको लागि भगवान्‌का अगाडि श्रीमन्नारायणका शंखचक्रादि आयुधहरू र श्रीशिवशंकरका त्रिशूल डमरु आदि आयुधहरू रात्रीमा राखिदिऔँ। भगवान्‌ले स्वीकार गर्नुभएका आयुधहरूका आधारमा उहाँको स्वरूप निर्धारित हुनेछ" भन्ने प्रस्ताव राखी प्रमाणित गर्नका लागि मन्दिरभित्र शंख–चक्र र त्रिशूल डमरु आदि राखेर ढोका बन्द गरिदिनुभयो। भोलिपल्ट प्रातःकालमा भगवान्‌ले शंख–चक्र धारण गर्नुभएको सबैले देखे। यसरी भगवान् श्रीमन्नारायण नै कलियुगमा भक्तलाई कृपा गर्न श्रीवेंकटेश्वरको रूपमा आउनुभएको रहेछ भनेर सबै खुशी भए। श्रीरामानुज स्वामीजीबाट भगवान्‌को वैभव बढाउने यस्तो महान् कार्य भएको देखेर श्रीशैलपूर्ण स्वामीजीले अति प्रसन्न भई उहाँको हार्दिक अभिनन्दन गर्नुभयो।

त्यसपछि श्रीरामानुज स्वामीजी आफ्ना शिष्यहरूसहित विविध क्षेत्रको यात्रा गर्दै श्रीरङ्गम् जानुभयो। पूर्वाचार्यहरूका आशिर्वाद र भगवत्कृपाले उभयवेदान्तका ज्ञाता हुनुभएका श्रीरामानुज स्वामीजीको विलक्षण शैलीको उपदेशका प्रभावले उहाँको यश टाढा–टाढासम्म फैलिँदै गयो अनि हज्जारौं श्रद्धालु

एवं जिज्ञासुहरू श्रीरामानुज स्वामीजीको गुण र वैभवको बारेमा सुनेर उहाँका शरणमा आउँदै गए। त्यो देखेर अन्य मतावलम्बी केही व्यक्तिहरू श्रीरामानुज स्वामीजीप्रति ईर्ष्याको भाव राख्न पनि थाले।

## १८) चोलराज कृमिकण्ठको प्रसङ्ग

त्यस समयमा श्रीरामानुज स्वामीजी निवास गर्नुभएको श्रीरंगम् क्षेत्र चोल राज्यका अधीनमा पर्दथ्यो। त्यहाँको राजा चोलनरेश अतिक्रूर, अधर्मी र अविवेकी थियो। त्यसैले उसले वैष्णवप्रिय महाभागवत शिवशंकरको महिमालाई नबुझेर उहाँको भक्त बनेझैँ गर्दै शंकरप्रिय भगवान्का अनन्य भक्त वैष्णवहरूप्रति द्वेष गर्न थाल्यो। कलियुगका सम्पूर्ण दोषहरू बोकेको त्यस दुष्टले आफ्ना क्षेत्रमा रहेका भगवान्का केही मठ–मन्दिरहरू तोड–फोड समेत गर्न थाल्यो। श्रीरामानुज स्वामीजीले गरेको वैदिक धर्मभित्रको भगवद्–भक्तिरूपी सात्त्विक मार्गको विस्तारबाट त्यो तमोगुणी राजा अत्तालिएको थियो। अतः जसरी भए पनि रामानुज स्वामीजी आदि सबै साधु–सन्त आचार्यहरू सहित भक्तहरूलाई आफ्नो अधीनमा ल्याउने, यदि अधीनमा नआए समाप्त पारिदिने योजनाअनुसार त्यस अविवेकीले आफ्ना क्षेत्रमा निवास गर्ने सबै साधु–सन्तहरूबाट जबर्जस्ती शिवात् परतरं नास्ति यस्तो लेखाउन आदेश गऱ्यो। पापी राजाको अन्न खाएर बुद्धि बिग्रिएका कुनै सेवकको संकेतले अझ क्रूर भएको त्यो चोलले श्रीरामानुज स्वामीजीलाई ल्याउनको लागि आफ्ना दूतहरूलाई पठायो।

ज्ञानी महात्मा एवं भगवान्का भक्तको महिमा नबुझेको त्यस क्रूरकर्मा राजाले “रामानुजले आउन नमाने समाएर बन्दी बनाएर भए पनि ल्याउनू” भनेर आदेश दियो । उसका दूतहरूबाट राजाको दुराग्रहपूर्ण आशय स्वामीजीका शिष्य श्रीकूरेश आदिले पहिले नै थाहा पाउनुभयो र चिन्तित हुँदै श्रीरामानुज स्वामीजीलाई बताउनुभयो। सर्वं भगवदधीनम् भन्ने कुरा बुझेका श्रीस्वामीजीले सबैलाई धैर्यधारण गरेर उपायको अन्वेषणमा जुट्न निर्देशन दिनुभयो । त्यस अवस्थामा स्वामीजीका प्रियशिष्य श्रीकूरेश स्वामीजी धेरै नै चिन्तित हुनुभयो र उहाँलगायत श्रीमहापूर्ण आदि सबैले चोलराज मूर्ख स्वभावको भएको हुनाले ‘मूर्खदेखि दैव डराउँछ’ भनेझैँ त्यसलाई शास्त्रीय तर्क र प्रमाणका आधारमा सहमत गराउन सम्भव नदेखिएकोले उसबाट जोगिनु वा ‘जस्तालाई त्यस्तै’ भनेझैँ बाङ्गै शैलीले जबाफ दिनु उचित ठानी सर्वलोकहितैषी आचार्यलाई तत्काल राजाको सन्मुख जान नदिने निर्णय गर्नुभयो। तत्कालको समस्या समाधानका लागि दाशरथि आदि केही शिष्यहरू सहित श्रीरामानुज स्वामीजीलाई पश्चिमतर्फ चोलराज्यभन्दा बाहिर पठाउँदै श्रीकूरेश स्वामीले रामानुज स्वामीजीका काषायवस्त्र र त्रिदण्ड धारण गरी उहाँजस्तै बनेर श्रीमहापूर्णाचार्य स्वामीजीलाई अगाडि लगाई त्यस अविवेकी चोलाधिपतिका अगाडि उपस्थित हुनुभयो । यता श्रीरामानुज स्वामीजीले यस घटनालाई भगवान्ले अन्यत्र गएर अरू धेरैलाई भगवान्को शरणागत बनाउन सूचना गरेको सम्झँदै केही शिष्यहरूका साथ वस्त्र परिवर्तन गरी सुटुक्क

श्रीरंगम्बाट प्रस्थान गर्नुभयो । त्यहाँबाट पश्चिम दिशातर्फ लाग्नुभएका श्रीस्वामीजीले विभिन्न ग्राम, वन आदिमा बस्ने आदिवासी सामान्य जनहरूलाई समेत भगवत्–शरणागतिको महत्त्व प्रकट गर्दै जानुभयो ।

गोविन्द, दाशरथि लगायत लगभग ४५ जना शिष्यहरूका साथमा वनदेखि वन, गाउँ–देखि गाउँ हुँदै विभिन्न क्षेत्र पुगेर चेलाचलाम्बा, रंगदास आदिलाई कृपा गर्दै शालग्राम भन्ने क्षेत्रमा पुगेर भक्ति र वैराग्यले परिपूर्ण उत्तम ब्राह्मण आन्ध्रपूर्णलाई शिष्य बनाउनुभयो। आचार्यवैभवद्वारा प्रभावित भई शिष्य बनेका आचार्यनिष्ठ आन्ध्रपूर्णले त्यसै दिनदेखि आफ्ना आचार्यको तन, मन धनले सेवा गर्न थाल्नुभयो । त्यसपछि आन्ध्रपूर्ण सहित भएर श्रीरामानुज स्वामीजी भक्तग्रामनिवासी भक्तलाई कृपा गर्दै त्यस देशका राजा विट्ठलदेवको महलमा पुग्नुभयो। बौद्ध धर्म मान्ने ती राजाकी छोरीलाई ब्रह्मराक्षसको आक्रमणबाट स्वामीजीले मुक्ति दिलाएपछि उनी प्रभावित भई आफ्ना प्रजा एवं परिवार सहित वैष्णव दीक्षा लिएर शिष्य बने । वैष्णव भएपछि विष्णुवर्धन यस्तो भगवान्को नाम पाएका ती राजाका राज्यमा बस्ने निरीश्वरवादी हजारौं जैन–बौद्ध पण्डितहरूलाई शास्त्रार्थमा एकै चोटि पराजित गरी श्रीरामानुज स्वामीजीले शिष्य बनाउनुभयो, जसले गर्दा श्रीस्वामीजी हजार फणा भएका साक्षात् श्रीशेषजी कै अवतार हुनुहुन्छ भन्ने कुरा त्यहाँ रहेका सम्पूर्ण भक्तहरूले विश्वास गरे । पछि यिनै विष्णुवर्धनका सहायताले यस देशका विभिन्न ५ क्षेत्रहरूमा दिव्यदेशहरू बनाई श्रीस्वामीजीले पञ्च नारायण(५ प्रकारका भगवान्

नारायण)को विग्रह स्थापना गर्नुभयो, जसमध्ये स्वामीजीको सबैभन्दा अभिमत क्षेत्र श्रीयादवाद्रि(मेलुकोटे) हुनगयो। यस दिव्य क्षेत्रमा भएको दत्तात्रेय सरोवर(वेदपुष्करिणी)मा गएर शास्त्रीय विधिअनुसार श्रीस्वामीजीले पुनः काषाय वस्त्र एवं त्रिदण्डधारण गर्नुभयो।

## १९) श्रीयादवाद्रि(मेलुकोटे) निवास

यसरी श्रीरामानुज स्वामीजी जैनादि अवैदिक नास्तिक मतलाई खण्डन गर्दै वैदिक धर्मको प्रचार–प्रसार गर्न र साधारण भक्तहरूलाई दर्शन एवं उपदेशद्वारा उद्धार गर्न केही अन्तरङ्ग शिष्यका साथमा मेलुकोटेक्षेत्रमा निवास गर्न लाग्नुभयो। त्यस क्षेत्रमा पनि श्रीरामानुज स्वामीजीका गुण वैभवको प्रकाश बढी नै रह्यो। त्यहाँका समस्त नर, नारीहरू र मन्त्रीहरूका साथमा त्यहाँका राजा पनि श्रीरामानुज स्वामीजीका शिष्य बने। हजारौं बौद्ध–जैनीहरूलाई श्रीरामानुज स्वामीजीले शास्त्रार्थद्वारा परास्त गर्नुभयो। श्रीरामानुज स्वामीजीको अतिशय प्रभावलाई सहन गर्न नसकी केही जैनीहरू त्यहाँबाट भागे पनि।

एक समयको कुरा हो– श्रीरामानुज स्वामीजीलाई स्वप्नमा भगवान् श्रीमन्नारायणले आज्ञा गर्दै भन्नुभयो– हे यतीश ! म यस यादवाद्रिमा पृथ्वीभित्र बसेको छु, मलाई त्यहाँबाट निकालेर प्राणप्रतिष्ठा गरी स्थापना गर्नू र यादवाद्रिमा रहेको पवित्र श्वेत मृत्तिकालाई पनि भगवान्को श्रीचरणको रूपमा धारण गर्नु। यस्तो विलक्षण सपनाबाट श्रीरामानुज स्वामीजी जाग्नुभयो। स्वप्नमा भगवान्को दर्शन पाएर अत्यन्त प्रसन्न

हुनुभएका श्रीरामानुज स्वामीजीले कल्याणी तीर्थमा स्नान गरी भगवान्ले बताउनुभएको स्थानमा गएर उत्खनन गरेर श्रीनारायण भगवान्को विग्रह(मूर्ति)लाई बाहिर निकाली एउटा दिव्य देवालय(विमान)मा स्थापना एवं प्रतिष्ठा गराउनुभयो। यादवाद्रि अत्यन्त पावन क्षेत्र भएकोले त्यहीँ प्राप्त श्वेतमृत्तिकालाई श्रीमन्नारायणको चरणचिह्नस्वरूप तिलकको रूपमा धारण गर्न आफ्ना सबै शिष्यहरूलाई आज्ञा गर्नुभयो।

त्यसपछि श्रीरामानुज स्वामीजी रामप्रिय(सम्पत्कुमार) भगवान्लाई ल्याउन दिल्ली पुग्नुभयो। श्रीरामप्रिय भगवान् दिल्लीश्वरका राजदरबारभित्र हुनुहुन्थ्यो। परन्तु राजकुमारी रामप्रिय भगवान्लाई अतिशय प्रेम गर्थिन्। मूर्ति पनि राजकुमारी बस्ने स्थानमा नै थियो। दरबारमा गएर श्रीरामानुज स्वामीजीले भगवान्लाई बोलाउनुभयो। श्रीस्वामीजीको बोली सुन्नेबित्तिकै भगवान् सामुन्नेमा आइपुग्नुभएकोले दिव्य दर्शन पाएर श्रीरामानुज स्वामीजी अत्यन्त हर्षित हुनुभयो। श्रीसम्पत्कुमार ! भन्दै अत्यन्त स्नेहपूर्वक आफ्ना काखमा राखी भगवान्लाई लिएर त्यहाँबाट प्रस्थान गर्नुभयो। राजकुमारीका लागि पनि श्रीरामप्रिय भगवान् परमप्रिय हुनुभएकाले उनलाई त्यो वियोग सहन अत्यन्त कठिन भयो। अन्त्यमा, उनी पनि रामप्रिय भगवान्लाई धारण गर्नुहुने श्रीरामानुज स्वामीजीका पछि लागिन्। श्रीसम्पत्कुमार भगवान्लाई श्रीरामानुज स्वामीजीले पहिले नारायण भगवान्लाई प्रतिष्ठा गरेकै स्थानमा उत्सव विग्रह मानेर शास्त्रीय विधिपूर्वक भव्य प्रतिष्ठा गर्नुभयो। राजकुमारी पनि त्यहीँ श्रीसम्पत्कुमार भगवान्का चरणमा लीन हुन पुगिन्।

## २०) श्रीकूरेश स्वामीजीको वैभव

यता चोल नरेशका दरबारमा पुग्नुभएका कूरेश र महापूर्ण स्वामीजीको घोर अपमान गर्दै उहाँहरूलाई चरम यातना दिएर त्यस पापी राजाले आँखाहरूमा आघात पुऱ्याइदियो । त्यही यातनालाई निमित्त बनाई १०५वर्षका वृद्ध महापूर्ण स्वामीजीले बाटामा नै शरीर त्याग गर्नुभयो । परिवारलाई बोलाएर शास्त्रीय विधिअनुसार अन्तिम संस्कार गराइदिनुहुने कूरेश स्वामीजी चाहिँ आफ्ना आचार्य श्रीरामानुज स्वामीजीको अतिशय भक्तिले गर्दा आचार्यबाट विछोड गराउनुहुने भगवान् श्रीरंगनाथसँग रुष्ट भई आफ्ना पूर्वजहरू रहेको वनाद्रि दिव्यक्षेत्र(सुन्दरबाहुको सन्निधि भएको गिरि)मा गएर तपस्या गर्न लाग्नुभयो। यहीँ रहेर श्रीकूरेश स्वामीजीले श्रीस्तव, सुन्दबाहूस्तव, अतिमानुषस्तव र वैकुण्ठस्तव रचना गर्नुभयो। यादवाद्रिमा रहनुभएका श्रीरामानुजले आचार्य महापूर्ण र प्रिय शिष्य कूरेशका विषयमा जानकारी पाएर असीम दुःखको अनुभव गर्नुभयो। उहाँले कूरेशलाई वरदराज भगवान्सँग नेत्र माग्न शिष्यमार्फत् सन्देश पठाउनुभयो । आचार्यको आज्ञाले कूरेशले वरदराजस्तव(देवराजस्तव) रचना गरी सुनाउनुभयो र भगवान्सँग नेत्र माग्नुभयो। भगवान्ले उहाँलाई नेत्र प्रदान गर्नुभयो । यसरी श्रीकूरेश स्वामीजीले पञ्चस्तवी नामक भगवद्भक्तिले परिपूर्ण स्तोत्रसङ्ग्रह पुरा गर्नुभयो, जसमा रहेका पाँचवटा स्तवहरू अद्यापि श्रीवैष्णव जगत्मा सुप्रसिद्ध छन्। उता सर्वजगत्–हितकारी साधुसन्तहरूलाई यातना दिएको पापले गर्दा चोलराजलाई कण्ठमाला नामक रोग लाग्यो र माला

आकारको घाउ बनी त्यसमा किरा परे । श्रीरङ्गनाथ मन्दिर भत्काउन हिँडेको बेलामा घाउ अझ बढ्यो र उसको बाटैमा मृत्यु भयो। श्रीकूरेशको कुशलता एवं दुष्ट स्वभावको कृमिकण्ठको निधनले भगवान्का भक्त तथा श्रीरङ्गनाथ मन्दिरको रक्षा भएको समाचार सुनेर रामानुज स्वामीजी खुसी हुनुभयो।

## २१) श्रीरङ्गम् आगमन एवं आल्वार्हरूको प्रतिष्ठा

श्रीरामानुज स्वामीजी आफ्ना सुयोग्य शिष्यहरूलाई त्यहीँ श्रीसम्पत्कुमार भगवान्का सेवा र श्रीसम्प्रदायको प्रचार/प्रसार गर्नका लागि आज्ञा दिएर केही शिष्यहरू साथमा त्यहाँबाट श्रीरङ्गम्तिर प्रस्थान गर्ने विचार गर्नुभयो। श्रीरामानुज स्वामीजीले अब यस क्षेत्रमा आएर गर्नुपर्ने सबै कर्तव्य पूरा भइसकेकाले आफ्नो श्रीरंगम् प्रस्थानको समय आएको कुरा बताउनुभयो । स्वामीजीका यस्ता कुरा सुन्नेबित्तिकै समस्त शिष्य समुदाय असाध्य वेदनामा परे । आचार्यबाट टाढा हुने कुराले गर्दा वेदनाले सन्तप्त भएका ती सबै शिष्यहरूलाई श्रीरामानुज स्वामीजीले आफ्ना दिव्य कटाक्षद्वारा शीतलता प्रदान गर्दै पूर्वाचार्यहरूको वैभव उपदेश गर्नुभयो र पूर्वाचार्यहरूको सम्पूर्ण दिव्य चरित्र स्मरण गराउनुभयो। अत्यन्त विह्वल भएका भक्तहरूले सन्निकट आएर श्रीरामानुज स्वामीजीलाई निवेदन गर्दै भने– हे यतीश ! हजुरलाई छोडेर हामी एक क्षण पनि यहाँ बस्न सक्तैनौं, हजुर जहाँ जानुहुन्छ हामी पनि त्यहीँ जान्छौं।

आफ्ना प्रिय भक्तहरूका मुखबाट निस्किएको यस्तो करुणापूर्ण वचन सुनेर भक्तवत्सल दयासागर भगवदंशभूत

शेषावतार श्रीरामानुज स्वामीजीले भक्तहरूको चाहनाअनुसार भगवान् श्रीकृष्णले स्वधाम जानुअघि जसरी वाङ्मयमूर्ति भागवतमा आफ्नो शक्ति आधान(राख्नु/स्थापित गर्नु) गर्नुभएको थियो, त्यसरी नै भक्तहरूले निर्माण गरेर ल्याएको दिव्य मूर्तिलाई आलिंगन गरेर श्रीरामानुज स्वामीजीले आफ्नो सम्पूर्ण शक्ति आधान गर्नुभयो। उहाँको शक्तिले युक्त भएको र भक्तहरूद्वारा अभिमत गरिएको त्यस विग्रह(मूर्ति)लाई यदुगिरि दिव्यदेशमा स्थापना गरियो। त्यसरी साक्षात् उहाँकै गुणवैभवादि प्रतिबिम्बित भई भक्तहरूको अभीष्ट सिद्ध हुने देदीप्यमान त्यस विग्रहको दर्शन गर्न पाएर शिष्यहरू सन्तुष्ट भए।

यसरी सबैको कल्याण चाहने श्रीस्वामीजीले केही शिष्यहरू लिएर श्रीरंगम्तर्फ प्रस्थान गर्नुभयो। केही समयमा श्रीरंगम् दिव्यक्षेत्र पुग्नु भएका श्रीस्वामीजीले आनन्दका आँसु झार्दै श्रीरङ्गनाथ भगवान्को दर्शन गर्नुभयो। श्रीरङ्गम्मा आएर श्रीयतिराज रामानुज स्वामीजीले श्रीशठकोप स्वामीजी आदि आल्वार्हरू र श्रीगोदादेवीको प्रतिष्ठा गराउनुभयो। त्यसपछि अन्य आल्वार्हरूको प्रबन्धका साथमा स्वविषयक प्रबन्धलाई मिलाएर ४००० हजार पूर्ति गरी श्रीरङ्गनाथ भगवान्लाई सुनाइसकेपछि अन्य दिव्यदेशहरूमा पनि आल्वार्हरू र श्रीगोदादेवीको प्राणप्रतिष्ठा धुमधामसँग गराउनुभयो र उत्सवहरू पनि चलाउँदै जानुभयो। यसरी नै यतिराज श्रीरामानुज स्वामीजी सुन्दरगिरिनिवासी सुन्दरबाहु भगवान्को आराधनामा लाग्नुभयो। श्रीगोदादेवीजीले आफ्ना प्रबन्धमा गर्नुभएको सुन्दरबाहु भगवान्को सन्तुष्टिका निमित्त

सय घडा नवनीत (नौनी) र सय ओटा हुण्डीमा खीर भोग लगाउने प्रतिज्ञालाई उहाँले सम्पन्न गरिदिनुभयो। त्यसै गरी श्रीरामानुज स्वामीजीले विध्वंसकारी चोल राजाको विध्वंसबाट जोगाई लुकाएर राखिएको श्रीगोविन्दराज भगवान्को मूर्तिलाई चित्रकूटबाट ल्याई वेंकटाद्रिका फेदमा स्थापना गरेर श्रीशठकोपादि आलवार्हरूसहित प्रतिष्ठा सम्पन्न गर्नुभयो। शिष्यहरूसहित श्रीरामानुज स्वामीजीले श्रीरङ्गम् फर्किएर अन्य मतावलम्बीहरूलाई शास्त्रार्थद्वारा पराजित गरी आफ्ना शिष्य बनाई अनेक कैंकर्य(सेवा)मा नियुक्त गरेर प्रसन्नताका साथ रहन लाग्नुभयो।

## २२) ७४ पीठको स्थापना एवं ७२ वाक्यको उपदेश

भगवान्दखि चलिआएको र शठकोपादि आलवार् एवं नाथमुनियामुनाचार्यदि पूर्वाचार्यहरूले संरक्षण गर्दै ल्याएको वैदिक धर्मभित्रको सर्वसुलभ भक्ति–प्रपत्तिमार्गलाई प्रतिष्ठापित गर्दै असंख्य जीवात्माहरूको उद्धार गर्नुहुने श्रीरामानुज स्वामीजीले यो भक्तिप्रपत्ति धारा सर्वत्र सर्वदा फैलिँदै जाओस् र दिगन्तव्यापी हुँदै सबैको कल्याण गरोस् भन्ने उद्देश्यले सुयोग्य ७४ आचार्यहरूलाई पीठाधीश बनाउनुभयो। ७४ मध्ये श्रेष्ठ ४ जनालाई भाष्यसिंहाशनाधीश बनाउनुभयो। आफ्ना ज्ञानपुत्र श्रीकुरुकेश्वरलाई उभयवेदान्तप्रवर्तक उपाधिले विभूषित गर्नुभयो। यसरी श्रीरामानुज स्वामीजी ७४ सिंहासनाधीपति, ७०० सन्यासीहरू, १२ हजार ऐकान्तिक श्रीवैष्णवहरू, श्रीगोविन्द र ज्ञानपुत्र पिल्लानलाई परमात्माको शेषत्वोचित

पारतन्त्र्यशाली देखेर अब श्रीवैष्णव संप्रदाय स्थिर भई व्यापक हुँदै सर्वत्र फैलिन्छ भन्नेमा विश्वस्त भएर अत्यन्त हर्षित हुनुभयो । कुनै एक दिन श्रीरामानुज स्वामीजी श्रीरङ्गनाथ भगवान्को शरणमा गई आफ्नो सम्प्रदायका लागि अभय माग्नुभयो । भगवान्बाट अभय प्राप्त गरेर भन्न लाग्नुभयो कि **"अब यो श्रीवैष्णव सम्प्रदाय सदा अकुण्ठित भावले यस धराधाममा चलि नै रहने छ।"**

श्रीरामानुज स्वामीजीको यस धराधाममा अवतार भएको १२०वर्ष पूरा भइसकेको थियो । यसरी यहाँ रहेर यो समस्त जडचेतनरूप संसार श्रीमन्नारायणात्मक हो भन्ने परम वैदिक सिद्धान्तको उहाँले स्थापना गर्नुभयो । जीवनको अधिकांश समयलाई ग्रन्थप्रणयन, तत्त्वोपदेश आदि कार्य गर्दै श्रीरङ्गम्मा बिताउनुहुने श्रीरामानुज स्वामीजीले बाँकी केही समय अन्य मतावलम्बीहरूलाई शास्त्रार्थद्वारा परास्त गर्दै, विशिष्टाद्वैत दर्शन एवं भक्ति–प्रपत्तिमार्गको प्रचार–प्रसार गर्दै श्रीवेङ्कटाद्रि, श्रीकाञ्ची, श्रीभूतपुरी, श्रीयादवाद्रि आदि क्षेत्रमा बिताउनुभयो । यस अवस्थासम्म श्रीरामानुज स्वामीजीका शिष्यहरू सेतुबन्धदेखि हिमालयसम्म र पूर्व समुद्रदेखि पश्चिम समुद्रसम्म फैलिँदै गएका थिए। सांसारिक वासनामा परेका अज्ञानी नर–नारीहरूलाई अज्ञानबाट निवृत्त गराएर परमकल्याणको मार्ग देखाइदिनुहुने श्रीरामानुज स्वामीजीका चरणाश्रित बनेर अनेकौं संसारीहरूले मोक्ष प्राप्त गरे । यसरी श्रीरामानुज स्वामीजीलाई पनि अब भगवान् श्रीवैकुण्ठनाथको सेवा गर्न पाए हुन्थ्यो भन्ने इच्छा लाग्यो । बारम्बार श्रीरङ्गनाथ

भगवान्सँग श्रीरामानुज स्वामीजीले वैकुण्ठ जाने प्रार्थना गर्नुभयो । उहाँको यस्तो प्रकारको प्रार्थना सुनेर भगवान्ले श्रीरामानुज स्वामीजीलाई आज्ञा गर्नुभयो – **हे यतिराज, तिमी मसँग केही वर माग, म तिम्रो अभिलाषा पूरा गर्नेछु।** भगवान्को यस्तो वचन सुनी यतिराज नतमस्तक भएर प्रार्थना गर्न लाग्नुभयो– **भगवन् ! हजुर जुन वैकुण्ठ मेरा लागि प्रदान गर्न लाग्दै हुनुहुन्छ, त्यही लोक मेरा सम्बन्धीहरूका सम्बन्धीहरूको अन्तिम सीमासम्मका जीवहरूलाई पनि प्रदान गर्नुहोस् ।** श्रीरामानुज स्वामीजीको यस्तो प्रार्थना सुनेर भगवान् अत्यन्त प्रसन्न हुँदै उक्त प्रार्थना स्वीकार गर्नुभयो। त्यसपछि श्रीरामानुज स्वामीजी आफ्ना मठमा आउनुभयो र परम भागवत शिष्यहरूलाई नजिकै बोलाई **मोक्षको चाहना गरेर भगवत्कैंकर्य गर्ने व्यक्तिले कहिल्यै पनि इन्द्रियको वशमा पर्नुहुँदैन** जस्ता ७२ वाक्यको उपदेश गर्नुभयो, जुन उपदेश वैष्णव जगत्मा अहिलेसम्म व्याप्त छ । उक्त उपदेशको अन्त्यमा श्रीरामानुज स्वामीजीले आज्ञा गर्नुभयो :– **"अर्चावतारमा शिलाबुद्धि, आचार्यमा मानवबुद्धि आदि गर्नु हुँदैन। भगवत्–भागवत–आचार्य अपचार भनेकै यिनै हुन् र यस्तो अपचार गर्नेले अत्यन्त दुःखमय नारकीय यातना भोग्नुपर्दछ।"**

## २३) वैकुण्ठ गमन

यस लोकमा अवतार लिएको प्रयोजन पूरा भइसकेको जानेर शेषावतार श्रीस्वामीजीले पछि आउने जीवात्माहरूको पनि उद्धार गर्ने उद्देश्यले श्रीवैकुण्ठ जानुभन्दा पहिले ३ दिनदेखि

निरन्तर विशेष उपदेश गरिरहनुभयो । त्यसबेला कहिल्यै पनि नबताएका गूढार्थहरूलाई पनि प्रकाश पार्नुभयो। यसरी निरन्तर उपदेश गर्दा शिष्यहरूलाई आश्चर्य हुन थाल्यो, मनमा कौतुहल जाग्यो र उनीहरूले श्रीरामानुजस्वामीजीलाई त्यसको कारण सोधे। श्रीरामानुज स्वामीजीले अब यस धरधाममा आएर गर्नुपर्ने सबै कर्तव्य पूरा भइसकेकाले आफ्नो वैकुण्ठ प्रस्थानको समय आएको कुरा बताउनुभयो। स्वामीजीको यस्ता कुरा सुन्नेबित्तिकै समस्त शिष्य समुदाय असाध्य वेदनामा परे। आचार्यको वियोग हुने कुराले कतिपय शरीर त्याग्न समेत उद्यत भए । वेदनाले सन्तप्त भएका ती सबै शिष्यहरूलाई श्रीरामानुज स्वामीजीले आफ्ना दिव्य कटाक्षद्वारा शीतलता प्रदान गर्दै पूर्वाचार्यहरूको वैभव उपदेश गर्नुभयो र पूर्वाचार्यहरूको सम्पूर्ण दिव्य चरित्र स्मरण गराउनुभयो। अत्यन्त विह्वल भएका भक्तहरूले सन्निकट आएर श्रीरामानुज स्वामीजीलाई निवेदन गर्दै भने– **हे यतीश ! हजुरको विरह सहन गर्न सक्ने सामर्थ्य हामीमा छैन।**

आफ्ना प्रिय भक्तहरूका मुखबाट निस्किएको यस्तो करुणापूर्ण वचन सुनेर भक्तवत्सल दयासागर भगवदंशभूत शेषावतार श्रीरामानुज स्वामीजीले भक्तहरूको चाहनाअनुसार आफ्नो देखिने स्थूलरूप भौतिक शरीरबाट प्राण आदिलाई खिचे तापनि शक्तिरूपमा सधैं जगत्मै रहेर सबैको कल्याण गरिरहने संकल्प गर्नुभयो । भगवान् श्रीकृष्णले स्वधाम जानुअघि जसरी वाङ्मयमूर्ति भागवतमा आफ्नो शक्ति आधान (राख्नु/स्थापित गर्नु) गर्नुभएको थियो, त्यसरी नै भक्तहरूलाई आफ्नो मूर्ति निर्माण गर्न लगाएर त्यसलाई आलिङ्गन गर्दै

श्रीरामानुज स्वामीजीले सम्पूर्ण शक्ति आधान गर्नुभयो। यसरी उहाँको शक्तिले युक्त भएको र आफैँले अभिमत गरेको त्यस दिव्य विग्रह(मूर्ति)लाई भूतपुरी दिव्यदेशमा स्थापना गरियो। यसबाट शिष्यहरू अत्यन्त प्रसन्न भए। श्रीरंगम् क्षेत्रका सबै भक्तहरूलाई आश्वस्त पार्दै भन्नुभयो कि आफूले यहाँ रहेर गर्ने कैंकर्य(जीवात्माहरूलाई भगवान्को धाम पुऱ्याउने सेवा) रहिरहेको हुँदा यस भूवैकुण्ठरूप दिव्य श्रीरंगम्मा सधैं नै मेरो वास हुनेछ। सृष्टिको मर्यादा अनुसार आफूले यसै रूपमा अब रहिरहन मिल्दैन तर पनि मेरो यहाँको विग्रह(श्रीरंगम्को विग्रह) भक्तहरूका लागि सदा सर्वदा मंगलाशासन गर्ने भइरहन्छ, त्यसैले कसैले पनि शोक नगर्नू।

यसरी आफ्ना सारा शिष्यहरूलाई आफू भगवान्को त्रिपादविभूति(श्रीवैकुण्ठधाम)मा झैं यस लीलाविभूति(संसार) मा पनि भगवत्–शरणागत जीवहरूको उद्धार गर्ने कैंकर्य(सेवा) निरन्तर गरिनै रहने छु भन्ने दिव्य अमृतमय वचनहरूद्वारा आश्वस्त पार्दै र जीव, जगत् र ईश्वरको यथार्थ स्वरूप बताउँदै शेषावतार श्रीरामानुज स्वामीजीले भगवान्को नित्यसेवा गर्न श्रीवैकुण्ठधाम जाने निश्चय गर्नुभयो। श्रीरामानुज स्वामीजीले आफ्नो प्रार्थनानुसार भगवत्कृपाले प्राप्त श्रीकूरेशपुत्र श्रीपराशर भट्टर् स्वामीजीलाई यस वैदिक श्रीसम्प्रदायको संरक्षण/संवर्धन सहित श्रीरङ्गनाथ भगवान्को मुख्य सेवा–आराधनादि कार्यभार प्रदान गर्नुभयो र अरू गोविन्दाचार्य आदि सुयोग्य प्रियशिष्यहरूलाई पनि तत्तत्कार्यविशेषको जिम्मेवारी प्रदान गर्नुभयो। अन्तिम अवस्थामा बोलीले मात्र नभई आफ्ना पवित्र

आचरणहरूले पनि दिव्य उपदेश दिनुहुने श्रीस्वामीजीले सबै वैष्णवहरूले गर्नुपर्ने नैच्यानुसन्धान(आफू सबै भगवद्भक्तको सेवक/दास हुँ भन्ने भावना)लाई दर्शाउँदै सारा भक्त–भागवत–आचार्यगणलाई बोलाएर मेरा सारा अपराध क्षमा गरिदिनुहोला भन्दै प्रार्थना गर्नुभयो अनि प्रियशिष्य श्रीगोविन्दका काखमा आफ्नो शिर र आचार्यनिष्ठ शिष्य श्रीआन्ध्रपूर्णका काखमा पावन चरण राखी विश्राम गर्नुभयो । यस समयमा सम्पूर्ण विद्वान् आचार्यहरूले ब्रह्मानन्दवल्ली आदि उपनिषद्हरूको एवं दिव्य प्रबन्धरूप द्राविडवेदको पारायण र भक्तजनहरूले भगवन्नाममन्त्र जप गर्दैरहेको उत्तम बेलामा वि.सं. ११९४ (ई.सन् ११३७) उत्तरायण, माघ शुक्ल दशमीका दिन आचार्यहरू सहित भगवान् श्रीमन्नारायणको वन्दन गर्दै यस भूलोकबाट वैकुण्ठलोक प्रस्थान गर्नुभयो ।

## २४) उपसंहार (श्रीरामानुज स्वामीजीका केही वैभवहरू)

यसरी उपर्युक्त समग्र जीवन चरित्रको अध्ययन गर्दा निष्कर्षमा भन्न सकिन्छ कि :– श्रीरामानुज स्वामीजीले आफ्नो सम्पूर्ण जीवनमा पवित्र आचरण र दिव्य उपदेशद्वारा मानवमात्रलाई सन्मार्ग देखाई भक्ति–प्रपत्तिद्वारा परमपुरुषार्थरूप मोक्षको अधिकारी बनाउनुभयो । बाल्यकालदेखि नै भक्ति, ज्ञान र वैराग्यले सम्पन्न हुनुभएका उहाँका सबै पावन चरित्रहरू अलौकिक एवं दिव्य छन् ।

जस्तै– भगवत्कृपाद्वारा नै शास्त्रको सही अर्थ बुझ्नुभएका श्रीरामानुज स्वामीजीले यादवप्रकाशबाट भएका

वेदादि शास्त्रहरूको अपार्थलाई निराकरण गर्दै सही अर्थ गर्नु अतिमानुष (मनुष्यले गर्न नसक्ने) कार्य हो । त्यसैगरी यादवप्रकाशसँगै गएर राजसन्ततिलाई ब्रह्मराक्षसको पीडाबाट मुक्ति प्रदान गर्नु पनि आश्चर्यजनक दिव्य कार्य नै हो। उहाँको अलौकिक शक्तिलाई नबुझेर यादवप्रकाशले ईर्ष्या–द्वेष गर्दै उहाँलाई समाप्त पार्न खोज्दा साक्षात् श्रीलक्ष्मीनारायण नै व्याध–दम्पतीका रूपमा प्रकट भएर उहाँको रक्षा गर्नुले उहाँ प्रारब्ध कर्म भोग्ने हामीजस्ता साधारण व्यक्ति नभई भगवान्‌का नै इच्छाअनुसारका कार्य गर्न अवतीर्ण हुनुभएको भन्ने बुझिन्छ। यसका साथै यादवप्रकाशले जति नै द्वेष गरे तापनि आफूले गुरुभाव राखी विनयपूर्वक उनको सबै प्रकारले सेवा गर्दै उनीसँग अध्ययन गर्न जानुले सबैमा भगवान्‌को स्वरूप देख्न सक्ने उहाँमा कुनै प्रकारको राग–द्वेषको भावना थिएन र सबै प्रति उहाँको दृष्टि समान थियो भन्ने देखिन्छ। सर्वत्र भगवद्दर्शन गर्ने सद्‌गुणयुक्त तथा ज्ञानभक्तिवैराग्य–सम्पन्न यस्ता वीतराग श्रीरामानुज स्वामीजीका अद्‌भुत व्यक्तित्वबाट प्रभावित भएर नै उहाँका गुरु वयोवृद्ध यादवप्रकाश समेत पनि अन्ततः उहाँकै शिष्य बन्नपुगेका थिए।

त्यस्तै वेदविहित वर्णाश्रम धर्मको मर्यादालाई नछोडी आत्माको उद्धार गर्ने भक्तिप्रपत्तिमार्गलाई महत्त्वपूर्ण स्थान दिँदै भगवान्‌का अतिप्रिय, सिद्धसन्त महात्मा श्रीकाञ्चीपूर्णको सत्सङ्ग गर्नु र शिष्यभाव राखी नैच्यानुसन्धान गर्नु श्रीरामानुज स्वामीजीको सबैभन्दा महान् गुण हो । लोकमर्यादाअनुसार शरीरगत वर्णाश्रमादि धर्मको पालन गर्दै पनि त्यसमा अभिमान

नगरी आत्मगत भक्ति/प्रपत्तिरूप धर्मलाई प्राथमितकामा राखेर महाभागवत प्रपन्नजनमा गुरुभाव राखेर नैच्यानुसन्धान गर्नु नै भगवद्–भक्त मुमुक्षुको परम कर्तव्य हो, जुन भगवद्भक्त लगायत सबै सात्विकजनहरूले अनुकरण र अनुसरण गर्न योग्य छ । यसैले श्रीरामानुज स्वामीले मन, वचन एवं व्यवहारले भगवदंशभूत महात्मा श्रीकाञ्चीपूर्ण प्रति राख्नु भएको गुरुभाव अत्यन्त महान् कार्य हो भन्न सकिन्छ ।

त्यसैगरी संसारका धनसम्पत्ति, घरपरिवार सबै कुरालाई तृणसमान मान्दै भगवान्का श्रीचरणलाई एकमात्र आश्रय मानेर उहाँले यो जीव भगवान्को शेष वस्तु हो, अरु कसैको होइन र स्वयं स्वतन्त्र पनि छैन भन्ने वास्तविक सत्यको उद्घाटन गर्नुभयो । सांसारिक विषयवासनामा मात्र लम्पट हुँदै प्रकृति (संसार)मा आसक्त भइरहने हो भने मोक्ष प्राप्त गर्न सकिँदैन भन्ने देखाउन पनि उहाँले यस्तो आचरण गर्नुभएको देखिन्छ । **त्यागेनैकेऽमृतत्त्वमानशुः** भन्ने वेदवाक्यानुसारको आचरण भएकाले नै – **यो नित्यमच्युतपदाम्बुजयुग्मरुक्म–व्यामोहतस्तदितराणि तृणाय मेने** भनेर उहाँका शिष्य श्रीकूरेशले उहाँकै तनियन्मा उल्लेख गर्नुभएको देखिन्छ । उहाँ त्याग र तपस्याका मूर्ति एवं भक्तिज्ञानवैराग्यले सम्पन्न भएकाले नै श्रीकूरेश श्रीगोविन्द जस्ता वेदादि शास्त्रपारङ्गत ज्ञानी ब्राह्मण, यादवप्रकाश, यज्ञमूर्ति आदि जस्ता तत्कालीन धुरन्धर पण्डितहरू, अकलङ्क, विठ्ठलदेव आदि राजाहरू, पिल्लान् आदि गरिएका आचार्यपुत्र एवं परिवारजनका साथै अन्य धनुर्दास आदि गरिएका सामान्यजन, यस्ता हजारौँले उहाँको

चरणको आश्रय लिएर आफ्नो जीवन सफल बनाए। स्वयं गोष्ठीपूर्ण आदि उहाँका आचार्यहरूले समेत पनि रामानुजको सम्बन्धी भएकैले नै आफू र आफ्नाहरू भगवत्कृपा भई मोक्षधाममा सुनिश्चित छ भन्ने रहस्य प्रकट गर्नुभएको र मन्नाथ जस्तो अलङ्कारले विभूषित गर्नुभएकोले श्रीरामानुज स्वामीजीको वैभव अत्यन्त महिमाशाली रहेको देखिन्छ।

यसैगरी भगवान् श्रीमन्नारायणदेखि चलिआएको, शठकोपादि आल्वार्हरू र नाथयानमुनमुनि आदि आचार्यहरूद्वारा संरक्षित/सम्बर्द्धित हुँदै आएको परम वैदिक भक्तिप्रपत्तिधारालाई अविच्छिन्न रूपमा अघि बढाएर सकल जगदुद्धारका लागि वेदादि शास्त्रसम्मत तरिकाले प्रतिष्ठापन गर्नुभयो, जसका लागि पूर्वाचार्यहरूबाट दिग्दर्शन भएअनुसार वेदादि शास्त्रका सारका रूपमा वेदार्थसंग्रह, श्रीभाष्य आदि प्रौढ ग्रन्थहरूको रचना गरेर प्रामाणिक विशिष्टाद्वैत दर्शनको प्रवर्तन गर्नुभयो। उहाँले वेदादि शास्त्रहरूको अपार्थ गरेर भ्रमान्धकारमा रुमल्याउँने कार्यलाई निस्तेज पारी शास्त्रको वास्तविक अर्थ प्रकाश गरिदिनुभएकोले श्रुतिहरूले समेत उहाँबाट अनुगृहीत भएको अनुभव गरे। त्यसैले त **यः श्रुतिस्मृतिसूत्राणामन्तर्ज्वरमशीशमत्** (जसले श्रुति, स्मृति र वेदान्त सूत्रहरूको भित्रि ज्वर शमन गर्नुभयो भनेर तत्कालीन ज्ञानी शिष्यहरूले उहाँको प्रशस्ति गाएको देखिन्छ।

यस्तै वैदिक मतानुसारी विशिष्टाद्वैत दर्शनको प्रतिष्ठापन गर्ने क्रममा हज्जारौँ जैन, बौद्धादि नास्तिक एवं कैयौँ दिग्भ्रमित मायावादीहरूलाई एकसाथ हज्जारौँ फणाले युक्त भएका शेषनागलेझैँ शास्त्रसम्मत तर्कयुक्त उत्तर दिएर

शास्त्रार्थमा परास्त गरी तिनलाई शिष्य बनाएर मोक्षको अधिकारी बनाउनुहुने दयासागर श्रीरामानुज स्वामीजी साक्षात् शेषावतार हुनुहुन्थ्यो भनेर तत्कालिन आचार्यहरूले नै उहाँको स्तुति गर्नुभएको देखिन्छ– **तुण्डीरमण्डले शेषमूर्तिं रामानुजं भजे**। जुन कुरा पुराणहरूमा तत्त्वदर्शीहरूले पहिले नै सूचित गरिसक्नुभएको थियो। यस्ता प्रकारका अन्य पनि धेरै विचित्र कार्यहरू गर्नुभएको छ।

यसैगरी अनादिकालदेखि परम्परागत रूपमा श्रीगोष्ठीपूर्ण आदि उहाँका आचार्यहरूसम्म आइपुग्दा मन्त्रमन्त्रार्थहरू सकेसम्म गोप्य राख्नुपर्छ र सुयोग्य सत्पात्रलाई मात्र दिनुपर्छ भन्ने परम्परागत मर्यादालाई पालन गर्दा अनादिकालदेखि भवसागरमा डुबेर दुष्कर्म गर्दै आएका असंख्य जीवात्मा भगवान्को हुनबाट वञ्चित हुन्छन् भनेर परम दयालु श्रीरामानुज स्वामीजीले सम्पूर्ण जगत्को उद्धारका लागि मन्त्रमन्त्रार्थलाई सर्वसुलभ बनाउनु भनेको युगद्रष्टा सर्वलोकहितैषी दयासागर हुनुहुन्थ्यो भन्ने प्रमाणित हुन्छ। त्यसैले यस्ता अनेकौं महनीय कार्यहरूद्वारा सबैको कल्याण गर्ने दयासागर आचार्यको महिमा अपरम्पार छ भन्न सकिन्छ। उहाँका यस्ता अनेक कार्यलाई श्रीगोष्ठीपूर्ण आदि आचार्यहरूले नै अभिनन्दन गर्नुले पनि उहाँको कार्य निक्कै महत्त्वपूर्ण थियो भन्ने स्पष्ट हुन्छ।

श्रीरामानुज स्वामीजीले त्यसका साथै पाञ्चरात्रागम आदि आगमशास्त्रहरूका माध्यमले भगवान्का दिव्यदेशहरूमा पूजा–आराधनालाई पनि व्यवस्थित गराउनुभयो। पितासमान

बन्दै अर्चावताररूप भगवान्को पुत्रलाई झैँ सर्वतोभावेन संरक्षण गर्दै आराधना गर्नु पर्दछ भन्ने शास्त्रसम्मत कुरालाई बुझ्नु भएका उहाँले शास्त्रीय विधिको ज्ञान नभएर ग्रामाचारअनुसार स्वेच्छानुसारी सेवा–आराधना हुँदै आएका मठमन्दिर देवालयहरूमा पाञ्चरात्र आदि आगमपद्धतिअनुसार शास्त्रीय विधिपूर्वक आराधना गर्ने व्यवस्था गराउनुभयो । यस कुराले पनि उहाँ एउटा शास्त्रद्रष्टा भई भगवन्निष्ठा सहित सामाजिक सुव्यवस्था बनाउनु हुने महान् समाजसुधारक, शास्त्रज्ञ, युगद्रष्टा आचार्य हुनुहुन्छ भन्ने स्पष्ट छ । यसका साथै श्रीरामानुजस्वामीजीले सारा नर–नारीहरूलाई आ–आफ्नो वर्णाश्रको मर्यादा एवं लोकव्यवस्थामा रहँदै मोक्षको अधिकारी बन्नका लागि शरणागतिमार्गमा सम्पूर्ण मनुष्यलाई सहभागी गराउनुभयो । सर्वोपकारी आचार्य श्रीरामानुज स्वामीजीले गर्नुभएको यस्ता अमानुष कार्यहरूले गर्दा समस्त नर नारीहरू सजिलैसँग मोक्षको भागी बन्न पुगे। उहाँले त्यसबेलामा बसाल्नु भएको व्यवस्था आचार्य परम्परामार्फत् निरवच्छिन्न रूपमा वर्तमानसम्म पनि आइरहेको छ र त्यसमा आबद्ध भई सन्मार्ग प्राप्त गर्दै असंख्य जीवात्माले आत्मकल्याण गर्न पाइरहेका छन्।

यस्तै उहाँभन्दा अघिका र पछिका आचार्यहरूले गर्न नसकेका कयौँ महत्त्वपूर्ण अलौकिक कार्यहरू गर्नुभएको हुँदा उहाँ आचार्यहरूका पनि आचार्य, गुरुहरूका पनि गुरु हुनुहुन्छ र सम्पूर्ण जगत्का उद्धारक हुनुभएकाले जगद्गुरु हुनुहुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यिनै असाधारण अलौकिक दिव्य चरित्रहरूले गर्दा नै निष्कर्षमा भन्न सकिन्छ कि :– सबै

आचार्यहरूले श्रीरामानुज स्वामीजीलाई यस लीलाविभूतिमा फसेका जीवात्माहरूको उद्धार गर्न भगवान्को त्रिपाद विभूति वैकुण्ठधामबाट आउनुभएका नित्य सूरि हुनुहुन्छ भनेर तात्कालिक सम्पूर्ण महाप्राज्ञ विद्वान्हरूले यसरी उद्घोष गर्नुभयो–

**शेषो वा सैन्यनाथो वा श्रीपतिर्वेति सात्विकैः ।**
**वितर्क्याय महाप्राज्ञैः भाष्यकाराय मङ्गलम् ॥**

(महाप्राज्ञ सात्विक महापुरुषहरूद्वारा शेष पो हुनुहुन्छ कि, सेनाधिपति विष्वक्सेन पो हुनुहुन्छ कि अथवा साक्षात् लक्ष्मीपति नारायण नै हुनुहुन्छ कि भनेर तर्क वितर्कको विषय बनाइनुभएका श्रीभाष्यकार श्रीरामानुज स्वामीजीको मङ्गल होओस् )

यसरी उहाँले अवतार लिएर हामीजस्ता संसारमा फसेर दुःख भोग्दै गरेका असंख्य जीवात्माहरूको अज्ञानरूप पापान्धकारलाई हटाएर भगवद्–भक्ति/प्रपत्तिरूप पुण्य(पवित्र)कमललाई विकसित गर्नुहुने सर्वैश्वर्यसम्पन्न श्रीरामानुज स्वामीजीरूपी देदीप्यमान सूर्य यस धराधाममा उदाउनुभयो भनेर उहाँको महिमालाई प्रत्यक्ष गर्नुहुने आचार्यहरूले सर्वसम्मतरूपमा उद्घोष गर्नुभयो :–

**पुण्याम्भोजविकासाय पापध्वान्तक्षयाय च ।**
**श्रीमानाविरभूद् भूमौ रामानुजदिवाकरः ॥**

यस्ता सबैको उद्धार गर्नुहुने अन्वर्थसंज्ञक (कामअनुसारको नाम) जगद्गुरु, दयासागर, भक्तवत्सल, शेषावतार श्रीभाष्यकार रामानुज स्वामीजीको महिमा हामीजस्ता

अज्ञानीले जति नै गाए पनि कम नै हुन्छ, त्यसैले उहाँका यी चार अक्षरले युक्त(रामानुज) नाममन्त्र उच्चारण गर्नाले नै हामी सबैको उज्जीवन(आत्मकल्याण) हुन्छ भनेर तात्कालिक आचार्यहरूले नै निष्कर्ष निकाल्दै यसरी भन्नुभयो : –

**न चेद् रामानुजेत्येषा चतुरा चतुरक्षरी ।**
**कामवस्थां प्रपद्यन्ते जन्तवो हन्त मादृशः ॥**

अन्त्यमा–

**सत्यं सत्यं पुनः सत्यं यतिराजो जगद्गुरुः ।**
**स एव सर्वलोकानामुद्धर्ता नास्ति संशयः ॥**

(सम्पूर्ण लोकको उद्धार गर्नुहुने वास्तविक जगद्गुरु यतिराज श्रीरामानुज स्वामीजी नै हुनुहुन्छ भन्ने कुरा सत्य हो, सत्य हो, सत्य नै हो, यसमा कुनै सन्देह छैन)


**लक्ष्मीनाथाख्यसिन्धौ शठरिपुजलदः प्राप्य कारुण्यनीरं**
**नाथाद्रावभ्यषिञ्चत् तदनुरघुवराम्भोजचक्षुर्भराभ्याम्**
**गत्वा तां यामुनाख्यां सरितमथ यतीन्द्राख्यपद्माकरेन्द्रं**
**संप्राप्य प्राणिसस्ये प्रवहति नितरां देशिकेन्द्रक्रमोघैः ॥**

**भगवद्–रामानुजाचार्य जीवन–चरित्र समाप्त**

श्रीमते रामानुजाय नमः

# द्वितीय-खण्ड

## विशिष्टाद्वैत दर्शन



(श्रीमद्–भगवद्–रामानुजाचार्यद्वारा प्रतिपादित वेदान्त सिद्धान्तको संक्षिप्त परिचय)

**तस्मै रामानुजार्याय नमः परमयोगिने ।**
**यः श्रुतिस्मृतिसूत्राणामन्तर्ज्वरमशीशमत् ॥**

**पुरासूत्रैर्व्यासः श्रुतिशतशिरोऽर्थं ग्रथितवान्**
**विवव्रे तं भूयो बकुलचरतामेत्य स पुनः ।**
**उभावेतौ ग्रन्थौ घटयितुमना युक्तिभिरसौ**
**पुनर्जज्ञे रामावरज इति स ब्रह्ममुकुरः ।**

## १) विशिष्टाद्वैत सिद्धान्त प्रतिपादक केही श्लोकहरूः

### विशिष्टाद्वैत–दर्शनसारः

सर्वे वेदाः प्रमाणं त्रितयमनुगुणं सात्त्विकं सारशास्त्रम्
श्रीमन्नारायणाख्यं चिदचिदनुगतं सद्गुणं शेषितत्त्वम् ।
भक्तिर्मुक्तेरुपायः प्रपदनमपि तत् सर्वसत्त्वाधिकार्यं
मुक्तेर्लोके परस्मिन् परभजनमिति श्रीमतं वैष्णवानाम् ॥

नित्यं हेयगुणावधूननपरा नैर्गुण्यवादाः श्रुतौ,
मुख्यार्थाः सगुणोक्तयः शुभगुणप्रख्यापनाद् ब्रह्मणः ।
अद्वैतश्रुतयो विशिष्टविषया निष्कृष्टरूपाश्रया,
भेदोक्तिस्तदिहाखिलश्रुतिहितं रामानुजीयं मतम् ॥

### विशिष्टाद्वैतदर्शनानुसारेण तत्त्वविभागः

द्रव्याद्रव्यप्रभेदान्मितमुभयविधं तद्विदस्तत्त्वमाहुः
द्रव्यं द्वेधा विभक्तं जडमजडमिति प्राच्यमव्यक्तकालौ
अन्त्यं प्रत्यक् पराक् च प्रथममुभयथा तत्र जीवेशभेदात्
नित्यं भूतिर्मतिश्चेत्यपरमिहजडामादिमां केचिदाहुः ॥

### विशिष्टाद्वैतशब्दार्थः

स्वसमाधिकशून्यत्वचिदचित्सद्गुणैरिदम् ।
विष्णुतत्त्वं विशिष्टं यद् विशिष्टाद्वैतमेव तत् ॥

# विशिष्टाद्वैत-वेदान्तसार

## २) विशिष्ट्यद्वैत वेदान्त पीठिका

भगवद्-रामानुजाचार्यद्वारा प्रतिपादित वेदान्त-दर्शनलाई विशिष्टाद्वैत-दर्शन भनिन्छ। वेदको अन्तिम भाग उपनिषद्‌लाई वेदान्त भनिन्छ। उपनिषद् वाक्यहरूको अर्थ स्पष्ट गर्न महर्षि बादरायणले ब्रह्मसूत्रको रचना गर्नुभयो। यी बह्मसूत्रको विवरणका रूपमा बोधायन आदि आचार्यहरूद्वारा रचित प्राचीन बोधायन वृत्ति आदि व्याख्या भए तापनि कालान्तरमा लुप्तप्रायः भएको बेला आजभन्दा लगभग १२०० वर्षपूर्व (८औं शताब्दी) श्रीशंकराचार्यले ब्रह्मसूत्रको भाष्य लेखेर निर्विशेष अद्वैत दर्शनको प्रतिपादन गर्नुभयो। अद्वैत-दर्शनमा अद्वैतपरक श्रुतिको मात्र सामञ्जस्य हुने र द्वैत श्रुतिको बाध हुने भएकाले शंकराचार्यपछि क्रमशः आएका भास्कराचार्य एवं यादवप्रकाशले भेदाभेदवाद(द्वैताद्वैत दर्शन)को प्रतिपादन गरे। उनीहरूले द्वैत एवं अद्वैत दुवै श्रुतिवाक्यको समन्वय गर्न खोजेको भए तापनि घुमाउरो तरिकाले अद्वैतमा नै समर्थन गर्दै अस्पष्ट अर्थ प्रतिपादन गरे। अतः ११औं शताब्दीमा आउनुभएका शेषावतार श्रीरामानुजाचार्यले समग्र श्रुतिको वास्तविक अर्थ स्पष्ट पार्नुभयो। वेद र त्यसका विवरणहरू स्मृति, पुराण, इतिहासहरूमा स्पष्टरूपमा द्वैत एवं अद्वैत श्रुतिहरूको समन्वय गर्ने घटक श्रुति(समन्वयात्मक श्रुति)लाई आधार बनाएर महर्षि बोधायन आदि आचार्यले उपनिषद् र ब्रह्मसूत्रको विवरण गरेको कुरा परम्पराबाट अवगत भएपछि श्रीरामानुजाचार्यले त्यसको

खोजी गरी त्यसलाई नै आधार बनाएर सम्पूर्ण उपनिषद्को सारार्थरूप वेदार्थ संग्रह र ब्रह्मसूत्रको भाष्य (श्रीभाष्य)को रचना गर्नुभयो । त्यसरी नै प्रस्थानत्रयीका रूपमा प्रसिद्ध उपनिषद्, ब्रह्मसूत्र र गीतामध्ये गीतामा पनि श्रीरामानुजाचार्यले विशेष भाष्य लेख्नुभयो। यी तीन (वेदार्थसंग्रह, श्रीभाष्य र गीताभाष्य) ग्रन्थहरूका माध्यमले समग्र शास्त्रको सार प्रतिपादन गर्नुभयो।

जीव, प्रकृति र ईश्वरको यथार्थ स्वरूप निरूपण गरी तत्त्वत्रयवादलाई स्पष्ट पार्दै जीव र प्रकृति ईश्वर(ब्रह्म)का शेष, र विशेषण हुन् भने ईश्वर ती दुईको शेषी विशेष्य हो, अतः जीव र प्रकृतिरूप विशेषणले युक्त भएको विशेष्य ईश्वर एक अर्थात् अद्वैत छ भन्ने देखाउँदै विशेषणयुक्तलाई विशिष्ट भनिने हुँदा त्यस्तो जीवविशिष्ट र प्रकृतिविशिष्ट ब्रह्म एक अर्थात् अद्वैत छ भन्ने सिद्धान्त प्रतिपादन गर्नुभयो। यसरी श्रीभाष्यकार रामानुज स्वामीजीले सम्पूर्ण श्रुतिहरुको वास्तविक अर्थ स्पष्ट पार्नुभयो।

**भेदो वा अभेदो वा द्व्यात्मकता वा कोऽयमर्थः समर्थितो भवति ? सर्वस्यापि वेदवेद्यत्वात् सर्वं समर्थितं-भवति** (वेदार्थसंग्रह) यस्ता वचनहरूद्वारा श्रीरामानुजाचार्यले विशिष्टाद्वैत सिद्धान्तमा सम्पूर्ण श्रुतिहरूको समन्वय गर्नुभएको स्पष्ट छ। यस प्रकार श्रीरामानुजाचार्यले प्रतिपादन गरेको यस वेदान्त-दर्शनलाई विशिष्टाद्वैत वेदान्तदर्शन भनिन्छ । अब यहाँ यस दर्शनको सार प्रतिपादन गरिँदै छ । यद्यपि यतिले मात्र यस दर्शनका सबै कुरा बुझ्न गाह्रो हुन्छ, तथापि जिज्ञासु महानुभावहरूलाई दिग्दर्शन हुन सक्छ भनेर यो प्रयत्न गरिएको हो । यहाँ पहिले प्रत्येक विषयको सूत्रात्मक शैलीले परिचय

दिँदै पुनः आवश्यकता–अनुसार कतै कतै विशेष विवरण समेत दिइएको छ :–

## तत्त्वत्रय (चित् तत्त्व, अचित् तत्त्व र ईश्वर तत्त्व)को परिचय

### ३) चित् (जीव) तत्त्व

यहाँ चित् भनेको जीव हो । यो ज्ञानवान् भइकन ज्ञानस्वरूप छ। यसको परिमाण स्वरूपतः अणु मानिन्छ तर उसको धर्मभूत ज्ञानरूप चैतन्य व्यापक भएकाले तत्तत्–शरीरमा चैतन्यानुभूति हुन्छ । स्वरूपतः जीव स्वच्छ, शुद्ध, निर्मल स्वभावको हुन्छ, तथापि प्रकृतिसँगको सम्बन्धले यसको स्वाभाविक स्वरूप ढाकिएको हुन्छ । भिन्न–भिन्न शरीरमा सुख–दुःख आदिको भोग गर्ने जीवहरू भिन्न–भिन्न मानिन्छन्। त्यसैले जीवको अनेकत्वलाई स्वीकार गरिन्छ।

**क) जीवात्माको अनेकता एवं स्वरूप(विशेष विवरण) :–**

प्रत्येक व्यक्तिले 'म' 'म' भनी अनुसन्धान गरिने वस्तु जीवात्मा हो। यी अनेक भए तापनि एकै जातका, एकै आकारका एवं धर्मका हुनाले यिनको लागि शास्त्रमा कतै एकत्वको व्यवहार(आत्मा एक छ भन्ने व्यवहार) पनि भएको देखिन्छ । जस्तै **'अजो नित्यः शाश्वतोऽयं पुराणः'** इत्यादि शास्त्रवचनहरूमा जीव एक नै भएझैं एकवचनको प्रयोग छ तर यो प्रयोग धानको थुप्रो भनेझैं समुदायका निमित्त गरिएको हो । आत्माद्वारा मेरा भनिने शरीर, इन्द्रिय, मन, प्राण आदि सबै वस्तुहरू उसदेखि भिन्न हुन्। म भनिने पदार्थ चेतनरूप

आत्मजातिको हो । मेरा भनिने वस्तु जडभूत प्रकृति जातिका हुन् । जड र चेतन यी दुवैको भेद निश्चित छ। चैतन्य भनिने ज्ञान पनि आत्मामा रहने धर्मभूत वस्तु भएकाले उसदेखि अलग्गै छ। चैतन्य धर्मको आश्रय बनेको चेतन धर्मी हो र यही आत्मा हो । जो जसमा रहेर नै स्वरूप लाभ गर्दछ, त्यो त्यसको धर्म हो। यस नियम अनुसार आत्मामा नित्य रहने ज्ञान आत्माको धर्म हुन्छ र आत्मा उसको धर्मी (आश्रय) मानिन्छ। अतः आत्माश्रित ज्ञानलाई धर्मभूत ज्ञान भन्दछन् । चैतन्यरूप धर्म मात्र आत्मा हुन सक्तैन, किनभने धर्म स्वयं धर्मी हुन सक्तैन । जस्तै– चिनीको गुलियो रस चिनी हैन, गुलियो रस भएको द्रव्य चाँहि चिनी हो । धर्मभूत ज्ञान पनि धर्मी आत्मा जस्तै अविनाशी भए पनि सङ्कोच र विकासको आश्रय छ, अर्थात् जीवात्माका ज्ञानको कहिले विस्तार र कहिले सङ्कोच हुने गर्दछ। यो आफ्ना धर्मी (आत्मा) को निमित्त स्वतः प्रकाशशील भई घटपटादि विषयको प्रकाशक पनि हो । यसै ज्ञानलाई विषय अनुकूल भएमा सुख र विषय प्रतिकूल भए दुःख भनिन्छ। यद्यपि यो ज्ञान अत्यन्त सुखरूपमा स्फुरित हुने आत्मधर्म हो, तथापि संसारमा जीवले पाप–पुण्यको फल भोग गर्ने अवस्थामा यो सुख र दुःख दुबै रूपमा देखा पर्दछ। मोक्ष अवस्थामा भने कुनै पनि वस्तु प्रतिकूल रूपमा नरहने हुँदा यो धर्मभूत ज्ञान आत्माका लागि सुख एवं आनन्द रूपमा मात्र पूर्ण प्रकाशित हुन्छ। सूर्यको प्रकाशलाई बादलले ढाकेझैं संसारमा परेको अवस्थामा आत्माका धर्मभूत ज्ञानलाई स्थूल एवं सूक्ष्म शरीररूप प्रकृतिको पर्दाले ढाकिदिएकाले अत्यन्त सङ्कुचित

अवस्थामा रहन्छ। भगवत्प्राप्तिरूप मोक्षावस्थामा उक्त पर्दा हटेर पुण्य–पापको स्रोत बन्द भएपछि यो ज्ञान सर्वत्र फैलिन पाउने हुँदा त्यस बेला यो जीव सर्वज्ञ बन्दछ। धर्मी आत्मा अत्यन्त सूक्ष्म एवं अणु छ। कसैले प्रकाशित गर्न नपर्ने हुनाले यसलाई स्वयंप्रकाश भनिएको छ। आफ्ना निमित्त आफैं प्रकाशित हुने हुनाले यसलाई प्रत्यक् पनि भन्दछन् । सबै कारणहरू लीन भएको सुषुप्ति अवस्थामा पनि आत्मा प्रत्यक् रूपमा प्रकाशित भइ नै रहेको हुन्छ। **सुखमहमस्वाप्सम् अर्थात् "म आनन्दसँग सुतें"** यस अनुभवले सुषुप्ति अवस्थामा पनि आत्मा अनुकूल रूपमा प्रकाशित भइरहेको हुन्छ भन्ने ज्ञान निद्राबाट उठेपछि हुन्छ। स्वतःप्रकाशरूप हुनाले यो आत्मा पनि ज्ञान एवं विज्ञान आदि ज्ञानवाचक पदको वाच्य हुन्छ। सङ्क्षेपमा भन्नुपर्दा 'म' भनेर बुझिने तत्त्व नै आत्मा हो।

**ख) जीवात्माको भेद :–** जीवात्माहरू ३ प्रकारका हुन्छन्– क) बद्ध जीव ख) मुक्त जीव ग) नित्य जीव ।

**अ) बद्ध जीव**– अनादिकालदेखि संसारमा आफैंले गरेका पुण्यपापरूप कर्महरूले बाँधिएर चौरासी लाख योनिमा फसेका जीवात्माहरू बद्ध जीव हुन्। यी पनि बुभुक्षु र मुमुक्षुका भेदले २ प्रकारका हुन्छन्। यसरी दुःखमय संसारमा फसेर पनि मुक्तिको बाटो नहिँडेका, संसारमै अल्मलिएका बुभुक्षु हुन् भने आफ्नो अवस्था थाहा पाएर मोक्षको चाहना गर्दै आचार्यका माध्यमद्वारा भगवान्का शरणमा परी प्रारब्धकर्मानुसार अन्तिम जन्मको फल भोग्दै गरेका मुमुक्षु जीव हुन्।

**आ) मुक्त जीव**– उक्त प्रकारले पहिले संसारमा फसेको भए पनि

पछि भगवत्कृपा भई सदाचार्यका कृपाद्वारा भक्ति/शरणागति आदिबाट सदाका लागि नित्यकैंकर्य(सेवा) तथा नित्यानन्दको अनुभूति गर्न परमधाम श्रीवैकुण्ठ पुगिसकेका जीवात्माहरू मुक्त जीव हुन् । परमात्मानुभूति गर्ने सायुज्यादि मोक्षप्राप्त जीव र केवल स्वात्मानुभूतिमा रमाउने कैवल्यप्राप्त गरी यी मुक्त जीवहरू पनि २ प्रकारका हुन्छन् । अर्थात् भगवान्को नित्यविभूतिरूप वैकुण्ठधाम पुगेर भगवदनुभव गर्ने जीवहरू सायुज्यप्राप्त मुक्त हुन् भने परमात्माको त्यस अनन्तानन्त आनन्दादि गुणवैभवलाई नबुझेर अति–अल्प सुखवाला केवल शुद्ध आत्माको मात्र अनुभव गर्ने कैवल्य मुक्तिका अधिकारी हुन्छन् ।

**इ) नित्य जीव– सदा पश्यन्ति सूरयः** सूरि अर्थात् नित्यज्ञानवान् जीवात्माहरूले सधैं नै परमात्माको अनुभूति गर्दछन् भन्ने यस्ता अनेकौं श्रुतिस्मृति वाक्यअनुसार सधैं भगवद्धाममै रहने, कहिल्यै पनि कर्मफल भोग्न बाध्य भएर संसारमा नआउने श्रीशेष(अनन्त), गरुड, विश्वक्सेन आदि भगवत्पार्षदहरू नित्य जीव हुन् । भगवत्तुल्य गुणवैभव भएका यी जीव पनि कहिलेकाहीं संसारी जीवको उद्धार गर्न भगवत्–सङ्कल्पलाई बुझेर भगवदाज्ञा लिई संसारमा अवतीर्ण हुन्छन् ।

## ४) अचित् (प्रकृति) तत्त्व

अचित् भनेको प्रकृति हो, यसलाई माया, अविद्या आदि पनि भनिन्छ । प्रकृति त्रिगुणयुक्त छ अर्थात् सत्त्व, रज र तम यी तीन गुणहरू प्रकृतिमा विद्यमान छन् । प्रकृति निरन्तर

परिवर्तनशील छ अर्थात् विभिन्न रूप लिएर सधैं परिणत भइरहन्छ । सबै प्रकारका विकारहरू प्रकृतिकै मानिन्छन् र उसको सम्बन्धले स्वरूपतः शुद्ध जीवात्मा पनि विकारी जस्तै मानिन्छ।

**क) प्रकृतिका भेद –**

यस जडरूप प्रकृतिका २४ भेदहरू छन् :–

१) अव्यक्त, प्रधान आदि शब्दवाच्य सत्त्व, रज, तम ३ गुण भएको मूलप्रकृति हो।

२) मूलप्रकृतिको दोस्रो परिणाम नै महत् तत्त्व हो।

३) महत्तत्त्वबाट परिणत भएर उत्पन्न हुने तत्त्व अहंकार हो। यो तत्त्व "म हुँ" भन्ने यस्तो अभिमानात्मक व्यवहारको हेतु हो । त्रिगुणात्मक मूल प्रकृतिकै परिणाम भएर आएको यो अहंकार तत्त्व पनि स्वतः सात्त्विक, राजस र तामस अहंकारका भेदले तीन प्रकारको हुन्छ । यिनै तीन प्रकारका अहंकारमध्ये राजस अहंकार मिश्रित विकारी संज्ञक सात्त्विक अहंकारबाट एकादश(११) इन्द्रियहरूको उत्पत्ति हुन्छ। त्यसमा ५ ज्ञानेन्द्रियहरू, ५ कर्मेन्द्रियहरू र १ मन (अन्तःकरण) छन्। ती क्रमशः यी हुन् :-

४) गन्ध थाहा पाउने इन्द्रियलाई घ्राणेन्द्रिय(नाक) भनिन्छ।

५) तितो, गुलियो आदि थाहा पाउने इन्द्रियलाई रसनेन्द्रिय (जिब्रो) भनिन्छ।

६) रूपको ज्ञान गराउने इन्द्रिय चक्षुरिन्द्रिय(आँखा) हो।

७) तातो चिसो थाहा पाउने इन्द्रियलाई त्वगिन्द्रिय (त्वचा=छाला) भनिन्छ।

८) शब्दको ज्ञान गराउने इन्द्रिय श्रोत्रेन्द्रिय हो।

यी पाँच इन्द्रियहरूले रूपादि विषयको ज्ञान गराउने भएकाले यिनीहरूलाई ज्ञानेन्द्रिय भनिएको हो।

९) बोल्ने कर्म(कार्य=काम) जसबाट हुन्छ, त्यस इन्द्रियलाई वागिन्द्रय(मुख) भनिन्छ।

१०) कुनै वस्तुलाई समाउने कर्म (कार्य) गर्ने इन्द्रिय नै पाणिरूप इन्द्रिय(हात) हो।

११) हिँड्–डुल्रूप कर्म गर्न सक्ने इन्द्रियको नाम पाद–इन्द्रिय(गोडा) हो।

१२) मल विसर्जनरूप कर्म गर्ने इन्द्रिय पायु–इन्द्रिय (मल विसर्जन गर्ने अंग) हो।

१३) मूत्र विसर्जन एवं मैथुन आदि कर्म गर्ने इन्द्रियलाई उपस्थेन्द्रिय(प्रजनन अंग) भनिन्छ।

यी पाँच इन्द्रियहरूले कर्म(विविध कार्य) गर्ने भएकाले यिनलाई कर्मेन्द्रिय भनिएको हो।

१४) सात्त्विक अहंकारबाट उत्पन्न इन्द्रिय मन हो, जो ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूलाई आ–आफ्ना विषयमा प्रेरणा दिने संकल्पकर्ता बन्दछ।

राजस अहंकार मिश्रित भूतादिनामक तामस अहंकारबाट पाँच तन्मात्राहरूको उत्पत्ति हुन्छ।

१५) तामस अहंकारबाट शब्दतन्मात्रा उत्पन्न हुन्छ, जो आकाश र स्पर्शतन्मात्राको लागि कारण बन्दछ।

१६) त्यसरी नै तामस अहंकारबाट स्पर्शतन्मात्रा बन्दछ, जो वायु र रूपतन्मात्राको कारण हो।

१७) रूपतन्मात्रा, जो तेज र रसतन्मात्राको कारण हो।

१८) रसतन्मात्रा, जो जल र गन्धतन्मात्राका प्रति कारण बन्दछ।

१९) गन्धतन्मात्रा, जसबाट पृथिवी तत्त्वको उत्पत्ति हुन्छ। यी पाँचै तन्मात्राहरू तामस अहंकारबाट उत्पन्न भई आकाशादि महाभूतहरूको उत्पत्तिका लागि कारण बन्दछन् ।

२०) आकाश तत्त्व। २१) वायु तत्त्व। २२) तेज तत्त्व। २३) जल तत्त्व। २४) पृथिवी तत्त्व। यी पाँच महाभूतहरू पहिले तन्मात्राबाट सूक्ष्मतया तत्त्वका रूपमा उत्पन्न हुन्छन् र पछि यिनै तत्त्वहरूबाट स्थूल पृथिवी आदि बन्दछन् र यिनैबाट सम्पूर्ण स्थूल पार्थिव, जलीय, तैजस आदि वस्तुहरूको उत्पत्ति हुन्छ, तर अलग तत्त्वका रूपमा उत्पत्ति नभएर अवस्थान्तर मात्र भएकाले प्रकृतिलाई २४ प्रकारको मात्र भनिएको हो। अतः दृश्यमान सम्पूर्ण चराचर जगत् प्रकृतिकै स्थूलरूप हो र त्यसबाट बनेको हामी सबैको शरीर पनि प्राकृतिक हो।

## ख) प्रकृतिको स्वरूप एवं विवरण

यस संसारमा देखिने सबै वस्तु यसै प्रकृतिबाट बनेका हुन्। मूलरूप (प्रकृति) सूक्ष्म छ। त्यसैको कार्यावस्था (स्थूल अवस्था) यो देखिने संसार हो। मनुष्य, पशु आदिका शरीर तथा पृथ्वी, जल आदि देखिने सबै वस्तु प्रकृति (अचित्) हुन्। यी सबैमा चित् चैतन्य (ज्ञान) नभएकोले यिनलाई अचित् भनेको हो। यस शरीरमा रहने दश इन्द्रिय, मन, बुद्धि र प्राणवायु पनि प्रकृतिकै कार्य भएकाले अचित्(प्रकृति)भित्रै पर्दछन्। सृष्टि

अवस्थामा जड प्रकृतिमा कुनै चेतनको सहायता विना स्वतः परिणाम हुन नसक्ने हुँदा प्रकृतिद्वारा संसार रच्ने ईश्वर प्रकृतिका भित्र चेतन जीवलाई प्रवेश गराई स्वयं त्यस जीवको अन्तर्वर्ती भएर संसारको धारक, नियामक तथा सञ्चालक बन्नुहुन्छ। सत्त्व, रज र तम यी तीन गुणले युक्त प्रकृतिलाई साधन बनाई ईश्वरले जीवहरूका शुभ र अशुभ कर्मका अनुसार अनेक शरीर प्रदान गरेर उसलाई सुख–दुःख भोगाउनुहुन्छ। प्रकृतिसम्बन्धले भएका पुण्यपापको सुख–दुःखरूप फल जीवले मात्र भोग्छ। अन्तर्यामी भएर साथमै बसेको भए तापनि ईश्वरका अधीन रहेको प्रकृतिबाट उहाँलाई कुनै प्रभाव पर्दैन, त्यसैले उहाँ (ईश्वर) विकार रहित शुद्ध, बुद्ध हुनुहुन्छ। भनिएको पनि छ – **तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्योऽभिचाकशीति** अर्थात् जीवले प्रकृतिरूप वृक्षको फल (सुख–दुःख) भोग्दछ, ईश्वरले भोग्नुपर्दैन । श्रुतिमा प्रकृतिलाई अजा भनिएको छ । निरन्तर परिवर्तनशील भए तापनि कुनै न कुनै रूपमा सधैं रहने र उसको मूल स्वरूपको कहिल्यै पनि नाश नहुने भएकाले नित्य भनिएको हो, किनभने प्रकृतिबाटै समस्त संसार बन्दछ भन्ने कुरो सबै शास्त्रमा प्रसिद्ध छ। यदि प्रकृति अजन्मा निर्विकार हुने हो भने उसको संसाररूपमा परिणाम नै हुने थिएन। प्रकृतिको कार्यावस्थामा विषमरूपले परिणाम भई संसार बनेभैं कारणावस्था (सूक्ष्म दशा) मा पनि सम–परिणाम भइरहन्छ। यस्तो २४ तत्त्वात्मिका प्रकृतिबाट बनेको शरीरलाई नै आत्मा हो भनेर भ्रम हुने भएकाले संसारमा रही जीवात्माले अनेक दुःख–कष्ट भोग्नु परेको छ।

## ५) ईश्वर (परब्रह्म) तत्त्व

ईश्वर सर्वज्ञ, सर्वशक्तिमान् र सर्वव्यापक हुनुहुन्छ । उहाँ नै चराचर जगत्को सृष्टि–स्थिति र प्रलयकर्ता एवं नियन्ता हुनुहुन्छ । अतः उहाँ परब्रह्म परामात्मा श्रीमन्नारायण आदि शब्दवाच्य हुनुहुन्छ ।

**विशेष विवरणः**— सारा जगत् र समस्त जीवका शरीरी एवं आश्रय, आफ्ना इच्छाले प्रकृतिद्वारा सारा जगत्को सृष्टि, स्थिति र प्रलय गर्न समर्थ, स्वरूप र गुणमा केही पनि विकार नभएका निर्विकार परमात्मा नै ईश्वर हुनुहुन्छ । जीवमा स्वरूपको परिवर्तन नभए पनि ज्ञानरूप गुणमा सङ्कोच–विकासरूप परिवर्तन हुने हुनाले स्वरूपतः मात्र निर्विकारता हुन्छ भने प्रकृतिमा स्वरूपगत एवं गुणगत दुबै प्रकारका परिणाम देखिन्छन् तर परमेश्वरमा यी दुबै थरीका विकारको अभाव हुन्छ । परमात्मा जगत्का लागि निमित्त–उपादान दुवै कारण हुनुहुन्छ । यद्यपि उपादान कारणले परिणामी (विकारी) हुनु आवश्यक हुन्छ, तथापि यस उपादानत्वका लागि आवश्यक विकार ईश्वरको शरीरभूत विशेषण आंशमा मात्रै हुन्छ । यस्ता सकलशेषी, सर्वेश्वर, सर्वज्ञ, सर्वशब्दवाच्य परमात्मा हाम्रा स्वामी एवं प्राप्य हुनुहुन्छ । उहाँ अनन्त सामर्थ्यशाली हुनुहुन्छ। संसार बन्धनलाई तोडी मोक्षानन्दको अनुभव गराउने श्रीमन्नारायणलाई प्राप्त गरेर नै यो जीव आनन्दी बन्दछ भनी वेदान्तले भन्दछ।

**क) परमात्माका (स्व)रूपहरू** :— परमात्माका ५ स्वरूपहरू छन् :- १) परस्वरूप २) व्यूहस्वरूप ३) विभवस्वरूप ४)

अन्तर्यामिस्वरूप ५) अर्चावतारस्वरूप। (यस प्रकरणमा स्वरूप भन्नाले भगवान्का रूपलाई बुझ्नु पर्दछ।)

१) **परस्वरूप**– समग्र प्रपञ्चको संकल्पकर्ता एवं सृष्टिस्थितिप्रलयका लागि निमित्तोपादान कारण बन्ने परवैकुण्ठ (नित्यविभूति)मा विराजमान हुनुहुने श्रीमन्नारायण, परवासुदेव, महाविष्णु आदि नामहरूले प्रसिद्ध परब्रह्म लाई नै परस्वरूप परमात्मा भनिन्छ।

२) **व्यूहस्वरूप**– परवासुदेवले गरेको संकल्पलाई पूरा गर्न स्वयं अनिरुद्ध, प्रद्युम्न, संकर्षण आदि रूप धारण गरी सृष्टि, स्थिति, प्रलय आदि कार्य गर्नुहुने परब्रह्मलाई व्यूहस्वरूप परमात्मा भनिन्छ। अन्य विविध कार्य गर्ने हेतुले केशव, नारायण आदि पनि २४ व्यूहस्वरूप मानिन्छन्।

३) **विभवस्वरूप**– व्यूहरूप धारण गररे सृष्टि आदि गरेपछि त्यसमा धर्मस्थापन गर्न अवतरण गरेर यस लीलाविभूतिमा आई विभिन्न लीला–उपदेश आदि गर्नुहुने श्रीराम, श्रीकृष्ण आदिलाई भगवान्को विभव स्वरूप परमात्मा भनिन्छ।

४) **अन्तर्यामिस्वरूप**– सृष्टि भएपछि प्रकृति(शरीर)भित्र बसेका सबै चेतनका भित्र रहेर नियमन/सञ्चालन गर्ने परमात्माको स्वरूपलाई अन्तर्यामी स्वरूप परमात्मा भनिन्छ।

५) **अर्चावतारस्वरूप**– अनादिकालदेखि संसारमा रहेर अनेक दुःख–कष्ट भोग्दै गरेका अज्ञानी जीवहरूलाई उद्धार गर्नका लागि देव, ऋषि, मनुष्य आदिले प्रतिष्ठा गरेपछि भक्तवत्सल भएर भक्तका अधीन रहने अर्चाविग्रह(धातु, पाषाण आदि मूर्तिमा प्रतिष्ठित) परमात्मालाई अर्चावतार

स्वरूप भगवान् भनिन्छ। श्रीरंगनाथ, श्रीवेंकटेश आदि सबै दिव्यदेशहरूमा विराजमान अर्चास्वरूप परमात्मा हुनुहुन्छ। एवं प्रकारले चराचर जगत्को उपादान कारण (कपडाको लागि धागो जस्तै) र निमित्तकारण (घडा बनाउने कुम्हाले जस्तै)एकमात्र परब्रह्म हुनुहुन्छ । जस्तै– माकुरोको जालोको लागि माकुरो स्वयं उपादान कारण र निमित्त कारण हुन्छ । परब्रह्ममा कुनै प्रकारका दूषित प्राकृतिक गुणहरू रहँदैनन्, तर उहाँमा असंख्य कल्याण–गुणहरू रहन्छन्। परब्रह्म ज्ञानवान् भइकन ज्ञानस्वरूप पनि हुनुहुन्छ, उहाँमा ज्ञान, शक्ति, बल, ऐश्वर्य, वीर्य, तेज, आदि शुभ गुणहरू परिपूर्ण रूपमा विद्यमान छन् ।

## ६) सत्कार्यवाद

उक्त चित्, अचित् र ईश्वर तीनवटै तत्त्व सत्य र नित्य छन् । प्रलयावस्थामा पनि सूक्ष्मरूपमा चित् र अचित् परमात्मामा लीन भएर रहेका हुन्छन्, उनीहरूको स्वरूपतः नाश भएको हुँदैन। त्यसैले विशिष्टाद्वैत सिद्धान्तमा शास्त्रसिद्ध सत्कार्यवादलाई स्वीकार गरिन्छ। सत्कार्यवाद भन्नाले उत्पन्न भएको कार्यरूप वस्तु पहिले पनि कारणका रूपमा रहनु हो, किनकि जुन वस्तु कारणका रूपमा रहन्छ, त्यसैले मात्र कार्यरूप प्राप्त गर्दछ, सर्वथा असत् वस्तु अकस्मात् कार्य बनेर देखा पर्न सक्तैन। त्यसैले कार्य हुनलाई कारणको आवश्यकता हुन्छ।

**विशेष विवरण :—** कुनै पनि असत् भन्ने पदार्थ नै हुँदैन। असत् भनेको पदार्थ हुँदै नहुनु हो । एक अवस्थाको पदार्थबाट अर्को

अवस्था प्राप्त हुनुलाई उत्पत्ति भनिन्छ। फेरि त्यस अवस्थालाई छाडेर अर्को अवस्था प्राप्त हुनुलाई नाश भनिन्छ। जस्तै :– पहिले माटो पिण्ड(डल्लो)को रूपमा देखिन्छ, पछि त्यसलाई कुमालेले घडा बनाउने यन्त्रमा राखेर घडाको आकार प्रदान गर्दछ। यहाँ पिण्डले आफ्नो अवस्थालाई छोडी घडाको आकार (अवस्था) प्राप्त गर्नु नै कार्यको उत्पत्ति हुनु हो अर्थात् घडाको उत्पत्ति भनेको माटो घडाको रूपमा परिणत हुनु हो र उत्पन्न कार्यले फेरि पुरानै कारणावस्थालाई प्राप्त गर्नु भनेको नाश हुनु हो अर्थात् नाश भनेको घडा फुटेर माटाको रूपमा परिणत हुनु हो। माटो एउटै हो, तर उसको अवस्थामा रूपान्तरण हुँदा नामान्तर भएको हो। यस दृष्टान्तद्वारा जगत्को सृष्टि एवं प्रलय आदिको व्यवस्था पनि यसरी नै सम्झनुपर्छ।

यसरी हामीले सृष्टि हुनुभन्दा पहिले र प्रलयपछि पनि चित् र अचित् यी दुवै तत्त्व सूक्ष्मरूपले परमात्मामा निहित हुन्छन् भन्ने बुझ्नुपर्दछ। चिदचिदात्मक समस्त प्रपञ्च परब्रह्मको शरीर हो। जस्तै– हस्तपादादिले युक्त भएको पाञ्चभौतिक देह जीवको शरीर हो। जसरी शरीरमा रहेको जीवका सत्ताले शरीरको स्थिति रहन्छ, त्यसरी नै समस्त चेतन, अचेतन पदार्थहरूमा पनि परब्रह्मको सत्ता रहेको हुन्छ अर्थात् उही परब्रह्मले सम्पूर्ण पदार्थभित्र रहेर चेतन, अचेतन दुवैलाई धारण र नियमन गर्नुहुन्छ। प्रपञ्चको उत्पत्ति र नाश भनेको पनि अवस्था विशेष प्राप्तिको नाम हो। परब्रह्म पनि सृष्टि र प्रलय दशामा भिन्न–भिन्न अवस्थामा रहनुहुन्छ। प्रलयदशामा परब्रह्म सूक्ष्मअवस्थायुक्त प्रकृति र जीवहरूमा अन्तर्यामी भएर

रहनुहुन्छ। सृष्टिदशामा स्थूल अवस्थाले युक्त भएर प्रकृति र जीवहरूमा अन्तर्यामी भई रहनुहुन्छ। सूक्ष्मावस्थायुक्त परब्रह्म जीव र प्रकृतिको आत्मा भएर रहनु परमात्माको दोस्रो अवस्था हो। यी दुईमा पहिलो कारण अवस्था र दोस्रो कार्यावस्था हो। उदाहरण :- जस्तै - एउटा माटो पिण्ड-अवस्थाले युक्त हुँदा कारण र घट-अवस्थाले युक्त भएपछि कार्य भनिन्छ अर्थात् पिण्डलाई कारण र घटलाई कार्य भनिन्छ। त्यस्तै प्रकारले परब्रह्मलाई सूक्ष्म अवस्थामा रहँदा कारण र स्थूल अवस्थामा रहँदा कार्य भनिन्छ। यसरी परब्रह्म नै जगत्‌को कारण र जगत्-शरीरक कार्य पनि हो। अतः ब्रह्म जस्तै जीव एवं जगत् पनि सत्य हुन्, मिथ्या होइनन्।

यस प्रकार स्थूल अवस्थामा रहेका चित्, अचित् दुवै तत्त्व परब्रह्मका शरीर हुनुका साथै विशेषण पनि हुन्। यी परब्रह्मका अपृथक्सिद्ध शरीर हुनाले नै विशेषण हुन पुगे। यी दुवैको आत्मा परब्रह्म हो। परब्रह्म यी दुवै विशेषणले विशिष्ट अर्थात् युक्त भएर रहनुहुन्छ। यी विशेषणले विशिष्ट रहनु नै परब्रह्मको विशिष्टता हो। त्यसैले परब्रह्मलाई चित्-अचित् विशिष्ट भनिन्छ अर्थात् जीवात्मा र प्रकृतिले युक्त भएको ब्रह्म नै विशिष्ट ब्रह्म हो। चिद् र अचित् दुवैको अन्तरात्मा भएर रहनु नै परब्रह्ममा जीवको र प्रकृतिको वैशिष्ट्य (सम्बन्धविशेष) हुनु हो। परब्रह्म स्थूल अवस्थामा चिदचिद्‌विशिष्ट र सूक्ष्मावस्थामा पनि चिदचिद्‌विशिष्ट भएर नै रहनुभएको हुन्छ। त्यस्ता परब्रह्म एकमात्र अद्वैत हुनुहुन्छ। अत एव यही सिद्ध भयो कि स्थूल अवस्थायुक्त चिदचित्‌विशिष्ट ब्रह्म र सूक्ष्मावस्थायुक्त चिदचित्

विशिष्ट ब्रह्म यी दुवै विशिष्टको अद्वैत अर्थात् अभेद हुनु नै विशिष्टाद्वैत हो। यही सिद्धान्तलाई विशिष्टाद्वैतसिद्धान्त भनिन्छ।

देव–मनुष्य पशु–पक्षी आदि अनेक जीवहरू पाञ्चभौतिक शरीरमा रहँदा शरीरगत प्राकृतिक धर्म(स्थूलत्व, कृशत्व आदि)को सम्बन्ध जसरी जीवका साथ रहँदैन, त्यसरी नै चिदचिदात्मक जीव–जडमय समस्त जगत्मा परब्रह्म अन्तर्यामी भएर रहँदा पनि जीव र जडका दोषसँग परब्रह्मको सम्बन्ध हुँदैन अर्थात् परब्रह्ममा जीव र जडका दोषहरूको प्रभाव पर्दैन । त्यसैले परमात्मा निर्विकार हुनुहुन्छ।

## ७) मुक्ति र त्यसको उपाय

### क) मोक्षको स्वरूप

जीवहरूका अनादिकालदेखिको अविद्यारूप कर्मका सम्बन्धले स्वाभाविक स्वरूप ढाकिएको हुन्छ । जब जीव कर्मसम्बन्धबाट छुट्कारा पाउँछ, अनि यस प्रकृति मण्डलबाट बाहिर निस्कन्छ। यस्ता प्रकारले प्रकृतिमण्डलबाट निस्केर विरजा पार गरी अप्राकृक लोक त्रिपादविभूति परमपदमा पुगेर यस जीवका स्वाभाविक स्वरूपको आविर्भाव हुन्छ। अनि मात्र परब्रह्म श्रीमन्नारायण प्रभुको अनुभव गर्न पाउँछ । मुक्त जीवात्माहरू प्राकृतिक देहदेखि रहित भएर शुद्धसत्त्वमय अप्राकृतिक देह प्राप्त गरेर वैकुण्ठधाममा भगवान् श्रीमन्नारायणप्रभुको सर्वप्रकारको सेवामा अधिकार–अनुसार प्रभुका इच्छाअनुकूलको कैंकर्य गर्दै त्यसबाट अनन्त आनन्दको अनुभव गर्दछन्। यही नै मोक्ष अर्थात् मुक्ति हो।

**ख) मोक्षको उपाय**

भक्ति एवं शरणागति यी २ लाई मोक्षको उपाय मानिएको छ।

**अ) भक्ति**

मोक्षको सर्वोत्तम उपाय भगवच्चरणारविन्दमा गरिने अहैतुकी भक्ति हो। त्यो भक्ति तेलको धारा झैं अविच्छन्नरूपले अत्यन्त प्रीतिका साथ श्रीमन्नारायण प्रभुका चरणको ध्यान हो । ध्यान गर्नाले पराभक्ति प्राप्त हुन्छ अनि यसैबाट प्रभु मिल्नुहुन्छ। यही मोक्षको स्वरूपलाई श्रीरामानुज स्वामीजीले सिद्धान्तप्रतिपादक आफ्ना ग्रन्थहरूमा यसरी विवेचना गर्नुभएको छ :-

**विशेष विवरण**

श्रीभगवद्रामानुज स्वामीजीले आफ्नो **श्रीभाष्यग्रन्थ**को अत्त्रधिकरणको अन्तिम (अ.१ पा.२ सू.१२को अन्तिम)मा पूर्वपक्षीहरूले बताएको मोक्षको स्वरूपको प्रसङ्गलाई संक्षेपमा निरूपण गरेर विशिष्टाद्वैत वेदान्तीहरूको मोक्षको स्वरूलाई पनि परिमित एवं सुगम्भीर पङ्क्तिहरूद्वारा सारांशमा वर्णन गर्नुभएको छ :—

**त्रय्यन्तनिष्णातास्तु निखिलजगदेककारणस्य, अशेषहेयप्रत्यनीकानन्तज्ञानानन्दैकस्वरूपस्य ........ परमात्मानुभवमेव मोक्षमाचक्षते ।** कर्मयोग र ज्ञानयोगद्वारा सहकृत भक्तियोग(उपासना)को माध्यमले भगवान्को दर्शन गरेर प्रकृतिबन्धनदेखि विमुक्त भएर अर्चिरादिमार्गबाट भगवान्को दिव्यदेश श्रीवैकुण्ठलाई प्राप्त गरेर उहाँका स्वरूप, रूप,

गुण, विभव र ऐश्वर्यहरूको अनुभव गर्दै स्वामी परमात्माको शाश्वत महानन्दको पात्र बन्नु नै मोक्ष हो।

**आ) शरणागति**

उक्त प्रकारको भक्ति पनि अनादिकालदेखि संसारसागरमा डुबेर अनेकौं पापकर्महरू गर्ने हामीजस्ता जीवात्महरूले गर्न सक्तैनौँ भनेर सर्वसुलभ मार्ग शरणागतिलाई आचार्यहरूले शास्त्रसारको रूपमा प्रतिपादन गर्नुभएको छ। शरणागतले प्रतिदिन आफूबाट गरिएका या गरिने कर्मको कर्तृत्व र कर्मफलको कामना सबै परब्रह्मका श्रीचरणमा सुम्पेर आफूलाई सेवक, परब्रह्मलाई स्वामी र वर्णाश्रमोचित नित्य नैमित्तिक वैदिक कर्मानुष्ठानलाई परब्रह्मको सेवा हो भन्ने जान्नुपर्दछ।

**८) तत्त्वमसि आदि श्रुतिको अर्थ**

हामी सबैले अहम्=म, अहम्=म भनेर अनुभव गर्ने पदार्थ ईश्वरको स्व अर्थात् धन(उसकै अधीनमा रहने वस्तु जीवात्मा) हो र ईश्वर यसका स्वामी हुनुहुन्छ। प्रकृति र जीव परमात्माका शरीर (अपृथक्सिद्ध विशेषण) भएकाले यी परमेश्वरदेखि सर्वथा भिन्न हुन सक्दैनन्। शरीरवाचकका रूपमा प्रसिद्ध शब्दको अर्थ शरीरविशिष्ट शरीरी पनि भएको कुरा लोकमा देखिन्छ। जस्तै देवदत्तादि शब्द यद्यपि जन्मेका एकादश दिनमा शरीरका बोधको निमित्त प्रयोग गरिएका हुन् तापनि ती शब्द शरीरविशिष्ट शरीरीका नै बोधक हुन्छन्। यसै प्रकार शरीरभूत जीव एवं प्रकृतिका मात्र वाचक भनेर लोकमा प्रसिद्ध शब्द पनि जीव-प्रकृतिविशिष्ट ईश्वरका नै बोधक

हुन्छन् । लोकमा वाच्यको एक छेउलाई पुरै वाक्य सम्झी देवदत्त आदि पदको शरीरयुक्त जीवात्मा मात्र वाच्य मानिन्छ तापनि **वेदान्त ज्ञान भएपछि शब्दशक्तिको पूर्ण ज्ञान भएर तत्तत् प्रकारक जीवात्मा विशिष्ट परमात्मा नै समस्त शब्दको अर्थ हो** भन्ने कुरा सम्झन सकिन्छ। यस नीतिको अनुसरण गर्दा मात्र **वेदैश्च सर्वैरहमेव वेद्यः** यो भगवान्को वाक्य पनि सत्य हुन्छ । **हन्ताहमिमा तिस्रो देवता अनेन जीवेनात्मनानुप्रविश्य नामरूपे व्याकरवाणि** यस वेदवचन अनुसार शरीरविशिष्ट–जीवात्मा–विशिष्ट परमात्मा नै सबै शब्दको पूर्ण अर्थ हो भन्ने कुरा स्पष्ट हुन्छ। यस प्रकार **तत्त्वमसि, अहं ब्रह्मास्मि, सोऽहमस्मि** इत्यादि वाक्यगत त्वम्, अहम् इत्यादि पदहरू पनि शरीरविशिष्ट जीवका अन्तर्यामी परमात्माका बोधक हुन् । **यस्यात्मा शरीरम्** इत्यादि अन्तर्यामी ब्राह्मणरूप श्रुतिवाक्यका अनुसार सबैका अन्तर्यामी परमात्मा हुनुहुन्छ भन्ने कुरा स्पष्ट छ।

उक्त प्रकारले शरीरशरीरीभाव स्वीकार गर्नाले अन्यत्र भएका अभेदपरक श्रुतिहरूको पनि शरीरशरीरीभावपरक नै अर्थ गर्नुपर्दछ। त्यसैले उपनिषद्मा श्वेतकेतुनामक शिष्यलाई गुरुले तत्त्वोपदेश गर्ने क्रममा आएको **तत्त्वमसि** वाक्यमा तत्– यस पदको अर्थ हो – सर्वज्ञ जगत्कारण ब्रह्म, एवं त्वम्–यस पदको अर्थ हो – श्वेतकेतुनामक जीवात्माका अन्तर्यामी परमात्मा । अतः यस वाक्यको समग्र अर्थ भयो – हे श्वेतकेतु ! तत् – त्यो जगत्कारण ब्रह्म, त्वम् – तिम्रो अन्तर्यामी हो अथवा तिमी जगत्कारण ब्रह्मात्मक हौ। यहाँ त्वम् (युष्मत्) शब्दवाच्य अर्थ

स्वतः अभिधाद्वारा नै सिद्ध हुने भएकाले अद्वैतमतमा स्वीकार गरेजस्तै लक्षणावृत्ति स्वीकार गर्नुपर्ने कुनै आवश्यकता छैन, किनकि मुख्यार्थको बाध भएमा मात्र लक्षणा गर्न पाइन्छ। अतः जीव र ईश्वर अभिन्न होइनन् किन्तु जीव ईश्वरको शरीर हो अर्थात् अपृथक्सिद्ध विशेषण हो।

## ९) उपसंहार (विशिष्टाद्वैत वेदान्तको निष्कर्ष)

सुप्रसद्धि उपनिषद्हरूमध्ये श्वेताश्वतर, सुबाल, कौषीतकी, आदि उपनिषद्हरूमा विद्यमान मन्त्रहरूमाथि चर्चा गरेर ब्रह्मतत्त्व जगद्कारणको रूपमा निष्कर्ष गरेर त्यस ब्रह्मप्राप्तिको लागि साधनको रूपमा उपनिषद्हरूद्वारा विधान गरिएको उपासना(भक्ति)लाई कर्म एवं ज्ञानरूप अङ्गसहित परिशीलन गरेर शाश्वत् ब्रह्मानन्द प्राप्तिरूप मुक्तिको स्वरूप प्रतिपादन गरेर यस मार्गको अवलम्बन गरी उज्जीवन प्राप्त गर्नु भनेर महर्षि वेदव्यासजीले राम्रो राजमार्ग देखाउनुभयो। लोकको लागि ब्रह्मसूत्रहरूमा यसरी उपदेश गर्नुभएका वेदव्यासजी ब्रह्मवेत्ताहरूमा अग्रगणनीय हुनुहुन्छ। महर्षिद्वारा ग्रन्थको भिन्न-भिन्न अधिकरणहरूका सूत्रहरूमा ग्रहण गरिएका सबै उपनिषद् वाक्यहरूका सन्दर्भको परिशीलन गरेर अति समञ्जस अर्थहरूको निरूपण गरी प्रामाणिक रूपले समन्वयको मार्ग देखाउने महापुरुष श्रीभगवद्-रामानुज स्वामीजी एकमात्र हुनुहुन्छ भनेर निष्पक्षपात गरी ग्रन्थहरूको विमर्श गरेका विद्यावेत्ताहरूले बताउनुभएको छ। श्रीमद्भगवद्-रामानुज स्वामीजीले आफूले दर्शन गरेको बोधायन वृत्तिलाई आधार बनाएर द्रविड

भाष्यादि ग्रन्थहरूको परिशीलन गरेर ब्रह्मसूत्रहरूमाथि रचना गरेको श्रीभाष्य प्रबन्धले श्रीवेदव्यासजीको हृदयगत सिद्धान्त विशिष्टाद्वैत नै हो भन्ने विषयलाई वास्तविक रूपमा स्थापित गरेको छ।

उपनिषद्हरू, भगवद्गीता आदि विविध स्मृतिहरू, ब्रह्मसूत्र र ती ग्रन्थका व्याख्यानहरूमा **परम प्राप्य र उपास्य तत्त्व चिदचिद्विशिष्ट श्रीमन्नारायण नै हुनुहुन्छ** भनेर प्रतिपादन गरिएको छ। उपनिषद्हरूमा **अपहतपाप्मा ............सत्यकामः सत्यसङ्कल्पः** इत्यादि अनेक वाक्यहरूद्वारा निरूपण गरिएअनुसार **श्रियःपति, अखिलहेयरहित अर्थात् सर्वविधदोषले रहित, सर्वज्ञत्व, सत्यसङ्कल्पत्वादि समस्त कल्याण–गुणहरूका आकर(खानी), समस्त चराचर जगत्का कारण, धर्मार्थकाममोक्षरूप चतुर्विध पुरुषार्थहरूका प्रदाता, ब्रह्म–रुद्र–इन्द्रादि सबै देवताहरूका आराध्य हुनुहुन्छ। त्यस्ता सर्वसमर्थ प्रभुको श्रीचरणसन्निधिमा समग्र रूपमा गरिने भक्ति–प्रपत्तिहरूलाई नै मोक्षप्राप्तिका साधन हुन्** भन्ने विषय पनि निरूपण भएको छ। जन्म–जरा–मरणादि संसारसम्बन्धका कारण मानिने पुण्य–पापादि कर्महरूको सम्बन्धलाई पूर्णरूपमा हटाएर अर्चिरादिमार्गद्वारा अप्राकृत दिव्यलोक श्रीवैकुण्ठधाममा पुगी परमपुरुष परमात्माको अनुग्रहपूर्वक सारूप्यादिले युक्त परम आनन्दलाई प्राप्त गरेर पुनरावृत्तिरहित बनी स्वरूपानुरूप भगवद् कैंकयनिष्ठ भएर रहनु नै मोक्ष हो। यही नै श्रीभाष्यादि प्रबन्धहरूमा प्रतिष्ठित श्रीविशिष्टाद्वैत सिद्धान्त हो। जीव र ईश्वरको भेद, उनीहरूको स्वरूप एवं

स्वभाव, अचित् नामक त्रिगुणात्मक प्रकृतिको स्वरूप आदि विषय श्रीरामानुजसिद्धान्तमा अनेक प्रमाण र सद्युक्तिहरूद्वारा शास्त्रविरुद्ध इतरमतहरूको खण्डन गरेर स्थापित गरिएको छ।

**१०) भगवद्–रामानुजाचार्य प्रतिपादित गीताभाष्यसार :–**

श्रीरामानुजाचार्य स्वामीजीले समग्र वेदान्त सिद्धान्त प्रतिपादन गर्नका लागि आफ्ना परमाचार्य श्रीयामुनाचार्यका ग्रन्थहरूलाई उपजीव्य(मूलस्रोत) बनाउनुभयो । **वेदार्थसंग्रह श्रीभाष्य** आदिका लागि श्रीयामुनमुनिविरचित **सिद्धित्रय** आदिलाई आधार बनाउनु भयो भने गीताभाष्यका लागि **गीतार्थसंग्रह**लाई आधारग्रन्थ बनाउनु भयो । अतः यहाँ अतिसंक्षेपमा गीतारहस्य बताउन उक्त गीतार्थसंग्रहलाई आधार बनाउँदै केही विषयहरू प्रस्तुत गरिँदैछ।

यहाँ सूत्रात्मक शैलीमा विषयसार दिइन्छ :—

**क) कर्मयोग**– तप, दान, तीर्थसेवन, यज्ञादि गर्नु तथा वर्णाश्रमोचित शास्त्रसम्मत कर्महरू निष्काम भावले गर्नु नै कर्मयोग हो।

**ख) ज्ञानयोग**– निष्कामभावले कर्म गर्दै परिशुद्ध आत्माको चिन्तन गर्नु ज्ञानयोग हो।

**ग) भक्तियोग**– परब्रह्म श्रीमन्नारायणमा अनन्यतापूर्वक प्रीति गर्दै निश्चल ध्यानमा रहनु नै भक्तियोग हो र त्यही नै मोक्ष प्राप्तिको उपाय हो।

**घ) मुक्ति/मोक्षको उपाय**–

उपायविरोधी सम्पूर्ण अज्ञान नष्ट भएको साधकलाई

भगवान्को कृपाद्वारा प्राप्त पराभक्तिद्वारा मोक्षप्राप्ति हुन्छ।

**ङ) ज्ञानी भक्त (श्रेष्ठ भक्त)** :- साधकहरूले लौकिक फल (ऐश्वर्यादि), आत्मानुभवरूप कैवल्य र परमात्मानुभवरूप मोक्ष मध्ये कुनै पनि फल चाहन्छन् भने पनि कर्मयोग, ज्ञानयोग अंग भएको भक्तियोगबाट प्राप्त गर्न सक्दछन् तर जो ज्ञानी भक्त (जसलाई परमैकान्ती भनिन्छ) हुन्छन्, उनीहरू पूर्णतया परमात्मामा नै निर्भर रहन्छन् अनि भगवान्को चिन्तन नै सुख र त्यसबाट विमुख हुनु नै दुःख मान्दछन्।

अब सूत्रात्मक शैलीमा अध्यायसार (षट्कानुसारी) अर्थ दिइन्छ :—

१. वेदादि शास्त्रद्वारा बताएको वर्णाश्रमोचित स्वधर्म पालनरूप कर्मयोग, आत्मबोधरूप ज्ञानयोग र प्रकृति(माया)बाट वैराग्य भएपछि हुने विशुद्ध भक्ति(ज्ञानविशेष)को विषय परमात्मा श्रीमन्नारायण हुनुहुन्छ, यही नै सम्पूर्ण गीताशास्त्रको सार हो।

२.आत्मदर्शनरूप ज्ञानयोग एवं वर्णाश्रमोचित तरिकाले निष्कामभावले भगवदाराधनारूपमा गरिएको कर्मयोगको निष्ठाद्वारा नै योगी बनेर आत्मानुभूति गर्न सकिन्छ भन्ने प्रथम षट्क(गीताको १ देखि ६ अध्यायसम्म)को सार हो।

३. यसरी ज्ञानकर्मयोगनिष्ठ भएर आत्मानुभूति गर्ने सिद्धयोगीले परब्रह्म परमात्मा श्रीमन्नारायणको महिमालाई अनुभव गर्दै उहाँको निरन्तर चिन्तनरूप भक्ति**(तैलधारावद् अविच्छिन्न स्मृतिसन्ततिः भक्तिः)**योगको वर्णन दोस्रो षट्क(गीताको ७-१२ अध्यायसम्म)मा गरिएको छ।

४. प्रकृति, जीव र परब्रह्मको विवेचना गर्दै कर्मयोग, ज्ञानयोग र भक्तियोग आदि विषयहरू यहाँसम्म (गीताको १ देखि १२

अध्यायसम्म) जे–जति बताइए, त्यसको अवशिष्ट सम्पूर्ण शास्त्रसार (उपसंहार) तेस्रो षट्क(गीताको १३देखि १८ अध्यायसम्म)मा बताइएको छ। यसका साथै ज्ञानकर्मयोगद्वारा साध्य भक्तियोग पनि सर्वसुलभ नहुने भएकाले प्रपत्तियोग (भगवत्शरणागतियोग) नै सर्वसुलभ मोक्षप्राप्तिको आधार हो भन्नु सम्पूर्ण गीताशास्त्रको निष्कर्ष हो।

निष्कर्षमा भन्दा यसरी गीता, ब्रह्मसूत्र र उपनिषद(वेद) को यथार्थ बताएर श्रीरामानुज स्वामीजीले श्रुतिस्मृतिहरूलाई पनि अनुगृहीत गर्नुभयो। अतः उहाँले प्रतिपादन गरेको यो दर्शन सर्वोत्कृष्ट छ। समस्त अज्ञानरूपी अन्धकारलाई दूर गर्ने दर्शन नै श्रीविशिष्टाद्वैत दर्शन हो। श्रीमन्नाथमुनि स्वामीजीले योगदशामा साक्षात्कार गरेको, श्रीयामुनमुनिले अनेक ग्रन्थरचनाको माध्यमले बढाएको र श्रीभगवद्रामानुज स्वामीजीले सबैतिरबाट रक्षा गर्नुभएको यो दर्शन, वज्रकवच जस्तो प्रतिपक्षीहरूका लागि अभेद्य दर्शन हो। त्यसैले कवितार्किककेसरी, सर्वतन्त्रस्वतन्त्र श्रीवेदान्तदेशिक स्वामीजीले आफ्नो तत्त्वमुक्ताकलाप ग्रन्थमा भन्नुभएको यस श्लोकसँगै यो विशिष्टाद्वैत परिचयात्मक लघु ग्रन्थ पूर्ण हुन्छ :–

**नाथोपज्ञं प्रवृत्तं बहुभिरुपचितं यामुनेयप्रबन्धैः।**
**त्रातं सम्यग्यतीन्द्रैस्तदिदमखिलतमः कर्शनं दर्शनं नः॥**
(तत्त्वमुक्ताकलाप ५/१३६)

॥ जय श्रीमन्नारायण ॥


# श्रीवैष्णव परिषद् एवं युवा परिषद्द्वारा प्रकाशित ग्रन्थहरू

१) पञ्चसूक्तानि, तैत्तिरियोपनिषच्च
२) अष्टश्लोकी (मन्त्रार्थ) नेपाली व्याख्या सहित
३) अर्चिरादिमार्ग (नेपाली व्याख्या सहित)
४) नेपालीय आद्य जगद्गुरु योगिराज श्रीकमलनयनाचार्य स्मृतिग्रन्थ
५) प्रपन्नामृत (नेपाली व्याख्यासहित)
६) रामानुज सन्देश पत्रिका
७) श्रीरामानुजाचार्य एवं विशिष्टाद्वैत दर्शन

**प्रकाशोन्मुख ग्रन्थहरू:**

१) श्रीमद्रामानुजाचार्य विरचित गीताभाष्य (नेपाली व्याख्या सहित)
२) श्रीमद्रामानुजाचार्य विरचित वेदार्थसंग्रह (नेपाली व्याख्या सहित)
३) श्रीमद्रामानुजाचार्य विरचित वेदान्तदीप (ब्रह्मसूत्र संक्षिप्त व्याख्या) (नेपाली व्याख्या सहित)
४) श्रीमद्रामानुजाचार्य विरचित गद्यत्रय (नेपाली व्याख्या सहित)
५) सहस्रगीति (नेपाली अनुवाद सहित)

## भगवद्-रामानुजाचार्य जन्मसहस्राब्दी महोत्सव २०७३/०७४को पावन अवसरमा देवघाटधाम, नेपालमा स्थापित वैभव विग्रह (विशाल मूर्ति)



सर्वदेशदशाकालेष्वव्याहतपराक्रमा ।
रामानुजार्यदिव्याज्ञा वर्धताम् अभिवर्धताम् ॥
(श्री) रामानुजार्यदिव्याज्ञा प्रतिवासरमुज्ज्वला ।
दिगन्तव्यापिनी भूयात् सा हि लोकहितैषिणी ॥

ग्रन्थ प्रकाशनका लागि आर्थिक सहयोगी अनन्त श्रीविभूषित मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यका शिष्य श्री श्रीकृष्ण आचार्य एवं श्रीमती सीता आचार्य, गोल्फुटार, काठमाडौं

print @ **Quality Press**, Bharatpur, 056-526701